स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक

# हाम्रो जैमिनी

## कक्षा ६


जैमिनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बागलुङ, नेपाल

प्रकाशक : जैमिनी नगरपालिका कार्यालय
बागलुङ, नेपाल

प्राविधिक सहकार्य : नेपाल प्राज्ञिक अध्ययन अनुसन्धान केन्द्र, रूपन्देही

सर्वाधिकार : प्रकाशकमा निहित

संस्करण : वि.सं. २०८३, प्रथम

मूल्य : रू. ............ /-

डिजाइन : तिनाउ डिजिटल सर्भिस, तानसेन, रुपन्देही, नेपाल
श्रीपुराण बि.टी 'पूजन'

मुद्रण :

यस पाठ्यपुस्तकसम्बन्धी सम्पूर्ण अधिकार शिक्षा युवा तथा खेलकुद शाखा जैमिनी नगरपालिकामा निहित छ। यस नगरपालिकाको लिखित स्वीकृतिबिना पूर्ण वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरी प्रकाशन गर्न तथा विद्युतीय साधन वा अन्य प्रविधिबाट कपी गर्न तथा अभिलेख उतार गर्न पाइने छैन।

# जैमिनी सांस्कृतिक गान

जैमिनिको तपोभुमी, पूर्व काली गङ्गा ।
हात्तीढुङ्गा, शंखेढुङ्गा, हाडिकोटमा चङ्गा ॥

अनेक जाती, भाषा, धर्म, संस्कृतिको खानी ।
सालैजोमा उर्वरभूमि पैयुँ, राङखानी ॥

सेरा, दमेक, बिनामारे, पुरानोगाउँ हाम्रो ।
छिस्ती, जैदी, सर्कुवामा माइकोस्थान राम्रो ॥

अर्जेवामा देवीस्थान, शिरमा गाजादह ।
धान, मकै, गहुँ, कोदो फल्छन् लहलह ॥

ऊर्जा खोला, माघि मेला, स्वावलम्बी हामी ।
सुख, शान्ती, समृद्धि हाम्रो जैमिनी ॥
सुख, शान्ती, समृद्धि जय जैमिनी ॥।


**रचनाकार**

नवीन पौडेल
जैमिनी नगरपालिका वडा नं. ४
सर्कुवा, बागलुङ ।

# प्रकाशकीय

जैमिनी नगरपालिकाद्वारा तयार पारिएको स्थानीय पाठ्यक्रमका विषयवस्तु, क्षेत्र र क्रममा आधारित रहेर हाम्रो जैमिनी पाठ्यपुस्तक प्रकाशित गरिएको छ । जैमिनी नगरपालिकाको सामाजिक, आर्थिक, कला, संस्कृति, सांस्कृतिक, धार्मिक, नैतिक, पर्यटकीय, औद्योगिक, स्वास्थ्य, व्यापारिक, कृषि जस्ता विषयमा विद्यार्थीलाई जानकारी गराई नैतिकवान्, अनुशासित, र सृजनशील नागरिक तयार गर्न मद्दत पुऱ्याउने उद्देश्यका साथ स्थानीय पाठ्यक्रम निर्माण गरी पाठ्यपुस्तक निर्माण गरिएको हो । यस पाठ्यपुस्तकमा स्थानीय पुरातात्त्विक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक, पर्यटकीय स्थलहरू तथा सेरोफेरोका महत्त्वपूर्ण स्थल एवम् विषयवस्तुहरू समावेश गरिएको छ। यस पुस्तकको अध्ययनबाट विद्यार्थीले आफ्नो पालिकाको भौगोलिक अवस्थिति, स्थानीय ऐनकानुन, सेवासुविधा, स्थानीय संस्कृति, चाडपर्व, जातजाति, सामाजिक अनुशासन, कृषि, प्राकृतिक चिकित्सा, जडीबुटी र परम्परागत सिपका बारेमा जानकारी लिन सक्ने छन् । जैमिनी नगरपालिकाअन्तर्गतका विद्यालयहरूबाट आधारभूत तह उत्तीर्ण गरेका विद्यार्थीले आन्तरिक वा बाह्य पर्यटकहरूलाई मार्गदर्शन गर्न सकून् भन्ने अपेक्षा राखी पाठ्यक्रम निर्माण र पाठ्यपुस्तकको प्रकाशन गरिएको हो । **'हाम्रो जैमिनी'** पाठ्यपुस्तकको लेखन तथा सम्पादन कार्यको जिम्मेवारी लिने संस्था नेपाल प्राज्ञिक अध्ययन अनुसन्धान केन्द्र, रूपन्देही र पाठ्यपुस्तक लेखकहरू डा. शालिकराम पौड्याल, डा. प्रेमप्रसाद तिवारी र झपिन्द्रबहादुर क्षेत्रीप्रति हार्दिक आभार व्यक्त गर्दछौँ ।

प्रस्तुत पाठ्यपुस्तकको निर्माणमा सहयोग गर्नुहुने प्रमुख प्रशासकीय अधिकृतज्यू, शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुखज्यू, नगरपालिकाका कर्मचारीज्यूहरू, विभिन्न सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकज्यू, विषयशिक्षक, स्थानीय शिक्षाविद्, विभिन्न राजनीतिक दलका प्रतिनिधिज्यूलगायत सम्पूर्ण जैमिनीवासीप्रति हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछौँ ।

अन्त्यमा पाठ्यक्रम तथा पाठ्यपुस्तक परिवर्तन निरन्तर प्रक्रिया भएकाले आगामी दिनमा सरोकारवाला निकाय, शिक्षक, विद्यार्थी, अभिभावक, पाठक र विद्वान्हरूबाट प्राप्त रचनात्मक सुझावका आधारमा परिमार्जन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दछौँ । प्रस्तुत पाठ्यपुस्तक शैक्षिक सत्र २०८३ देखि जैमिनी नगरपालिकामा रहेका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयमा पठनपाठन हुने कुरामा विश्वस्त छौँ ।

हरिहर शर्मा
उपप्रमुख

नरबहादुर पुन
प्रमुख

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागलुङ

# हाम्रो जैमिनी पाठ्यपुस्तकप्रति शुभेच्छा

शिक्षा मानव विकासको आधार हो। शिक्षा मानव चेतनाको जग हो। शिक्षा मानिसको आन्तरिक व्यक्तित्वको अभिव्यक्ति हो। मानिसलाई सतत विकासको यात्रामा लैजाने आधार भनेकै शिक्षा हो। शिक्षाको बलियो काँधमा समाजका आवश्यकता अडिएका हुन्छन्। समाजलाई विकासको यात्रामा सफल अवतरण गराउने माध्यम नै शिक्षा हो। मानिसभित्रका जडता तथा अज्ञानतालाई हटाएर उज्यालो संसारमा विचरण गराउने सामर्थ्य शिक्षाको प्रकाशमा नै रहन्छ। नियम, अनुशासन, मर्यादा आदिलाई जागृत गराएर मानिसमा रहेको कमजोरीलाई शक्तिमा परिवर्तन गर्ने आधार भने कै शिक्षा हो। शिक्षा सबल र स्पष्ट बन्दा समाजले विकासमा फट्को मार्न सक्छ। शिक्षा कमजोर भइदिँदा समाजका सबै पक्ष अन्योलमा पर्छन्। यही आधारमा समाजको विकास शिक्षामा निर्भर हुन्छ भन्ने कुरामा हामी स्पष्ट हुन सक्छौँ। जैमिनी नगरपालिकाले शिक्षाको सर्वतोमुखी परिवर्तनको अपेक्षा गरेको छ। हामी हाम्रो जैमिनी नगरपालिकालाई शिक्षाका माध्यमबाट परिवर्तनको नयाँ संरचनामा लैजान चाहन्छौँ। यही शैक्षिक परिवर्तनको चाहनालाई मूर्तीकरण गर्ने आधारका रूपमा हाम्रो जैमिनी पाठ्यपुस्तक तयार भएको छ। यसले हाम्रो जैमिनी नगरपालिकाका मौलिक पहिचानलाई अगाडि ल्याउने काम मात्र गरेको छैन, बरु यहाँका विद्यार्थीलाई जैमिनी नगरपालिकाका मुख्य पहिचानका क्षेत्र निर्धारण गर्नसमेत मद्दत पुऱ्याएको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को जगमा उभिएर निर्माण गरिएको पाठ्यक्रमलाई पछ्याएर निर्माण गरिएको हाम्रो जैमिनी पाठ्यपुस्तकले यहाँका धेरै विषयलाई स्थान दिएको छ। यस पुस्तकका माध्यमबाट हाम्रा भावी सन्ततिले आफ्नो मातृभूमिको स्पष्ट चिनारी पाउने छन्। यस्तो

महत्त्वपूर्ण कार्यलाई सार्थक बनाउनका लागि सधैँ खटिनुहुने नेपाल प्राज्ञिक अध्ययन अनुसन्धान केन्द्रका लेखक डा. शालिकराम पौड्याल, डा. प्रेमप्रसाद तिवारी तथा झपिन्द्रबहादुर क्षेत्रीलाई हार्दिक आभार प्रकट गर्दछु। पाठ्यपुस्तक निर्माण कार्यमा अहम् भूमिका निर्वाह गर्नुहुने जैमिनी नगरपालिका, शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख मिरादेवी शर्मालाई हार्दिक आभार प्रकट गर्दछु। हाम्रो जैमिनी पाठ्यपुस्तकले जैमिनीवासीका चाहना परिपूर्ति गर्ने छ भन्ने कुरामा म पूर्ण विश्वस्त छु।

श्रीकृष्ण पौडेल

प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची



| एकाइ / पाठ | शीर्षक | पृष्ठ न. |
|---|---|---|
| एकाइ : एक | जैमिनी सेरोफेरो | १ |
| पाठ एक | हाम्रो नगरपालिका | २ |
| पाठः दुई | हाम्रा शैक्षिक संस्था | ५ |
| एकाइ : दुई | हाम्रो जनसङ्ख्या | १७ |
| पाठः तीन | हाम्रा धार्मिक तथा सांस्कृतिक स्थल | ११ |
| पाठः चार | हाम्रा जातजाति र वेशभूषा | २१ |
| पाठः पाँच | सार्वजनिक ठाउँको सुरक्षा | २६ |
| पाठः छ | हाम्रा जडीबुटी र वन्यजन्तु | ३३ |
| पाठः सात | हाम्रो साहित्य | ३२ |
| एकाइ : तीन | जैमिनीको जीवनशैली र उद्यमशीलता | ४८ |
| पाठः आठ | हाम्रा घरेलु उत्पादन र बजार | ४९ |
| पाठः नौ | विभिन्न जातिका कुलपूजा | ५६ |
| एकाइ : चार | कृषि तथा पशुपक्षी पालन | ६१ |
| पाठः दश | हाम्रा स्थानीय उत्पादन | ६२ |
| पाठः एघार | पशुपक्षीपालन | ६९ |
| पाठः बाह्र | अर्गानिक खेती र जैविक विषदी | ७५ |
| एकाइ : पाँच | शिक्षा, स्वास्थ्य र खेलकुद | ८० |
| पाठः तेह्र | हाम्रा विद्यालय | ८१ |
| पाठः चौध | शैक्षिक र बौद्धिक व्यक्ति | ८७ |
| पाठः पन्ध्र | स्वास्थ्य संस्था र सेवा | ९३ |
| पाठः सोह्र | योग तथा ध्यान | ९९ |
| एकाइ : छ | पर्यटन | १०४ |
| पाठः सत्र | हाम्रा धार्मिक तथा पर्यटकीय स्थल | १०५ |
| पाठः अठार | फूलबारी तथा बगैँचा निर्माण | ११२ |
| पाठः उन्नाइस | हाम्रा अग्ला धुरी | ११८ |
| एकाइ : सात | विपद्, सामाजिक समस्या र सुरक्षा | १०५ |
| पाठः बिस | प्रकोप र विपद् | १२४ |
| पाठः एक्काइस | सामाजिक समस्या | १२७ |
| एकाइ : आठ | सूचना र प्रविधि | १३३ |
| पाठः बाइस | हाम्रा सूचनाका साधन | १३४ |
| पाठः तेइस | सिकाइ र सञ्चार | १४० |
| पाठः चौबिस | श्रम तथा रोजगारी | १४६ |
| पाठः पच्चिस | बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका : हाम्रो जैमिनी | १५२ |


एकाइ : एक

# जैमिनी सेरोफेरो



# हाम्रो नगरपालिका

जैमिनी नगरपालिकाको काखमा बिहानको सुनौलो घाम बिस्तारै फैलिँदै थियो । कालीगण्डकी नदीको छेउछाउबाट उठेको हल्का कुहिराले डाँडाकाँडा छोपेका थिए । यस्तो मौसममा अर्जुनलाई जैमिनी नगरपालिको सिमानाका बारेमा बुझ्ने इच्छा जाग्यो । उहाँलेआफ्ना हजुरबुबासँग जैमिनी नगरपालिकाको सिमानाका बारेमा प्रश्न सोध्न थाल्नुभयो । हजुरबुबाले पनि आफ्नो नातिले सोधेका प्रश्नको उत्तर दिन थाल्नुभयो ।



उहाँहरूका बिचमा भएका कुराकानी हामी पनि सुनौँ र नगरपालिकाको सिमाना र क्षेत्रफलका बारेमा बुझौँ :

“हजुरबुबा, हाम्रो जैमिनी नगरपालिका कति ठुलो छ ?” अर्जुनले उत्सुक हुँदै सोध्नुभयो,

हजुरबुबाले मुस्कुराउँदै भन्नुभयो, “बाबु, हाम्रो जैमिनी ११८.७१ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको छ। यो सानो होइन, प्रकृति, संस्कृति र इतिहासले भरिएको विशाल भूमि हो।”



माईको थान



कालीगण्डकी करिडोर

उहाँहरू बाहिर निस्किएर नगरपालिकाको सिमानाका बारेमा कुराकानी गर्न थाल्नुभयो। उहाँहरूले पूर्व दिशामा हेर्नुभयो। त्यहाँ पर्वत जिल्लाका हरिया डाँडाहरू देखिए।

“यो पूर्वको सिमाना हो,” हजुरबुबाले भन्नुभयो। हाम्रो नगरपालिकाको पूर्वी भागमा पर्वत जिल्ला रहेको छ। यस दिशामा पर्वतका फलेवास नगरपालिका र विहादी गाउँपालिका पर्छन्। यसको साँध कालीगण्डकी नदी हो। हजुरबुबाले भन्नुभयो, “पूर्वबाट पर्वत जिल्लाले हाम्रो जैमिनीलाई अभिवादन गरेको छ।”

उहाँहरू ठिक पश्चिमतर्फ फर्कनुभयो । जैमिनी नगरपालिकाको पश्चिमी भाग लालीगुराँस फुल्ने घना जङ्गलले भरिएको छ। यहीँबाट हाँडीकोट धुरी, अग्ला अग्ला

डाँडा र बरेङ गाउँपालिकाका भूभागहरू साथै खोल्साहरू पनि देखिन्छन् ।

“उत्तरमा गल्कोट नगरपालिका, काठेखोला गाउँपालिका र बागलुङ नगरपालिका पर्छन्,” हजुरबुबाले जानकारी दिनुभयो । “यी ठाउँसँग हाम्रो पुरानो सम्बन्ध छ ।”

हजुरबुबाले हाँस्दै भन्नुभयो, “उत्तरले हाम्रो जैमिनीलाई हिमाली शीतलता दिन्छ ।” हामीले उत्तरी दिशाका हिमालबाट चिसो हावा पाएका हुन्छौँ । हाम्रो नगरपालिकाको दक्षिणमा कालीगण्डकीको ठुलो गर्जन सुनिन्छ । हाम्रो जैमिनी नगरपालिकाको दक्षिणमा गुल्मी जिल्लाको कालीगण्डकी गाउँपालिका पर्दछ। पहिले पहिले मानिस यही बाटो हुँदै व्यापार र विदेशको यात्रामा निस्कन्थे। आज त्यही ठाउँमा कालीगण्डकी करिडोर बनेको छ। यही करिडोर नै हामी जैमिनीवासीको विकासको आधार हो।

अर्जुनले वरिपरि हेर्दै भन्नुभयो, “हाम्रो नगरपालिका त चारैतिर अरू पालिकाले घेरिएको रहेछ !”



हजुरबुबा हाँस्नुभयो । "हो बाबु, जैमिनी केवल भूगोल होइन । यहाँका नदी, जङ्गल, खेतबारी, मन्दिर र मानिसहरूको माया नै यसको वास्तविक सीमा हो ।" जैमिनी नगरपालिका साँच्चै नै ऋषि जैमिनिको आशीर्वादले बनेको सुन्दर र विशाल घर हो। यहाँ प्रकृति, संस्कृति, पूर्वीय सभ्यता र इतिहास एउटै कथामा बाँधिएका छन्। त्यसैले यसको भूगोल सानो भए पनि पौराणिक र ऐतिहासिक महत्त्व अत्यन्तै विशाल छ।



## क्रियाकलाप गर्नुहोस् :



### खाली ठाउँ भर्नुहोस् :

(११८.७१, पर्वत, गल्कोट, कालीगण्डकी, गुल्मी)

(क) जैमिनी नगरपालिका ................ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको छ।

(ख) जैमिनी नगरपालिकाको पूर्वमा ................ पालिका रहेको छ।

(ग) पश्चिममा ................ पालिका पर्छ।

(घ) दक्षिणतर्फ ................ करिडोर बनेको छ।

(ङ) जैमिनी नगरपालिकाको दक्षिणमा ................ पालिका जोडिएको छ।



### हो वा होइन लेख्नुहोस् :

(क) जैमिनी नगरपालिका ११८.७१ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको छ। (    )

(ख) जैमिनीको पूर्वमा कास्की जिल्ला पर्छ। (    )

(ग) जैमिनीको पश्चिममा गल्कोट नगरपालिका रहेको छ। (    )

(घ) कालीगण्डकी करिडोर विकासको आधार बनेको छ। (    )

## दिइएका प्रश्नको ठिक (✓) उत्तर छान्नुहोस् :

**(क) जैमिनी नगरपालिकाको पूर्वमा कुन जिल्ला पर्छ ?**

क. गुल्मी		ख. पर्वत

ग. पाल्पा		घ. म्याग्दी

**(ख) जैमिनी नगरपालिकाको क्षेत्रफल कति छ ?**

क. १०८.७१ वर्ग किलोमिटर		ख. १२८.७१ वर्ग किलोमिटर

ग. ११८.७१ वर्ग किलोमिटर		घ. ११७.८१ वर्ग किलोमिटर

**(ग) जैमिनीको विकासको आधार बनेको करिडोर कुन हो ?**

क. पृथ्वी राजमार्ग		ख. मध्यपहाडी लोकमार्ग

ग. कालीगण्डकी करिडोर		घ. सिद्धार्थ राजमार्ग

## छोटो उत्तर दिनुहोस् :

(क) जैमिनी नगरपालिकाको क्षेत्रफल कति छ ?

(ख) जैमिनी नगरपालिकाको पश्चिममा कुन कुन पालिका पर्दछन् ?

(ग) कालीगण्डकी करिडोर किन महत्त्वपूर्ण छ ?

## ठिक (✓) वा बेठिक (✗) लेख्नुहोस् :

(क) जैमिनी नगरपालिका प्रकृति र संस्कृतिले भरिएको क्षेत्र हो। (......)

(ख) जैमिनीको उत्तरमा काठेखोला गाउँपालिका र बागलुङ नगरपालिका पर्दछ। (......)

(ग) दक्षिणबाट हिमाली चिसो हावा आउँछ।  (......)

(घ) जैमिनीको भूगोल मात्र महत्त्वपूर्ण छ, इतिहास होइन।  (......)



## परियोजना कार्य : हाम्रो नगरपालिका

१. आफ्नो नगर पालिकाको नाम लेख्नुहोस्।

२. नगर पालिकाको पूर्व, पश्चिम, उत्तर र दक्षिणमा रहेका स्थानको नाम लेख्नुहोस्।

३. आफ्नो नगर पालिकाका दुई विशेषता लेख्नुहोस्।

(क) .......................................

(ख) .......................................

४. आफ्नो नगरपालिकाको नक्सा बनाई आफ्नो वडा चिनाउनुहोस्।

पाठ : दुई

# हाम्रो जनसङ्ख्या

सुमन : नमस्कार शिवा ! तपाईँले जैमिनी नगरपालिकाको जनसङ्ख्याबारे जानकारी पाउनुभयो ?

शिवा : थाहा पाएँ नि । जैमिनी नगरपालिकाको कुल जनसङ्ख्या २४,६२८ रहेछ । त्यसमध्ये १३,४०६ महिला र ११,२२२ पुरुष छन् ।

सुमन : त्यसो भए नगरपालिकामा महिलाको सङ्ख्या पुरुषभन्दा बढी रहेछ है ?

सीता : हो, महिलाको सङ्ख्या धेरै बढी देखिन्छ । यसले नगरपालिकामा महिला जनसङ्ख्याको भाग ठुलो छ भन्ने बुझाउँछ ।

सुमन : कुन वडामा सबैभन्दा धेरै जनसङ्ख्या रहेछ ?



शिवा : वडा न. ८ छिस्तीमा सबैभन्दा धेरै जनसङ्ख्या रहेछ । यहाँको जनसङ्ख्या ३,६७६ रहेको छ। त्यसपछि वडा न. १० राङ्खानीमा ३,१६८ र वडा न. ७ जैदीमा ३,०१७ जनसङ्ख्या रहेको छ।

सुमन : सबैभन्दा कम जनसङ्ख्या भएको वडा कुन हो त ?

शिवा : वडा न. ६ अर्जेवामा सबैभन्दा कम जनसङ्ख्या रहेको छ। यहाँ १,६३९ जना मात्र रहेका छन्। त्यसपछि वडा न. ४ सर्कुवामा १,८२४ र वडा न. ५ विनामारेमा १,८३८ जनसङ्ख्या छ।

सुमन : महिलाको सङ्ख्या सबैभन्दा बढी कुन वडामा छ ?

शिवा : वडा न. ८ छिस्तीमा २,०२६ महिला छन्। यो सबैभन्दा धेरै सङ्ख्या हो। त्यसै गरी वडा न. १० राङ्खानीमा १,७१३ र वडा न. ७ जैदीमा १,६६५ महिला रहेका छन्।

सुमन : पुरुषको सङ्ख्या पनि वडा न. ८ मा नै धेरै होला नि ?

सीता : हो, वडा न. ८ मा १,६५० पुरुष छन्। वडा न. १० मा १,४५५ र वडा न. ७ मा १,३५२ पुरुष रहेका छन्।

सुमन : यस तथ्याङ्कले के देखाउँछ त विस्तारै भन न ?

शिवा : यसले जैमिनी नगरपालिकामा जनसङ्ख्या विभिन्न वडामा असमानरूपमा वितरण भएको देखाउँछ। केही वडामा धेरै जनसङ्ख्या छ भने केही वडामा कम छ। सबै वडामा महिलाको सङ्ख्या पुरुषको भन्दा बढी छ।

सुमन : यस्तो तथ्याङ्कले योजना बनाउन पनि सहयोग गर्छ होला हैं ?

शिवा : अवश्य गर्छ। जनसङ्ख्याको अवस्था र वितरणका आधारमा शिक्षा, स्वास्थ्य, सडक, खानेपानीलगायतका विकास योजना राम्रो ढङ्गले सञ्चालन गर्न सकिन्छ।

सुमन : न्यवाद शिवा ! आज मलाई जैमिनी नगरपालिकाको जनसङ्ख्या बारे धेरै जानकारी भयो।

सीता । स्वागत छ। यस्ता तथ्याङ्कले आफ्नो क्षेत्रको वास्तविक अवस्था बुझ्न मद्दत गर्छ। तल दिइएको तालिकाका आधारमा जैमिनी नगरपालिकाको जनसङ्ख्यालाई स्पष्ट पार्न सकिन्छ :

**जैमिनी नगरपालिकाको जनसङ्ख्या तालिकामा**

| वडा | जम्मा | महिला | पुरुष |
|---|---|---|---|
| वडा न. १ | २५२८ | १३४४ | ११८४ |
| वडा न. २ | २३६९ | १२५९ | १११० |
| वडा न. ३ | १९६५ | ११०७ | ८५८ |
| वडा न. ४ | १८२४ | ९९७ | ८२७ |
| वडा न. ५ | १८३८ | १०१५ | ८२३ |
| वडा न. ६ | १६३९ | ८९३ | ७४६ |
| वडा न. ७ | ३०१७ | १६६५ | १३५२ |
| वडा न. ८ | ३६७६ | २०२६ | १६५० |
| वडा न. ९ | २६०४ | १३८७ | १२१७ |
| वडा न. १० | ३१६८ | १७१३ | १४५५ |
| **जम्मा** | **२४६२८** | **१३४०६** | **११२२२** |

स्रोत: राष्ट्रिय जनगणना २०७८

नगरपालिकाको जम्मा जनसङ्ख्या २४६२८ रहेको छ। यसमा महिलाको सङ्ख्या १३४०६ रहेको छ भने पुरुषको सङ्ख्या ११२२२ रहेको छ।

## क्रियाकलाप गर्नुहोस् :

### खाली ठाउँ भर्नुहोस् :

(२४६२८, वडा न. ८, १३४०६, वडा न. ६, ११२२२)

(क) जैमिनी नगरपालिकाको कुल जनसङ्ख्या ................ रहेको छ।

(ख) सबैभन्दा धेरै जनसङ्ख्या भएको वडा ................ हो।


(ग) नगरपालिकामा महिलाको सङ्ख्या ................ रहेको छ।

(घ) सबैभन्दा कम जनसङ्ख्या भएको वडा ................ हो।

(ङ) नगरपालिकामा पुरुषको सङ्ख्या ................ रहेको छ।

### जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| वडा न. ८ | सबैभन्दा कम जनसङ्ख्या |
| १३४०६ | सबैभन्दा धेरै जनसङ्ख्या |
| वडा न. ६ | पुरुष जनसङ्ख्या |
| ११२२२ | कुल जनसङ्ख्या |
| २४६२८ | महिला जनसङ्ख्या |




## हो वा होइन लेख्नुहोस् :

(क) जैमिनी नगरपालिकाको कुल जनसङ्ख्या २४,६२८ हो।  (   )

(ख) वडा न. ६ मा सबैभन्दा धेरै जनसङ्ख्या छ।  (   )

(ग) सबै वडामा महिलाको जनसङ्ख्या पुरुषभन्दा बढी छ।  (   )

(घ) वडा न. ८ मा ३,६७६ जनसङ्ख्या रहेको छ।  (   )



## दिइएका प्रश्नको ठिक (✓) उत्तर छान्नुहोस् :

**(क) जैमिनी नगरपालिकामा सबैभन्दा धेरै जनसङ्ख्या भएको वडा कुन हो ?**

क. वडा न. ३  ख. वडा न. ६

ग. वडा न. ८  घ. वडा न. ५

**(ख) जैमिनी नगरपालिकामा महिलाको कुल जनसङ्ख्या कति छ ?**

क. ११,२२२  ख. १३,४०६

ग. २४,६२८  घ. ३,६७६

**(ग) सबैभन्दा कम जनसङ्ख्या भएको वडा कुन हो ?**

क. वडा न. १  ख. वडा न. ४

ग. वडा न. ६  घ. वडा न. १०



## छोटो उत्तर दिनुहोस् :

(क) जैमिनी नगरपालिकाको कुल जनसङ्ख्या कति छ ?

(ख) वडा न. ८ मा कति महिला रहेका छन् ?

(ग) जनसङ्ख्याको तथ्याङ्क किन महत्त्वपूर्ण हुन्छ ?

## ठिक (✓) वा बेठिक (✗) लेख्नुहोस् :

(क) वडा न. १० मा ३,१६८ जनसङ्ख्या रहेको छ। (   )

(ख) वडा न. ४ मा ९९७ महिला रहेका छन्। (   )

(ग) जैमिनी नगरपालिकामा पुरुषको सङ्ख्या महिलाभन्दा बढी छ। (   )

(घ) जनसङ्ख्याको आधारमा विकास योजना बनाउन सकिन्छ। (   )

## परियोजना कार्य : हाम्रो वडा

१. आफ्नो वडाको नाम र नम्बर लेख्नुहोस्।

२. आफ्नो वडामा रहेका मुख्य सुविधा लेख्नुहोस्।

३. आफ्नो वडाका दुई विशेषता लेख्नुहोस् :

(क) ..................................... (ख) .....................................

४. आफ्नो वडाको सानो नक्सा बनाएर आफू बस्ने गाउँ वा टोलमा सङ्केत गर्नुहोस्।

एकाइ : दुई

# हाम्रा सम्पदा



पाठ : तीन

# हाम्रा धार्मिक तथा सांस्कृतिक स्थल

एकदिन विद्यालयमा स्थानीय विषय हाम्रो जैमिनीको कक्षा चलिरहेको थियो। शिक्षकले विद्यार्थीलाई सोध्नुभयो, "नानीबाबुहरू, हाम्रो जैमिनी नगरपालिका किन प्रसिद्ध छ भन्ने तपाईँलाई थाहा छ ?"

रमेशले हात उठाउँदै भन्नुभयो, "सर, यहाँ धेरै मन्दिर र रमाइला ठाउँहरू छन् ।" "ठिक भन्नुभयो," शिक्षकले मुस्कुराउँदै भन्नुभयो । "जैमिनी नगरपालिका बागलुङ जिल्लाको दक्षिण भेगमा रहेको धार्मिक र सांस्कृतिक रूपमा प्रसिद्ध पालिका हो। यसको नाम ऋषि जैमिनिको नामबाट राखिएको हो।"



जैमिनी घाट धाम



कमलजैसी

सुदृष्टिले जिज्ञासापूर्वक सोध्नुभयो, "सर, यहाँका सम्पदालाई कसरी विभाजन गरिन्छ ?" शिक्षकले बोर्डमा लेख्दै भन्नुभयो, "यहाँका सम्पदालाई मुख्यरूपमा धार्मिक सम्पदा र सांस्कृतिक तथा पर्यटकीय सम्पदा गरी दुई भागमा बाँडिन्छ।



शिवपुरी



हात्ती ढुङ्गा

“धार्मिक सम्पदामा कुन कुन पर्छन् सर ?” अर्जुनले सोध्नुभयो

“जैमिनीधाम, माइको थान र कमलजैसी मन्दिर मुख्य धार्मिक स्थल हुन्,” शिक्षकले बताउनुभयो। “त्यस्तै गाजाको दह र हाँडीकोट धुरी सांस्कृतिक तथा पर्यटकीय स्थल हुन्।” विद्यार्थी निकै उत्साहित भए। शिक्षकले फेरि जैमिनीधामका बारेमा भन्न थाल्नुभयो, “जैमिनीधामलाई स्थानीय भाषामा जिमिरे घाट वा जिमिर घाट पनि भनिन्छ। यो जैमिनी नगरपालिका वडा न. १ मा पर्छ। यहाँ जैमिनी ऋषिले तपस्या गरेको विश्वास गरिन्छ।”

“सर, त्यहाँ के के छन् ?” पूजाले सोध्नुभयो। “त्यहाँ जैमिनी शिव मन्दिर, देवशिला, नागशिला र शङ्खशिला, जैमिनि ऋषिको मूर्ति र मन्दिर छन्।

माईको थान जैमिनीको प्रसिद्ध शक्ति पीठ हो। यो वडा न. ४ सर्कुवाको धुरीमा रहेको छ। पहिले अर्जेवाको चोखेबमा देवीको शिला भेटिएको रहेछ। मानिसहरूले त्यो शिला हाँडीकोटमा लैजाने सोच बनाएछन्। तर अहिलेको माइको थान पुगेपछि कसैले पनि शिला उठाउन सकेनछन्।

धामीलाई हेराउँदा देवीले यहीँ ठाउँमा बस्न चाहेको कुरा बताउनुभएछ। त्यसपछि त्यहीँ मन्दिर बनाइएछ। र माइको थान नामले प्रसिद्ध भयो। त्यहाँ दर्शन गर्न जाँदा मनोकामना पूरा हुन्छ भन्ने विश्वास पनि छ।

सुयोगले भन्नुभयो, “सर हामीलाई गाजाको दहबारे भनिदिनुहोस् न।” स्याबास बाबु ! हो यसरी नजानेको कुरा सोध्नुपर्छ। “यो जैमिनी नगरपालिका वडा न. ३ दमेकमा रहेको प्रसिद्ध दह हो। गाजाको दहलाई स्थानीयले दह मात्र भन्छन्। यो नेपाल सरकारको सय पर्यटकीय गन्तव्यभित्र पनि परेको छ।”

गाजाको दह घना जङ्गलको बिचमा छ। यसको वरिपरि लालीगुराँस, खर्सु, गोब्रे सल्ला जस्ता रुख पाइन्छन्। त्यहाँ बाघ, भालु, चितुवा, घोरल र विभिन्न चराचुरुङ्गी पनि पाइन्छन्। त्यहाँबाट माछापुच्छ्रे, धौलागिरि, अन्नपूर्ण र निलगिरि हिमाल पनि देखिन्छन्। वैगुण्ठे चतुर्दशी र पूर्णिमाको दिन त्यहाँ ठुलो मेला लाग्छ र मानिसहरू रमाइलो गर्न आउँछन्।

अर्चना उत्सुक हुँदै सोधिन्, “सर यो हाँडीकोटको बारेमा भनिदिनुहोस् न।”

सरले भन्नुभयो, “अर्चनाले धेरै राम्रो प्रश्न सोध्यौं, ल सुन ! हाँडीकोट धुरी जैमिनी नगरपालिकाको वडा न. ७ र वडा न. १० को सीमामा रहेको जैमिनीको महत्त्वपूर्ण धुरी हो। यो समुद्र सतहबाट २,२०६ मिटरको उचाइमा रहेको छ। त्यहाँबाट हिमाल, डाँडाकाँडा र सुन्दर प्राकृतिक दृश्य देखिन्छन्। यहाँ शिवपार्वतीको मन्दिर पनि छ। यहाँ नगरपालिकाले भ्यु टावर बनाएको छ। यसले हाँडीकोटको महत्त्व अझ बढाएको छ। हाम्रा यी सबै धार्मिक तथा सांस्कृतिक सम्पदाले जैमिनी नगरपालिकाको गौरव बढाएका छन्। यस्ता सम्पदाको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो।



## क्रियाकलाप गर्नुहोस् :



### खाली ठाउँ भर्नुहोस् :

(जैमिनीधाम, माइको थान, गाजाको दह, हाँडीकोट धुरी, ऋषि जैमिनि)

(क) जैमिनी नगरपालिकाको नाम ................ को नामबाट राखिएको हो ।

(ख) ................ जैमिनी नगरपालिका वडा नं. १ मा रहेको धार्मिक स्थल हो ।

(ग) ................ जैमिनीको प्रसिद्ध शक्ति पीठ हो ।

(घ) ................ नेपाल सरकारको सय पर्यटकीय गन्तव्यभित्र परेको स्थल हो ।

(ङ) ................ समुद्र सतहबाट २,२०६ मिटर उचाइमा रहेको छ ।



### जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| जैमिनीधाम | प्रसिद्ध शक्ति पीठ |
| माइको थान | भ्यु टावर रहेको स्थान |
| गाजाको दह | जैमिनी ऋषिको तपोभूमि |
| हाँडीकोट धुरी | नगरपालिकाको नामकरण |
| ऋषि जैमिनि | सय पर्यटकीय गन्तव्य |

## हो वा होइन लेख्नुहोस् :

(क) जैमिनी नगरपालिका बागलुङ जिल्लाको दक्षिण भेगमा पर्छ। (   )

(ख) जैमिनीधाम वडा नं. १० मा पर्दछ। (   )

(ग) गाजाको दह घना जङ्गलको बिचमा रहेको छ। (   )

(घ) हाँडीकोट धुरीमा भ्यु टावर बनेको छ। (   )

## दिइएका प्रश्नको ठिक (✓) उत्तर छान्नुहोस् :

**(क) जैमिनी नगरपालिकाको नाम कसको नामबाट राखिएको हो ?**

क. ऋषि वाल्मिकी    ख. ऋषि जैमिनि

ग. गौतम बुद्ध    घ. भृकुटी

**(ख) माइको थान कुन वडामा रहेको छ ?**

क. वडा न. १    ख. वडा न. ३

ग. वडा न. ४    घ. वडा न. १०

**(ग) गाजाको दह कहाँ रहेको छ ?**

क. वडा न. ३ दमेक    ख. वडा न. ७

ग. वडा न. १    घ. वडा न. ५

## छोटो उत्तर दिनुहोस् :

(क) जैमिनीधाम किन प्रसिद्ध छ ?

(ख) माइको थान कसरी प्रसिद्ध भयो ?

(ग) हाँडीकोट धुरीको महत्त्व के हो ?

## ठिक (✓) वा बेठिक (✗) लेख्नुहोस् :

(क) गाजाको दह वरिपरि लालीगुराँस र गोब्रे सल्लाका रुख पाइन्छन्। (......)

(ख) माइको थान धार्मिक स्थल होइन। (......)

(ग) हाँडीकोट धुरी वडा न. ७ र १० को सीमामा पर्दछ। (......)

(घ) धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण गर्नु आवश्यक छैन। (......)

## परियोजना कार्य : हाम्रो धार्मिक तथा पर्यटकीय स्थल

१. आफ्नो गाउँ वा नगरपालिकामा रहेको एक धार्मिक स्थलको नाम लेख्नुहोस्।

२. त्यस स्थलको दुई महत्त्व लेख्नुहोस् :

(क) ......................................

(ख) ......................................

३. आफ्नो वरिपरि रहेको एक पर्यटकीय स्थलको नाम लेख्नुहोस्।

४. तपाईंलाई मन पर्ने कुनै एक धार्मिक स्थलको चित्र बनाएर कक्षामा देखाउनुहोस्।

पाठ : चार

# हाम्रा जातजाति र वेशभूषा

जैमिनी नगरपालिकाको विद्यालयमा हाम्रो जैमिनी विषयको कक्षा चलिरहेको थियो । कक्षामा शिक्षक गुरुले विद्यार्थीलाई जैमिनी नगरपालिकाको जातीय विविधताका बारेमा पढाउँदै हुनुहुन्थ्यो । गुरुले भन्नुभयो, "हाम्रो जैमिनी नगरपालिका विभिन्न जातजातिको साझा घर हो । यहाँ ब्राह्मण, क्षेत्री, ठकुरी, घर्ती, मगर, मिजार, छन्त्याल, माझी, नेवार, बहिक, विश्वकर्मा, नेपाली, परियार, भुजेल, बहिक र गिरी, पुरी, सन्यासी (दशनामी), गन्धर्व, राई समुदायका मानिसहरू बसोबास गर्छन् ।"



विद्यार्थी चासोपूर्वक सुनिरहेका थिए। गुरुले पहिले बोर्डमा तथ्याङ्क लेख्नुभयो। यहाँ मगर ३०.५ प्रतिशत, ब्राह्मण २६.७ प्रतिशत, मिजार १५.४ प्रतिशत, विश्वकर्मा ८.४ प्रतिशत र क्षेत्री ८ प्रतिशत रहेका छन्। यसबाहेक अन्य जातिको बसोबास रहेको छ।

गुरुले सबैले बुझ्ने किसिमबाट यहाँका जातजातिका बारेमा स्पष्ट पार्नुभयो । मगर यहाँको सबैभन्दा ठुलो समुदाय हो। यहाँका मगरहरू आफ्नो भाषा, संस्कृति, वेशभूषा र परम्पराका कारण परिचित छन्। ब्राह्मण समुदाय शिक्षा, संस्कार र धार्मिक कार्यमा सक्रिय देखिन्छन्। मिजार समुदाय सामाजिक कार्यमा सहभागी भएको पाइन्छ। विश्वकर्मा समुदाय सिप र हस्तकलामा दक्ष मानिन्छ। यस्तै क्षेत्री समुदाय पनि समाजका विभिन्न क्षेत्रमा सक्रिय छ। विभिन्न पेसाका अतिरिक्त यहाँका मानिसले कृषिलाई मुख्य पेसा बनाएका छन्।

कक्षामा बसेकी छात्रा सविनाले प्रश्न गरिन्, "सर, यति धेरै जातजाति भए पनि सबै मिलेर कसरी बस्न सक्छन् ?" सर मुस्कुराउँदै भन्नुभयो, "त्यसलाई नै जातीय सद्भाव भनिन्छ। सबै जातजातिले एकअर्काको संस्कृति, भाषा र परम्परालाई सम्मान गरेर मिलेर बस्नु नै सद्भाव हो।"

त्यसपछि गुरुले एउटा उदाहरण सुनाउनुभयो। केही समयअघि गाउँमा एउटा सांस्कृतिक कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा मगर समुदायले आफ्नो नाच प्रस्तुत गरेका थिए। उनीहरूले गुन्यु, रातो मखमली चोलो, पहेँलो पटुका, टेकी र गरगहना लागएका थिए। पुरुषले दौरा, इस्टकोट, कछाड, पटका बाँधी भाँड्ग्रो लगाई कम्मरमा

खुर्पेटो भिरेका थिए। ब्राह्मण समुदायले भजन गाएका थिए। उनीहरूले दौरासुरुवाल लगाएका थिए। मिजार व्यवस्थापनमा सक्रियता देखाएका थिए। यस्तै विश्वकर्मा समुदायको पनि व्यवस्थापनमा भूमिका रहेको थियो। अन्य समुदायका मानिसहरूले पनि उत्साहका साथ सहभागिता जनाएका थिए। सबैले मिलेर कार्यक्रम सफल बनाएका थिए। यहाँ उपस्थित भएका जातजातिले दौरासुरुवाल लगाएका थिए।

गुरुले भन्नुभयो, “यदि सबैले एकअर्कालाई सम्मान नगरेका भए कार्यक्रम सफल हुने थिएन। समाजलाई बलियो बनाउन जातीय सद्भाव धेरै आवश्यक हुन्छ।” विद्यार्थीहरूले सहमतिमा टाउको हल्लाए। गुरुले भन्नुभयो, “हामी सबै नेपाली हौँ। जात फरक भए पनि हाम्रो उद्देश्य एउटै हो। हामी सबैले शान्त, सभ्य र समृद्ध समाज निर्माण गर्नुपर्छ।” त्यस दिनको कक्षापछि विद्यार्थीले जातीय विविधता हाम्रो पहिचान हो र सद्भाव नै समाजको बलियो आधार हो भन्ने महत्त्वपूर्ण ज्ञान पाए।



## क्रियाकलाप गर्नुहोस् :



### खाली ठाउँ भर्नुहोस् :

(मगर, ३०.५ प्रतिशत, विश्वकर्मा, जातीय सद्भाव, कृषि)

(क) जैमिनी नगरपालिकाको सबैभन्दा ठुलो समुदाय ................ हो।

(ख) मगर समुदायको जनसङ्ख्या ................ रहेको छ।

(ग) ................ समुदाय सिप र हस्तकलामा दक्ष मानिन्छ।

(घ) सबै जातजातिले मिलेर बस्नुलाई ................ भनिन्छ ।

(ङ) यहाँका अधिकांश मानिसको मुख्य पेसा ................ हो ।

### हो वा होइन लेख्नुहोस् :

(क) जैमिनी नगरपालिका बहुजातीय क्षेत्र हो । ( )

(ख) मगर समुदायको जनसङ्ख्या सबैभन्दा कम छ । ( )

(ग) सबै जातजातिले मिलेर बस्नुपर्छ । ( )

(घ) जातीय सद्भावले समाज बलियो बनाउँछ । ( )

### दिइएका प्रश्नको ठिक (✓) उत्तर छान्नुहोस् :

**(क) जैमिनी नगरपालिकामा सबैभन्दा बढी जनसङ्ख्या कुन जातिको छ ?**

क. ब्राह्मण | ख. क्षेत्री

ग. मगर | घ. विश्वकर्मा

**(ख) विश्वकर्मा समुदाय कुन क्षेत्रमा दक्ष मानिन्छ ?**

क. खेतीपाती | ख. सिप र हस्तकला

ग. व्यापार | घ. शिक्षण

**(ग) सबै जातजातिले एकअर्कालाई सम्मान गरेर मिलेर बस्नुलाई के भनिन्छ ?**

क. सामाजिक कार्य | ख. सांस्कृतिक कार्यक्रम

ग. जातीय सद्भाव | घ. विकास योजना




## छोटो उत्तर दिनुहोस् :

(क) जातीय सद्भाव भनेको के हो ?

(ख) मगर समुदाय किन परिचित छ ?

(ग) समाज बलियो बनाउन के आवश्यक हुन्छ ?



## ठिक (✓) वा बेठिक (✗) लेख्नुहोस् :

(क) ब्राह्मण समुदाय धार्मिक कार्यमा सक्रिय देखिन्छ। (......)

(ख) जातीय विविधता समाजको कमजोरी हो। (......)

(ग) सबै समुदायले मिलेर सांस्कृतिक कार्यक्रम सफल बनाएका थिए। (......)

(घ) हामी सबै नेपाली हौँ। (......)



## परियोजना कार्य : हाम्रो जातीय विविधता

१. आफ्नो समुदायको नाम लेख्नुहोस्।

२. आफ्नो समुदायको एक संस्कृति वा परम्परा लेख्नुहोस्।

३. आफ्नो गाउँमा बसोबास गर्ने दुई जातिको नाम लेख्नुहोस्।

(क) ......................................

(ख) ......................................

पाठ : पाँच

# सार्वजनिक ठाउँको सुरक्षा

जैमिनी नगरपालिकाको प्राकृतिक वातावरण सुन्दर छ। यहाँका मानिसमा जातीय, धार्मिक र सामाजिक सद्भाव पाइन्छ । यहाँ धारो, कुवा, पँधेरो, पोखरी, पाटीपौवा, चौतारी, बाटो, कुलो आदि सार्वजनिक ठाउँ रहेका छन् । यहाँ विद्यालय, स्वास्थ्य चौकी, वन, चउर, मठमन्दिर तथा नगरपालिका भवन जस्ता सार्वजनिक ठाउँ रहेका छन् । यस्ता ठाउँहरू सबै नागरिकले समान रूपमा प्रयोग गर्ने भएकाले तिनको संरक्षण र सुरक्षा गर्नु प्रत्येक नागरिकको कर्तव्य हो ।



धारो



कुवा



पँधेरो



पोखरी



पाटीपौवा



चौतारी



बाटो



कुलो



विद्यालय



स्वास्थ्य चौकी



वन



चउर



देवल बिनामारे



सतीढुङ्गा मन्दिर



नगरपालिका भवन

सबैले प्रयोग गर्न पाउने साझा ठाउँ नै सार्वजनिक हुन् । यस्ता ठाउँले सामाजिक, सांस्कृतिक र आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । धारा, कुवा र पँधेराबाट पानी पाइन्छ । हामी विद्यालयमा शिक्षाका लागि जान्छौँ । स्वास्थ्य चौकीमा बिरामीको उपचार हुन्छ । बाटाघाटा र पुलपुलेसा आवतजावतका लागि प्रयोग हुन्छन् ।

पाटीपौवा र चौतारीमा यात्रुहरू विश्राम गर्छन् ।  मठमन्दिरहरू धार्मिक तथा सांस्कृतिक पहिचान हुन् । वनजङ्गल र चौरका कारण वातावरण सन्तुलित हुन्छ ।

एकदिन जैमिनी नगरपालिकाका युवाले गाउँको सरसफाइ र सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने योजना बनाए । उनीहरू वडा कार्यालयमा गएर सरसफाइ कार्यक्रम सञ्चालनका लागि निवेदन दिए । वडा कार्यालयले शनिवार बिहान सबै टोलवासीलाई सहभागी हुन सूचना जारी गऱ्यो । तोकिएको दिन बिहान गाउँका युवा, शिक्षक, आमाबुबा र बालबालिका हातमा कुचो, डस्टबिन, हँसिया र अन्य सरसफाइका सामग्री लिएर जम्मा भए ।







सरसफाइ कार्यक्रमको नेतृत्व टोल विकास समितिका अध्यक्षले गर्नुभयो । उपस्थित भएका सबैलाई पाँच पाँच जनाको समूहमा विभाजन गरियो । कसैले बाटोघाटो सफा गरे, कसैले मठमन्दिर र पाटीपौवा वरिपरिका झारपात हटाए। केही युवाले धारा, कुवा र पोखरी सफा गरे। अन्यले विद्यालय र स्वास्थ्य चौकीको परिसर सरसफाइ गरे। सबैले सार्वजनिक स्थलमा जथाभावी फोहोर नगर्न आग्रह गरे। सरसफाइ गर्ने व्यक्तिले सबैलाई सचेत गराउने निर्णय गरे।

सरसफाइपछि आयोजित छलफलमा शिक्षकले सार्वजनिक सम्पत्ति हाम्रो साझा पहिचान हो भन्ने कुरा बताउनुभयो। यसको सुरक्षा गर्नु भनेको आफ्नो गाउँ र समाजको रक्षा गर्नु हो । हामीले वनजङ्गल फँडानी गर्‍यौँ भने पानीका मुहान सुक्छन् । सार्वजनिक ठाउँ फोहोर भयो भने रोग फैलिन सक्छ। त्यसैले सरसफाइ र संरक्षण दुवै आवश्यक छन् । त्यसपछि सबैले प्रत्येक शनिवार सामूहिक सरसफाइ अभियान सञ्चालन गर्ने सहमति गरे। प्रत्येक घरबाट कम्तीमा एक जना सहभागी हुनुपर्ने नियम पनि बनाइयो। गाउँभरि माइकिङ गरेर सार्वजनिक स्थलमा फोहोर नगर्न आग्रह गरियो। पानीका स्रोत जोगाउन र मठमन्दिर तथा चौतारीको संरक्षण गर्न पनि अनुरोध गरियो।

यसरी सामूहिक प्रयासबाट सार्वजनिक ठाउँको सुरक्षा गर्न सकिन्छ। सार्वजनिक सम्पत्तिको संरक्षणले वातावरण स्वच्छ हुन्छ। रोगको जोखिम कम हुन्छ र सामाजिक एकता बलियो बन्छ। हाम्रो गाउँ, हाम्रो जिम्मेवारी भन्ने भावना विकास भएमा मात्र सार्वजनिक सम्पत्तिको दीर्घकालीन संरक्षण सम्भव छ।



## क्रियाकलाप गर्नुहोस् :



### खाली ठाउँ भर्नुहोस् :

(सार्वजनिक, धारा, स्वास्थ्य चौकी, वनजङ्गल, सरसफाइ)

(क) सबैले प्रयोग गर्न पाउने साझा स्थललाई ................ ठाउँ भनिन्छ।

(ख) ................ ले मानिसलाई पानीको सुविधा दिन्छ।

(ग) बिरामीको उपचार ................ मा गरिन्छ।

(घ) ................ फँडानी गर्दा पानीका मुहान सुक्न सक्छन्।

(ङ) रोगबाट बच्न ................ आवश्यक हुन्छ।



### जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| धारा | विश्राम गर्ने स्थान |
| विद्यालय | उपचार सेवा |
| स्वास्थ्य चौकी | पानीको स्रोत |
| पाटीपौवा | वातावरण सन्तुलन |
| वनजङ्गल | शिक्षा प्राप्त गर्ने ठाउँ |




## हो वा होइन लेख्नुहोस् :

(क) सार्वजनिक ठाउँ सबैले प्रयोग गर्न पाउँछन्। ( )

(ख) विद्यालय सार्वजनिक ठाउँ होइन। ( )

(ग) सार्वजनिक स्थल फोहोर गर्दा रोग फैलिन सक्छ। ( )

(घ) वनजङ्गलले वातावरण सन्तुलन कायम राख्न मदत गर्छ। ( )



## दिइएका प्रश्नको ठिक (✓) उत्तर छान्नुहोस् :

**(क) सार्वजनिक ठाउँ भनेको के हो ?**

क. निजी घर — ख. सबैले प्रयोग गर्न पाउने साझा स्थल

ग. खेतबारी — घ. पसल

**(ख) यात्रुहरूलाई विश्राम गर्ने स्थान कुन हो ?**

क. विद्यालय — ख. स्वास्थ्य चौकी

ग. पाटीपौवा — घ. नगरपालिका भवन

**(ग) सार्वजनिक सम्पत्तिको संरक्षण किन आवश्यक छ ?**

क. वातावरण स्वच्छ बनाउन — ख. रोग कम गर्न

ग. सामाजिक एकता बढाउन — घ. माथिका सबै



## छोटो उत्तर दिनुहोस् :

(क) सार्वजनिक ठाउँ भनेको के हो ?

(ख) वनजङ्गल किन जोगाउनुपर्छ ?

(ग) सरसफाइ अभियानले के फाइदा हुन्छ ?

## ठिक (✓) वा बेठिक (✗) लेख्नुहोस् :

(क) मठमन्दिरले धार्मिक तथा सांस्कृतिक पहिचान जोगाउँछन्। (.....)

(ख) सार्वजनिक ठाउँमा जथाभावी फोहोर गर्नुपर्छ। (.....)

(ग) प्रत्येक नागरिकले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्छ। (.....)

(घ) सामूहिक प्रयासले गाउँ सफा र सुन्दर बनाउन सकिन्छ। (.....)

## परियोजना कार्य : हाम्रो सार्वजनिक सम्पत्ति

१. आफ्नो गाउँ वा टोलमा रहेको एक सार्वजनिक स्थलको नाम लेख्नुहोस्।

२. त्यस सार्वजनिक स्थलको दुई उपयोगिता लेख्नुहोस्।

(क) ..................................... (ख) .....................................

३. सार्वजनिक सम्पत्ति जोगाउने दुई उपाय लेख्नुहोस्।

(क) ..................................... (ख) .....................................

४. सरसफाइ अभियानको चित्र बनाएर साथीलाई देखाउनुहोस् :

# हाम्रा जडीबुटी र वन्यजन्तु

जैमिनी नगरपालिका स्थित आयुर्वेदिक स्वास्थ्य केन्द्रले एक विशेष स्वास्थ्य सचेतना कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा स्थानीय जनप्रतिनिधि, शिक्षक, विद्यार्थी, कृषक तथा विभिन्न टोलका नागरिकको उल्लेखनीय सहभागिता रहेको थियो। कार्यक्रमको मुख्य आकर्षण आयुर्वेदिक अस्पतालका वरिष्ठ चिकित्सक डा. शर्मा हुनुहुन्थ्यो । उहाँले जैमिनी नगरपालिकामा पाइने बहुमूल्य जडीबुटी, वन्यजन्तु र प्राकृतिक सम्पदाका बारेमा विस्तृत जानकारी दिनुभयो ।

कार्यक्रममा बोल्दै डा. शर्माले भन्नुभयो, "जडीबुटी भनेको प्राकृतिक रूपमा पाइने औषधीय गुण भएका वनस्पति हुन् । प्राचीनकालदेखि मानिसहरूले विभिन्न रोगको उपचारका लागि जडीबुटीको प्रयोग गर्दै आएका छन् । जैमिनी नगरपालिका प्राकृतिक सम्पदाले धनी छ। यहाँ थुप्रै बहुमूल्य जडीबुटी पाइन्छन् ।"



हर्रो



बर्रो



अमला



तुलसी



टिमुर



बोझो



घिउ कुमारी



पुदिना



गुर्जो



घोडटाप्रे



मुलापाते



गुजरगानो



पिपल



सिल्टिमुर

उहाँले हर्रो, बर्रो, अमला, तुलसी, टिमुर, बोझ्गो, पिपल, पुदिना, गुर्जो, घोडटाप्रे, मुलापाते, गुजरगानो र सिल्टिमुर जस्ता जडीबुटीको परिचय दिनुभयो । उहाँका अनुसार हर्रो, बर्रो र अमला त्रिफलाका मुख्य तत्त्व हुन् । यिनले पाचनशक्ति सुधार्न मदत गर्छन् । तुलसी र पुदिनाले रुघाखोकी तथा श्वासप्रश्वाससम्बन्धी समस्या कम गर्छन् । गुर्जो रोग प्रतिरोधात्मक क्षमता बढाउने महत्त्वपूर्ण जडीबुटी हो । टिमुर मसला र औषधी दुवै रूपमा प्रयोग हुन्छ ।

डा. शर्माले वन क्षेत्रमा पाइने मूल्यवान् फलफूल तथा जडीबुटीका बारेमा पनि जानकारी दिनुभयो । उहाँले थकाइलो, हलहले, असुरो, भकिम्लो, भलाहा, मलाहा, ऐँसेलु, चुत्रो, मान्त्रे घँयरी आदि जडीबुटी जैमिनी नगरपालिकामा पाइने बताउनुभयो । यस्तै यहाँ गुयली, काफल, पाखनबेत, पाँचऔँले, कालीकुट विष, सतुवा, पहेँले, विषमारी, भुतकेस र जटामसी पनि पाइने बताउनुभयो ।



थकाइलो



हलहले



असुरो



भकिम्लो



भलाहा



पाखनबेत


ऐँसेलु


चुत्रो


मान्त्रे चुत्रो


घँयरी


गुयली


काफल


पाखनबेत


पाँचऔँले


कालीकुट विष


बाघ


स्याल


मलसाँप्रो (खुदे)



भुतकेस



जटामसी

उहाँले आफ्नो प्रवचन अगाडि बढाउनुभयो । जटामसी, पाँचऔँले र सतुवा जस्ता जडीबुटी अन्तर्राष्ट्रिय बजारमा पनि अत्यन्तै महङ्गा मानिन्छन् । यिनको संरक्षण र व्यावसायीकरण गर्नुपर्छ । यिनै जडीबुटीबाट यहाँका मानिसको आर्थिक अवस्था सुधार्न पनि सकिन्छ ।

जैमिनीको हावापानी र भूबनोट जडीबुटी खेतीका लागि उपयुक्त छ । विशेषगरी उच्च पहाड तथा वन क्षेत्रमा जटामसी, पाँचऔँले, बोझो, टिमुर र गुर्जाको व्यावसायिक खेती गर्न सकिन्छ । यसले रोजगारी सिर्जना गर्छ । स्थानीय उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउन मदत गर्छ ।

त्यसपछि उहाँले जैमिनी नगरपालिकामा पाइने वन्यजन्तु तथा चराचुरुङ्गीबारे पनि जानकारी दिनुभयो । जैमिनीका वन क्षेत्रमा बाघ, भालु, चितुवा, घोरल, चित्तल, वनमान्छे र रतुवा मृग जस्ता महत्त्वपूर्ण वन्यजन्तु पाइन्छन् । यी वन्यजन्तुले जैमिनीको जैविक विविधतालाई समृद्ध बनाएका छन् । त्यसैगरी यहाँ दुर्लभ मानिने चरीबाघ, काँडे भ्याकुर, कालिज, लामपुच्छ्रे चरा, मालुवा र तित्रा जस्ता पक्षीहरू पनि पाइन्छन् । यिनले हाम्रो वातावरण राम्रो बनाएका छन् ।

उहाँले वन्यजन्तु तथा जडीबुटी संरक्षणको आवश्यकता औँल्याउनुभयो । हामीले वनजङ्गलको संरक्षण गर्नुपर्छ । हाम्रो कामले बहुमूल्य जडीबुटी र दुर्लभ वन्यजन्तु लोप हुन सक्छन् । त्यसैले वन विनाश रोक्नुपर्छ । चोरीसिकारी नियन्त्रण गर्नुपर्छ । प्राकृतिक सम्पदाको संरक्षण गर्नुपर्छ । यो हामी सबैको जिम्मेवारी हो । जैमिनी नगरपालिका धेरै जडीबुटी, वन्यजन्तु र चराचुरुङ्गीको भएको क्षेत्र हो ।

हामीले यसको सही उपयोग, संरक्षण र व्यावसायीकरण गर्नुपर्छ। यसले स्वास्थ्य, पर्यटन, वातावरण र आर्थिक विकासमा ठुलो योगदान पुऱ्याउन सक्छ।



## क्रियाकलाप गर्नुहोस् :



### खाली ठाउँ भर्नुहोस् :

(जडीबुटी, गुर्जो, जटामसी, बाघ, कालिज)

(क) औषधीय गुण भएका वनस्पतिलाई ................ भनिन्छ।

(ख) ................ रोग प्रतिरोधात्मक क्षमता बढाउने जडीबुटी हो।

(ग) ................ अन्तर्राष्ट्रिय बजारमा महँगो मानिने जडीबुटी हो।

(घ) जैमिनीका वन क्षेत्रमा पाइने वन्यजन्तुमध्ये ................ पनि एक हो।

(ङ) दुर्लभ पक्षीमध्ये ................ पाइन्छ।



### जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| हर्रो, बर्रो, अमला | रुघाखोकी कम गर्ने |
| तुलसी र पुदिना | त्रिफलाका मुख्य तत्व |
| गुर्जो | मसला र औषधी दुवै |
| टिमुर | महँगो जडीबुटी |
| जटामसी | रोग प्रतिरोधात्मक क्षमता |




## हो वा होइन लेख्नुहोस् :

(क) जैमिनी नगरपालिका प्राकृतिक सम्पदाले धनी क्षेत्र हो। ( )

(ख) टिमुर केवल मसला मात्र हो। ( )

(ग) जटामसी अन्तर्राष्ट्रिय बजारमा महँगो मानिन्छ। ( )

(घ) वन्यजन्तु र चराचुरुङ्गीले वातावरणीय सन्तुलन कायम राख्न मदत गर्छन्। ( )



## दिइएका प्रश्नको ठिक (✓) उत्तर छान्नुहोस् :

**(क) रोग प्रतिरोधात्मक क्षमता बढाउने जडीबुटी कुन हो ?**

क. बोझो | ख. गुर्जो

ग. अमला | घ. तुलसी

**(ख) अन्तर्राष्ट्रिय बजारमा महँगो मानिने जडीबुटी कुन हो ?**

क. सतुवा | ख. जटामसी

ग. पाँचऔँले | घ. माथिका सबै

**(ग) दुर्लभ पक्षीमध्ये कुन जैमिनीमा पाइन्छ ?**

क. कालिज | ख. चरीबाघ

ग. तित्रा | घ. माथिका सबै



## छोटो उत्तर दिनुहोस् :

(क) जडीबुटी भनेको के हो ?

(ख) टिमुरको उपयोग के हो ?

(ग) वन संरक्षण किन आवश्यक छ ?

## ठिक (✓) वा बेठिक (✗) लेख्नुहोस् :

(क) तुलसी र पुदिनाले श्वासप्रश्वाससम्बन्धी समस्या कम गर्छन्। (....)

(ख) जैमिनीको हावापानी जडीबुटी खेतीका लागि उपयुक्त छैन। (....)

(ग) वन्यजन्तुले जैविक विविधता समृद्ध बनाउँछन्। (....)

(घ) प्राकृतिक सम्पदाको संरक्षण गर्नु सबैको जिम्मेवारी हो। (....)

## परियोजना कार्य : हाम्रो जडीबुटी र वन्यजन्तु

१. आफ्नो गाउँमा पाइने एक जडीबुटीको नाम लेख्नुहोस्।

२. त्यस जडीबुटीको एक उपयोग लेख्नुहोस्।

३. आफ्नो वरिपरि पाइने दुई वन्यजन्तुको नाम लेख्नुहोस्।

(क) ...................................... (ख) ......................................

४. कुनै एक जडीबुटी वा वन्यजन्तुको चित्र बनाई कक्षामा देखाउनुहोस्।

पाठ : सात

# हाम्रो साहित्य

जैमिनी नगरपालिका कला, संस्कृति र साहित्यले भरिपूर्ण क्षेत्र हो। यहाँ प्राचीनकालदेखि नै साहित्यिक परम्परा विकसित हुँदै आएको पाइन्छ। साहित्य भनेको इतिहास, पुराण वा समाजबाट विषयवस्तु लिएर गद्य वा पद्यमा लेखिएको रचना हो। मानिसका भावना, विचार, अनुभव र कल्पनालाई सुन्दर ढङ्गले प्रस्तुत गरिएको रचनालाई साहित्य भनिन्छ। कविता, कथा, नाटक, निबन्ध, खण्डकाव्य, महाकाव्य र उपन्यास आदि साहित्यका विभिन्न रूप हुन्।


साहित्यले मानिसलाई ज्ञान दिन्छ। मनोरञ्जन गराउँछ र असल बाटामा हिँड्न प्रेरणा दिन्छ। समाजका राम्रानराम्रा पक्ष देखाएर सुधार गर्न पनि साहित्यले सहयोग गर्छ। त्यसैले साहित्यलाई समाजको दर्पण (ऐना) पनि भनिन्छ। साहित्यका माध्यमबाट हामीले आफ्नो भाषा, संस्कृति र इतिहासलाई जोगाउन सक्छौँ।






साहित्यिक कार्यक्रम



जैमिनीको साहित्यलाई मुख्य रूपमा पौराणिक साहित्य र आधुनिक साहित्य गरी दुई भागमा विभाजन गर्न सकिन्छ । पौराणिक साहित्यअन्तर्गत जैमिनि ऋषिले लेखेका विभिन्न कृतिहरू प्रसिद्ध छन् । अनुसन्धानकर्ता शेषनाथ पौडेल (२०७९) का अनुसार जैमिनि ऋषिले जैमिनीय सामवेद संहिता, जैमिनीय ब्राह्मण, जैमिनीय श्रौतसूत्र, जैमिनीय गृह्यसूत्र, जैमिनीय अश्वमेधपर्व, जैमिनीय पूर्वमीमांसासूत्र र जैमिनीय सूत्र वा ज्योतिष ग्रन्थ गरी सातओटा कृति रचना गरेका थिए । यी कृतिहरूले जैमिनी क्षेत्रको धार्मिक तथा सांस्कृतिक महत्त्वलाई स्पष्ट पारेका छन् । पौराणिक साहित्यका अन्य कृतिहरू भने हालसम्म धेरै प्रकाशित भएको पाइँदैन ।

आधुनिक साहित्यअन्तर्गत जैमिनीका विभिन्न साहित्यकारले कविता, गीत, कथा, नाटक र अन्य रचनाहरू सिर्जना गरेका छन् । जैमिनी आवाज तथा विद्यालयहरूले विभिन्न समयमा प्रकाशन गरेका मुखपत्रहरूमा पनि साहित्यिक रचनाहरू प्रकाशित भएका छन् । नाटक र उपन्यास लेखनमा कृष्ण थापाको योगदान महत्त्वपूर्ण मानिन्छ । त्यसैगरी

प्रगतिशील गीतसङ्गीतका क्षेत्रमा रामकृष्ण आचार्य (जीवन शर्मा) को योगदान उल्लेखनीय रहेको छ। पछिल्लो समयमा प्रकाश पौडेल, प्रेम थापा, निर्मला शर्मा, झपिन्द्र क्षेत्री, बुद्धि प्रसाद सापकोटा, डिल्ली पौडेल, मोहदत्त शर्मा, जस्ता स्रष्टाहरू कविता तथा गजल लेखनमा सक्रिय रहेका छन्।

जैमिनी नगरपालिकामा लोकसाहित्य पनि धेरै समृद्ध रहेको छ। लोकसाहित्य भनेको पुस्तौँदेखि मुखैले सुनिँदै आएको साहित्य हो। यसलाई लेखेरभन्दा बढी गाएर वा सुनाएर संरक्षण गरिन्छ। लिखित साहित्य भने पुस्तक, पत्रपत्रिका वा अन्य माध्यममा लेखेर राखिने साहित्य हो। लोकसाहित्य र लिखित साहित्यबिच यही मुख्य भिन्नता पाइन्छ।

जैमिनी क्षेत्रमा लोकसाहित्य निकै सशक्त छ। यहाँको राङ्खानी गाउँलाई बिना सालै जोको उद्गम स्थल मानिन्छ। गोर्‍या श्रीस र मनबहादुर मुखिया यस गीतका सुरुवात कर्ता मानिन्छन्। जैमिनीमा सालैजो, बिना सालैजो, झ्याउरे, साउने सालैजो, यानिमाया, लोकभजन, मालश्री, झोरा, सोरठी, मारुनी र बालन जस्ता लोकसाहित्यका विधाहरू प्रचलित छन्।

सालैजो र झ्याउरे गीतका क्षेत्रमा जगदीश श्रीस, राजन ठकुरी, डिल्ली पौडेल र तारा थापा जस्ता कलाकार चर्चित छन्। लोकभजनका क्षेत्रमा जैमिनी सङ्कीर्तन समूह प्रसिद्ध रहेको छ। मेलापात, अर्मपर्म, पूजा हुँदा र रमाइला कार्यक्रममा यस्ता लोकगीत गाउने चलन आज पनि रहेको छ। अहिले युट्युब र सामाजिक सञ्जालमार्फत पनि यी लोकसाहित्यलाई धेरैले सुन्न र हेर्न थालेका छन्।



सालैजो

सोरठी यहाँको महत्त्वपूर्ण लोक गीतिनृत्य हो। विशेषगरी तिहारको भैलोसँगै गाइने यस गीतमा सरस्वतीको पूजा गर्ने चलन छ। जैमिनी नगरपालिकाको वडा न. ३ मा मारुनी नाच विशेष प्रसिद्ध छ। यस नाचमा पुरुषहरू नै महिलाको पोसाक लगाएर मारुनी, पुरुसुङ्गे र घनेरु भाइ बनी नाच्ने प्रचलन रहेको छ। यसरी जैमिनीको साहित्यले यहाँको इतिहास, संस्कृति, परम्परा र सामाजिक जीवनलाई जीवन्त बनाएको छ। साहित्य हाम्रो पहिचान हो। त्यसैले यसको संरक्षण र विकास गर्नु सबैको कर्तव्य हो।



सोरठी



## क्रियाकलाप गर्नुहोस् :



### खाली ठाउँ भर्नुहोस् :

(साहित्य, पौराणिक, लोकसाहित्य, सोरठी, जैमिनि ऋषि)

(क) गद्य वा पद्यमा लेखिएको रचनालाई ................ भनिन्छ।

(ख) जैमिनीको साहित्यलाई मुख्य रूपमा आधुनिक र ............. साहित्यमा विभाजन गरिएको छ।

(ग) पुस्ताँदेखि मुखैले सुनिँदै आएको साहित्यलाई ................ भनिन्छ।

(घ) तिहारको भैलोसँगै गाइने लोक गीतिनृत्य ................ हो।

(ङ) जैमिनीय सामवेद संहिता रचना गर्ने व्यक्ति ................ हुन्।



### जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| लोकसाहित्य | समाजको ऐना |
| साहित्य | मुखैले सुनिने साहित्य |
| कृष्ण थापा | प्रगतिशील गीतसङ्गीत |
| रामकृष्ण आचार्य | बिना सालैजोको उद्गम स्थल |
| राङ्खानी गाउँ | नाटक र उपन्यास लेखन |

## हो वा होइन लेख्नुहोस् :

(क) साहित्यले मनोरञ्जन मात्र गराउँछ, ज्ञान दिँदैन। (   )

(ख) लोकसाहित्य पुस्ताैँदेखि सुनिँदै आएको साहित्य हो। (   )

(ग) जैमिनीमा सालैजो र झ्याउँरे गीत प्रचलित छन्। (   )

(घ) मारुनी नाचमा पुरुषले महिलाको पोसाक लगाएर नाच्ने चलन छ। (   )

## दिइएका प्रश्नको ठिक (✓) उत्तर छान्नुहोस् :

**(क) साहित्यलाई समाजको ऐना भनिन्छ ?**

क. यसले समाजका राम्रा–नराम्रा पक्ष देखाउँछ।
ख. यसले खेल सिकाउँछ।
ग. यसले व्यापार गराउँछ।
घ. यसले खेती गराउँछ।

**(ख) लोकसाहित्यको मुख्य विशेषता के हो ?**

क. पुस्तकमा मात्र लेखिने
ख. मुखैले सुनिँदै आउने
ग. विद्यालयमा मात्र पढिने
घ. चित्रमा बनाइने

**(ग) बिना सालैजोको उद्गम स्थल कुन गाउँ हो ?**

क. दमेक
ख. राङ्खानी
ग. अर्जेवा
घ. छिस्ती

## छोटो उत्तर दिनुहोस् :

(क) साहित्य भनेको के हो ?

(ख) लोकसाहित्य र लिखित साहित्यबिचको मुख्य भिन्नता के हो ?

(ग) जैमिनीमा प्रचलित दुई लोकसाहित्यका नाम लेख्नुहोस्।

## ठिक (✓) वा बेठिक (×) लेख्नुहोस् :

(क) साहित्यले भाषा, संस्कृति र इतिहास जोगाउन मदत गर्छ। (....)

(ख) जैमिनीमा लोकसाहित्य कमजोर रहेको छ। (....)

(ग) युट्युब र सामाजिक सञ्जालबाट पनि लोकसाहित्य प्रचार भइरहेको छ। (....)

(घ) साहित्य हाम्रो पहिचान हो। (....)

## परियोजना कार्य : हाम्रो साहित्य

१. आफूलाई मन पर्ने एक साहित्यिक विधाको नाम लेख्नुहोस्।

२. आफ्नो गाउँमा गाइने एक लोकगीतको नाम लेख्नुहोस्।

३. साहित्यका दुई महत्त्व लेख्नुहोस्।

(क) .......................................

(ख) .......................................

४. कुनै लोकगीत वा कविता सङ्कलन गरी कक्षामा सुनाउनुहोस्

एकाइ : तीन

# जैमिनीको जीवनशैली र उद्यमशीलता



पाठ : आठ

# हाम्रा घरेलु उत्पादन र बजार

एकदिन जैमिनी नगरपालिकाको विद्यालयमा हाम्रो जैमिनी विषयको कक्षा चलिरहेको थियो । शिक्षकले घरेलु उद्योगका बारेमा पढेर आउन भन्नुभएको थियो । भोलिपल्ट उत्सव, दिया र अनुजाले कक्षामा त्यसै विषयमा छलफल गर्न थाले ।

उत्सव : तपाईँहरूले घरेलु उद्योग भनेको के हो भनेर बुभ्नुभएको छ ?

दिया : मैले बुझेँ । सानो लगानीमा घरमै बसेर परिवारका सदस्य मिलेर सञ्चालन गर्न सकिने उद्योगलाई घरेलु उद्योग भनिन्छ ।



कुचो



डोको



नाम्लो, दाम्लो



नाङ्लो

अनुजा : हो नि । पाउरोटी उद्योग, नमकिन उद्योग, बाँसका डोकाडाला बनाउने उद्योग र डुनोट उद्योग नै घरेलु उद्योग हुन् ।

उत्सव : घरेलु उद्योग किन महत्त्वपूर्ण हुन्छ त ?

दिया : यसको धेरै फाइदा छन् । यस्ता उद्योग सानो लगानीमै सञ्चालन भएका हुन्छन् । परिवारका सदस्यले पनि काम गर्न पाउँछन् । यसबाट स्वरोजगार बन्न सकिन्छ र आम्दानी पनि बढ्छ ।

अनुजा : त्यसैगरी स्थानीय कच्चा पदार्थको सदुपयोग हुन्छ । ठुलो ऋण लिनुपर्दैन र देशको पैसा बाहिर पनि जाँदैन । यसले मानिसलाई आत्मनिर्भर बनाउँछ ।

उत्सव : हाम्रो जैमिनी नगरपालिकामा कस्ता घरेलु उद्योग छन् त ?

दिया : यहाँ काठ, बाँस, निगालो, अमरिसो, सनपाट, बाबियो र केतुकीबाट विभिन्न सामग्री बनाइन्छन् ।

अनुजा : काठबाट ठेकी, चौँठी, आरी र खुर्पेटो जस्ता सामग्री बनाइन्छन् । अझै यसको व्यावसायिक विकास राम्रोसँग हुन बाँकी छ ।


ठेकी


मदानी


गुन्द्री



खुर्पेटो



डोको



डालो



नाङ्लो



नाम्लो



कुचो



भकारी



चकटी



मान्द्रो

उत्सव : बाँस र निगालाबाट के के बनाइन्छन् ?

दिया : बाँस र निगालाबाट डोको, डालो, नाङ्लो, नाम्लो, कुचो, भकारी, फ्याप्लो र मान्द्रो बनाइन्छन्। यी सामान घरायसी काममा धेरै प्रयोग हुन्छन्।

अनुजा : अहिले यस्ता सामग्रीको व्यापार बढाउन आवश्यक छ । व्यावसायिकरूपमा उत्पादन गर्न सकियो भने धेरै आम्दानी गर्न सकिन्छ।

उत्सव : केतुकी र सनपाटबाट पनि सामान बनाइन्छ रे हैं ?

दिया : हो। केतुकी, बाबियो, सनपाट र सेत बरुवाबाट नाम्लो, दाम्लो, जोतारो, हललुडो, जेउरो र नेपाली कागज बनाइन्छ।

अनुजा : २०३८ सालमा जैमिनी–२ का घनश्याम सापकोटाले सेत बरुवाबाट नेपाली कागज निकाल्न सुरु गर्नुभएको थियो रे ! हो ?

उत्सव : हो नि ! मैले पनि त्यही सुनेको छु। सेतबरुवाबाट अहिले पनि नेपाली कागज बनाउन सकिन्छ नि ?

दिया : सकिन्छ । हाम्रो जैमिनीमा अझै पनि बरुवा वा लोक्ताबाट नेपाली कागज उत्पादन गर्न सकिने अवस्था छ।

अनुजा : पछिल्लो समयमा भाँगाबाट धागो निकालेर विभिन्न सामग्री बनाउन पनि थालिएको छ रे !

उत्सव : घरेलु उद्योगले आर्थिक गतिविधिमा कस्तो भूमिका खेल्छ ?

दिया : यसले मानिसलाई रोजगारी दिन्छ। गाउँमै आम्दानीको स्रोत बढाउँछ। स्थानीय उत्पादनको उपयोग गर्न मदत गर्छ।

अनुजा : यदि यस्ता उद्योगलाई प्रोत्साहन गरियो भने जैमिनी नगरपालिकाको आर्थिक विकासमा ठुलो सहयोग पुग्न सक्छ।

उत्सव : साँच्चै, घरेलु उद्योगले हाम्रो गाउँलाई आत्मनिर्भर बनाउन मदत गर्ने रहेछ।

तीनै जना साथीहरूले घरेलु उद्योगको महत्त्व राम्रोसँग बुझे। उनीहरूले भविष्यमा स्थानीय उत्पादनको प्रयोग र संरक्षण गर्नुपर्ने निष्कर्ष पनि निकाले। उनीहरू अर्को कक्षाका लागि तयार भएर कक्षामा बसे।



## क्रियाकलाप गर्नुहोस् :



### खाली ठाउँ भर्नुहोस् :

(घरेलु उद्योग, सानो, डोको, नेपाली कागज, आत्मनिर्भर)

(क) घरमै बसेर सञ्चालन गर्न सकिने उद्योगलाई ................ भनिन्छ।

(ख) घरेलु उद्योग ................ लगानीमा सञ्चालन गर्न सकिन्छ।

(ग) बाँस र निगालाबाट ................ बनाइन्छ।

(घ) सेत बरुवाबाट ................ बनाउन सकिन्छ।

(ङ) घरेलु उद्योगले मानिसलाई ................ बन्न मदत गर्छ।



### हो वा होइन लेख्नुहोस् :

(क) घरेलु उद्योग ठुलो लगानीमा मात्र सञ्चालन हुन्छ। ( )

(ख) घरेलु उद्योगबाट परिवारका सदस्यले काम गर्न पाउँछन्। ( )


(ग) बाँसबाट बनाइने सामग्री घरायसी काममा प्रयोग हुन्छन्। (   )

(घ) घरेलु उद्योगले स्थानीय उत्पादनको उपयोग बढाउँछ।   (   )



## जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| पाउरोटी उद्योग | स्वरोजगारको माध्यम |
| बाँस र निगालो | नाम्लो र दाम्लो |
| केतुकी र सनपाट | डोको र डालो |
| भाँगो | धागो निकालिने बोट |
| घरेलु उद्योग | घरेलु उद्योगको उदाहरण |



## दिइएका प्रश्नको ठिक (✓) उत्तर छान्नुहोस् :

**(क) घरेलु उद्योगको मुख्य विशेषता के हो ?**

क. ठुलो उद्योग हुनु    ख. सानो लगानीमा सञ्चालन हुनु

ग. विदेशमा मात्र सञ्चालन हुनु    घ. धेरै ऋण लिनु

**(ख) बाँस र निगालाबाट के बनाइन्छ ?**

क. मोटर    ख. कागज

ग. डोको र डालो    घ. कम्प्युटर

**(ग) नेपाली कागज बनाउन प्रयोग हुने वस्तु कुन हो ?**

क. प्लास्टिक    ख. बरुवा वा लोक्ता


ग. फलाम    घ. कपडा

**छोटो उत्तर दिनुहोस् :**

(क) घरेलु उद्योग भनेको के हो ?

(ख) घरेलु उद्योगका दुई फाइदा लेख्नुहोस्।

(ग) जैमिनीमा पाइने दुई घरेलु उद्योगका नाम लेख्नुहोस्।



**ठिक (✓) वा बेठिक (✗) लेख्नुहोस् :**

(क) घरेलु उद्योगले स्थानीय कच्चा पदार्थको सदुपयोग गर्छ। (....)

(ख) घरेलु उद्योगले देशको पैसा बाहिर पठाउँछ। (....)

(ग) भाँगाबाट पनि धागो निकाल्न सकिन्छ। (....)

(घ) घरेलु उद्योगले गाउँको आर्थिक विकासमा सहयोग पुऱ्याउँछ। (....)



**परियोजना कार्य : हाम्रो घरेलु उद्योग**

१. आफ्नो गाउँमा सञ्चालन भएको एक घरेलु उद्योगको नाम लेख्नुहोस्।

२. त्यस उद्योगबाट बन्ने दुई सामग्रीको नाम लेख्नुहोस् :

(क) ....................................  (ख) ....................................

३. घरेलु उद्योगका दुई महत्त्व लेख्नुहोस् :

(क) ....................................

(ख) ....................................

४. तपाईंले देखेको कुनै एक घरेलु उद्योगको चित्र बनाएर कक्षामा देखाउनुहोस्।

पाठ : नौ

# विभिन्न जातिका कुलपूजा

सन्देश बागलुङ बजारमा पढ्न बस्छन् । उनी छ कक्षामा अध्ययन गर्छन् । उनी बिदाको समयमा आफ्ना हजुरबुबा र हजुरआमासँग भेट्न जैमिनी नगरपालिका पुगेका थिए । उनको घर जैमिनी नगरपालिकामा पर्छ । गाउँमा पुगेको भोलिपल्ट नै घरमा विशेष तयारी भइरहेको देखे । उनलाई आश्चर्य लाग्यो । "हजुरआमा, आज घरमा किन यति धेरै चहलपहल भएको ?" सन्देशले सोधे । हजुरआमाले मुस्कुराउँदै भन्नुभयो, "आज हाम्रो कुलपूजा हो बाबु । हामी सबै आफन्त भेला भएर कुलदेवताको पूजा गर्छौं ।" सन्देशलाई कुलपूजाबारे धेरै जानकारी थिएन । त्यसैले उनी हजुरबुबासँगै कुल मन्दिरतर्फ लागे । बाटामा हजुरबुबाले उनलाई कुलपूजाको महत्त्व सम्झाउन थाल्नुभयो ।





कुलपूजा गरेको

जैमिनी नगरपालिका धेरै जातजाति बसोबास गर्ने ठाउँ हो। यहाँ ब्राह्मण, क्षेत्री, ठकुरी, मगर, विश्वकर्मा, दमाईलगायत विभिन्न समुदायका मानिस बस्छन्। सबैका आआ नै कुलदेवता र पूजा गर्ने परम्परा छन्। मन्दिरमा पुगेपछि सबैले पूजा सामग्री तयार गर्न थाले। कसैले फूल टिपे, कसैले दीप बाले। सन्देशले हजुरबुबालाई फेरि सोधे, "हाम्रो जातिले कसरी कुलपूजा गर्छ ?" हजुरबुबाले उत्तर दिनुभयो, "हामी ब्राह्मण जातिका पौडेल, आचार्य र सापकोटा जस्ता थरका मानिसको कुलपूजाको आफ्नै तरिका छ। कतिपयले खिर, रोटी चढाएर पूजा गर्छन् भने कतिपयले बोका बली पनि दिन्छन्।" सन्देशले जिज्ञासा राखे, "यो पूजा कहिले गरिन्छ त ?"

मुख्य रूपमा मङ्सिरको उधौली पर्वको पूर्णिमा र जेठ महिनाको ज्येष्ठी पूर्णिमामा कुलपूजा गरिन्छ। कतिपय जातजातिहरूले बैशाख पूर्णिमामा पनि कुलपूजा गर्ने प्रचलन रहेको छ। त्यो दिन कुल मन्दिर वा थानमा गएर पूजा, उपासना र भेटघाट गर्ने चलन छ। त्यसपछि हजुरआमाले अन्य जातिका कुलपूजाबारे पनि बताउनुभयो। क्षेत्री र ठकुरी जातिका मानिसहरूले पनि आफ्ना गोत्र मिल्नेसँग मिलेर त्यही तिथिमा पूजा गर्छन्। शाही र मल्ल ठकुरीहरूले दसैंको अष्टमीका राति कुलपूजा गर्छन्।

मगर समुदायका मानिसहरूले पनि आफ्नो कुलदेवताको थान वा मन्दिर बनाएका हुन्छन्। उनीहरूले बोका वा कुखुराको भाले चढाएर पूजा गर्छन्। कतिपय मगरले श्रीपञ्चमीमा कुलपूजा गर्छन्, तर श्रीस जातिका मगरहरूले भने भेडाको साँढे चढाएर पूजा गर्छन् र उनीहरूले बोकाको मासु खाँदैनन्। सन्देशले चासोपूर्वक सुनिरहेका थिए। विश्वकर्मा,

परियार एवम् दलित समुदायले पनि पछिल्लो समयमा बोका र कुखुराको भाले चढाएर कुलपूजा गर्छन्। गन्धर्व जातिहरूमा भने कुलपूजा गर्ने प्रचलन रहेको पाइँदैन।

पूजा सकिएपछि सबै आफन्त मिलेर प्रसाद खाए। गाउँमा रमाइलो वातावरण बनेको थियो। कुलपूजाले परिवार र समाजलाई एकतामा बाँध्ने काम गर्ने रहेछ भन्ने कुरा सन्देशले थाहा पाए। घर फर्कने वेला हजुरबुबाले सन्देशलाई सम्झाउँदै भन्नुभयो, "बाबु, कुलपूजा हाम्रो संस्कृति र पहिचान हो। यसले नयाँ पुस्तालाई आफ्ना पुर्खा, परम्परा र संस्कृतिको सम्मान गर्न सिकाउँछ। यदि नयाँ पुस्ताले यसलाई बिर्सियो भने हाम्रो मौलिक संस्कृति हराउन सक्छ।"

सन्देशले गम्भीर हुँदै भने, "हजुरबुबा, अब मैले कुलपूजाको महत्त्व बुझेँ। म ठुलो भएपछि पनि यस परम्परालाई निरन्तरता दिने छु र अरूलाई पनि यसको महत्त्व बताउने छु।"



## क्रियाकलाप गर्नुहोस् :



### खाली ठाउँ भर्नुहोस् :

**(ब्राह्मण, मगर, कुलदेवता, ज्येष्ठी पूर्णिमा, श्रीपञ्चमी)**

(क) जैमिनी नगरपालिकामा बसोबास गर्ने मुख्य जातिमध्ये एक ................ हो।

(ख) सबै समुदायले आफ्ना ................ को पूजा गर्छन्।

(ग) मगर समुदायका कतिपय मानिसले ................ मा कुलपूजा गर्छन्।

(घ) ब्राहमण समुदायले जेठ महिनाको ................ मा कुलपूजा गर्ने चलन छ।

(ङ) जैमिनी नगरपालिकामा ................ समुदायको पनि बसोबास रहेको छ।

## जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| ब्राह्मण समुदाय | दसैँको अष्टमीमा पूजा |
| शाही र मल्ल ठकुरी | कुलपूजाको चलन कम |
| मगर समुदाय | बोका र कुखुराको भाले |
| विश्वकर्मा र दमाई | कुलदेवताको थान |
| गन्दर्भ जाति | खिर रोटी चढाएर पूजा |

## हो वा होइन लेख्नुहोस् :

(क) कुलपूजाले परिवारलाई एकतामा बाँध्छ। ( )

(ख) सबै जातिको कुलपूजा गर्ने तरिका एउटै हुन्छ। ( )

(ग) मगर समुदायले कुलदेवताको थान बनाउने चलन छ। ( )

(घ) कुलपूजाको कुनै सांस्कृतिक महत्त्व हुँदैन। ( )

## दिइएका प्रश्नको ठिक (✓) उत्तर छान्नुहोस् :

**(क) कुलपूजा मुख्य रूपमा कुन तिथिमा गरिन्छ ?**

क. जनैपूर्णिमा     ख. फागु पूर्णिमा

ग. उधौली पर्वको पूर्णिमा     घ. बुद्ध जयन्ती

**(ख) शाही र मल्ल ठकुरीहरूले कहिले कुलपूजा गर्छन् ?**

क. तिहारमा     ख. दसैँको अष्टमीमा

ग. श्रीपञ्चमीमा     घ. चैते दसैँमा

(ग) श्रीस जातिका मगरहरूले कुन जनावर चढाएर पूजा गर्छन् ?

क. बोका

ख. कुखुरा

ग. भेडाको साँढे

घ. भैँसी




**छोटो उत्तर दिनुहोस् :**

(क) कुलपूजा किन गरिन्छ ?

(ख) कुलपूजाले नयाँ पुस्तालाई के सिकाउँछ ?

(ग) जैमिनीमा बसोबास गर्ने कुनै चार जातिको नाम लेख्नुहोस् ।



**ठिक (✓) वा बेठिक (✗) लेख्नुहोस् :**

(क) कुलपूजा हाम्रो संस्कृति र पहिचान हो । (.......)

(ख) कुलपूजाले समाजमा एकता बढाउँछ । (........)

(ग) कुलपूजामा आफन्तहरू भेला हुँदैनन् । (........)

(घ) आफ्नो परम्परा संरक्षण गर्नु राम्रो काम हो । (........)



**परियोजना कार्य : हाम्रो कुलपूजा**

आफ्नो समुदायमा गरिने कुनै एक पूजा वा परम्पराको नाम लेख्नुहोस् ।

त्यो पूजा कहिले गरिन्छ ? त्यस पूजाको दुईओटा महत्त्व लेख्नुहोस् ।

(क) ...................................... (ख) ......................................

**कुलपूजा वा आफ्नो समुदायको सांस्कृतिक परम्परासम्बन्धी तपाईँले जानेको चित्र बनाई कक्षामा देखाउनुहोस् ।**

एकाइ : चार

# कृषि तथा पशुपक्षी पालन



# हाम्रा स्थानीय उत्पादन

जैमिनी नगरपालिका कृषिप्रधान क्षेत्रका रूपमा परिचित छ। यहाँका अधिकांश मानिस खेतीकिसानी गरेर जीवन यापन गर्छन्। एकदिन कक्षा ६ मा अध्ययन गर्ने प्रमिला, देव र सरू विद्यालयबाट फर्कँदै गाउँका खेतबारीतिर पुगे। त्यहाँ किसानहरू तरकारी खेतीमा व्यस्त थिए। उनीहरू खेतीकिसानीका बारेमा छलफल गर्न थाले।

प्रमिला : हाम्रो नगरपालिकामा धेरै प्रकारका अन्नबाली र फलफूल उत्पादन हुने रहेछन् है !

देव : हो नि। यहाँ धान, मकै, गहुँ, तोरी, मास, भटमास र कोदो मुख्य बाली हुन्।

सरू : यहाँ तरकारीमा फर्सी, मुला, साग, घिरौँला, आलु, प्याज, लसुन, काउली, गोलभेँडा, सिमी र बन्दा उत्पादन हुन्छन्।



धान



मकै



गहुँ



तोरी



मास



भटमास



कोदो



फर्सी



मुला



साग



घिरौँला



आलु



प्याज



लसुन



काउली



गोलभैंडा



सिमी

प्रमिला : यहाँ फलफूल पनि धेरै पाइन्छन्। यहाँ सुन्तला, केरा, कागती, लप्सी, निबुवा, अम्बा, नासपाती र पलम त निकै प्रसिद्ध छन्।

किसान काका : तपाईँहरूलाई खेतीबारीका विषयमा पनि चासो रहेछ। खेती हाम्रो जीवनको आधार हो। राम्रो उत्पादन भएमा परिवारको आम्दानी पनि बढ्छ।

देव : काका, अहिले अर्गानिक खेती भनेको धेरै सुनिन्छ। त्यो के हो ?

काका : रासायनिक मल र विषादी कम प्रयोग गरेर गोबर मल, कम्पोस्ट मल र जैविक विषादी प्रयोग गरिने खेतीलाई अर्गानिक भनिन्छ। यसबाट उत्पादन भएका अन्न र तरकारी स्वास्थ्यका लागि राम्रो हुन्छ।

सरू : जैविक विषादी कसरी बनाइन्छ ?

काका : निम, तितेपाती, लसुन, खुर्सानी जस्ता वस्तु मिसाएर जैविक विषादी बनाउन सकिन्छ। यसले बालीमा लाग्ने किरा नियन्त्रण गर्न मदत गर्छ। यसले माटालाई पनि बिगार्दैन।

प्रमिला : उत्पादन भएपछि किसानले बाली कहाँ राख्छन् त ?

काका : भण्डारण पनि महत्त्वपूर्ण कुरा हो। धान, मकै र गहुँलाई सुरक्षित भकारी वा गोदाममा राखिन्छ। फलफूल र तरकारीलाई चिसो ठाउँमा राख्नुपर्छ। राम्रोसँग भण्डारण नगरे उत्पादन बिग्रन सक्छ।



सुन्तला खेती



केरा खेती

देव : अनि बजारमा कसरी बेचिन्छ ?

काका : उत्पादनलाई बजारसम्म पुऱ्याउनु पनि उत्तिकै आवश्यक हुन्छ। किसानले उत्पादनको राम्रो व्यवस्थापन र बजारीकरण गर्न सके भने धेरै फाइदा लिन सक्छन्। अहिले जैमिनी नगरपालिकाले विभिन्न वडालाई कृषि र फलफूल पकेट क्षेत्र घोषणा गरेर उत्पादन बढाउने प्रयास गरिरहेको छ।

सरू : सुन्तला र केरा खेती पनि बढिरहेको सुनिन्छ नि [

काका : हो। सुन्तला र केरा खेतीको प्रवर्धन भइरहेको छ। यसबाट किसानको आम्दानी बढेको छ र धेरै मानिस आत्मनिर्भर बन्न थालेका छन्। त्यसैले त जैमिनीको सेरा जाऔँ केरा खाऔँ भन्ने नारा पनि सुन्न थालिएको छ।

प्रमिला : सबैले मेहिनेत गर्ने हो भने बाहिरबाट धेरै खाद्यान्न ल्याउनुपर्दैन होला है ?

काका : ठिक भन्नुभयो । आधुनिक तरिका अपनाएर खेती गरेमा हाम्रो नगरपालिका कृषि उत्पादनमा आत्मनिर्भर बन्न सक्छ।

उहाँहरूलाई किसान काकाले खेतीकिसानीका बारेमा राम्रोसँग बुझाउनुभयो । हाम्रो जैमिनी नगरपालिकामा खेतीकिसानीबाट पनि प्रशस्त आम्दानी गर्न सकिन्छ। हामीले अर्गानिक खेतीमा जोड दिनुपर्छ। किसानले उत्पादन गरेका वस्तुको भण्डारण गर्ने व्यवस्था गर्नुपर्छ। यी सबै काम गर्न सके कृषिमा उन्नति गर्न सकिन्छ।



## क्रियाकलाप गर्नुहोस् :



### खाली ठाउँ भर्नुहोस् :

(धान, अर्गानिक, सुन्तला, जैविक विषादी, भकारी)

(क) जैमिनी नगरपालिकाको मुख्य अन्नबालीमध्ये एक ................ हो।

(ख) गोबर मल र कम्पोस्ट मल प्रयोग गरिने खेतीलाई ................ खेती भनिन्छ।

(ग) निम, तितेपाती र लसुन मिसाएर ................ बनाउन सकिन्छ।

(घ) धान र मकै सुरक्षित राख्ने ठाउँलाई ................ भनिन्छ।

(ङ) जैमिनीमा ................ खेती प्रसिद्ध मानिन्छ।

## जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| धान | स्वास्थ्यकर उत्पादन |
| सुन्तला | किरा नियन्त्रण |
| जैविक विषादी | फलफूल खेती |
| भकारी | अन्नबाली |
| अर्गानिक खेती | भण्डारण गर्ने ठाउँ |

## हो वा होइन लेख्नुहोस् :

(क) जैमिनी नगरपालिका कृषिप्रधान क्षेत्र हो। ( )

(ख) अर्गानिक खेतीमा धेरै रासायनिक विषादी प्रयोग गरिन्छ। ( )

(ग) भण्डारण राम्रो नभए उत्पादन बिग्रन सक्छ। ( )

(घ) सुन्तला र केरा खेतीको प्रवर्धन भइरहेको छ। ( )

## दिइएका प्रश्नको ठिक (✓) उत्तर छान्नुहोस् :

**(क) अर्गानिक खेतीमा कुन मल प्रयोग गरिन्छ ?**

क. रासायनिक मल  ख. गोबर मल

ग. प्लास्टिक मल  घ. पेट्रोलियम मल

**(ख) जैविक विषादी बनाउन कुन वस्तु प्रयोग गरिन्छ ?**

क. सिमेन्ट  ख. प्लास्टिक

ग. निम र तितेपाती  घ. डिजेल

**(ग) उत्पादन सुरक्षित राख्ने ठाउँलाई के भनिन्छ ?**

क. पोखरी ख. भकारी

ग. बाटो घ. चौतारी




## छोटो उत्तर दिनुहोस् :

(क) अर्गानिक खेती किन महत्त्वपूर्ण छ ?

(ख) जैविक विषादीले के फाइदा गर्छ ?

(ग) जैमिनीमा उत्पादन हुने कुनै चार फलफूलको नाम लेख्नुहोस्।



## ठिक (✓) वा बेठिक (✗) लेख्नुहोस् :

(क) खेतीकिसानी जैमिनीका मानिसहरूको मुख्य पेसा हो। (.......)

(ख) फलफूल र तरकारी चिसो ठाउँमा राख्नुपर्छ। (.......)

(ग) उत्पादनको बजारीकरण आवश्यक हुँदैन। (.......)

(घ) आधुनिक खेतीले आम्दानी बढाउन मदत गर्छ। (.......)



## परियोजना कार्य : हाम्रो खेतीकिसानी

आफ्नो गाउँमा उत्पादन हुने कुनै एक अन्नबाली, फलफूल वा तरकारीको नाम लेख्नुहोस्।

(क) त्यो कसरी उत्पादन गरिन्छ ?

(ख) त्यसको दुईओटा फाइदा लेख्नुहोस् :

(क) ...................................... (ख) ......................................

# पशुपक्षीपालन

जैमिनी नगरपालिका कृषिसँगै पशुपक्षी पालनका लागि पनि प्रसिद्ध छ । यहाँका धेरै मानिसले खेतीसँगै गाईभैँसी र बाख्रा पालेका छन् । यहाँका केही किसानले कुखुरा, बङ्गुर, बट्टाई, मौरी तथा टर्की पालन गरेका छन्। धेरै किसानले यसैलाई आफ्नो पेसा बनाएका छन्। पशुपक्षीबाट मानिसले दुध, मासु, अन्डा, मह र अन्य खाद्य पदार्थ पाउँछन्। यो आम्दानीको राम्रो स्रोत पनि बनेको छ।



गाईभैँसी



बाख्रा



कुखुरा



बङ्गुर



बट्टाई



मौरी

जैमिनी नगरपालिकाका अधिकांश गाउँघरमा गाईभैंसी पाल्ने चलन छ। गाईभैंसीबाट दुध, दही, घिउ र मल पाइन्छ। गोबरबाट कम्पोस्ट मल बनाएर खेतबारीमा प्रयोग गर्न सकिन्छ। बाख्रापालनबाट मासु उत्पादन हुन्छ। कुखुरापालनबाट अन्डा र मासु पाइन्छ। जैमिनी नगरपालिकाको वडा न. १० मा बङ्गुरपालन गरिएको छ। बङ्गुरपालनबाट राम्रो आम्दानी हुन्छ। यहाँका धेरै किसान यसतर्फ आकर्षित भइरहेका छन्।

जैमिनी नगरपालिकामा मौरीपालन गरिन्छ। मौरी महका लागि पालिन्छ। मौरीले फूलबाट रस सङ्कलन गरेर मह बनाउँछ। मह स्वास्थ्यका लागि निकै उपयोगी हुन्छ। यसले शरीरलाई शक्ति दिन्छ। यसले हामीलाई विभिन्न रोगबाट बचाउन मदत गर्छ। मौरीपालन गर्दा सफा र शान्त ठाउँ छनोट गर्नुपर्छ। मौरीलाई आवश्यक चरन मिलाउनुपर्छ।

नगरपालिकाका केही क्षेत्रमा माछापालन गर्न सकिन्छ। पोखरी वा तालमा माछा पाल्न सकिन्छ। माछा स्वास्थ्यका लागि पोषणयुक्त खाना हो। यसबाट किसानले राम्रो आम्दानी

गर्न सक्छन्। यहाँको पानी ट्राउट माछाका लागि उपयुक्त छ। यो माछा निकै प्रसिद्ध छ। पशुपक्षी पालन गर्दा तिनको उचित स्याहार गर्नुपर्छ।

सफा गोठ बनाउने, समयमै दानापानी दिने र नियमितरूपमा खोप लगाउने काम आवश्यक हुन्छ। पशुपक्षी बिरामी भएमा तुरुन्त पहिचान गरेर उपचार गर्नुपर्छ। गाईभैँसीले खाना नखाने, ज्वरो आउने, दुध कम दिने वा कमजोर देखिने भएमा रोग लागेको हुन सक्छ। कुखुरा सुस्त हुने, दाना नखाने वा पखाला लाग्ने भएमा पनि रोगको सङ्केत हुन सक्छ। यस्तो अवस्थामा पशु स्वास्थ्यकर्मी वा पशु चिकित्सकको सल्लाह लिनुपर्छ।

पशुपक्षी पालनले गाउँघरमा रोजगारी सिर्जना गर्छ। यसले परिवारको आम्दानी बढाउनुका साथै पोषणयुक्त खाना उपलब्ध गराउँछ। पशुपालनबाट प्राप्त मलले खेती सुधार गर्न मदत गर्छ। त्यसैले पशुपक्षी पालनलाई कृषिको महत्त्वपूर्ण भाग मानिन्छ। वैज्ञानिक तरिका अपनाएर पशुपक्षी पालन गरियो भने आत्मनिर्भर बन्न सकिन्छ। आधुनिक प्रविधि, सरसफाइ र उचित व्यवस्थापनका माध्यमबाट पशुपालन व्यवसायलाई अझ प्रभावकारी बनाउन सकिन्छ। त्यसैले पशुपक्षी पालन हाम्रो जीवन र आर्थिक विकासका लागि अत्यन्त महत्त्वपूर्ण छ।

जैमिनी नगरपालिका को कृषि शाखाले किसानहरूका लागि एक दिने कृषि प्रशिक्षण कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा नगरपालिकाका विभिन्न वडाका किसानहरूको सहभागिता रहेको थियो। प्रशिक्षण कार्यक्रममा कृषि शाखाका प्रमुख हरिप्रसाद अधिकारीले किसानलाई जैविक विषादी, अर्गानिक खेती र खेतीबालीमा लाग्ने रोगका बारेमा जानकारी दिनुभयो।

## क्रियाकलाप गर्नुहोस् :

### खाली ठाउँ भर्नुहोस् :

(मौरीपालन, बङ्गुरपालन, मह, माछापालन, कम्पोस्ट मल)

(क) मौरीले फूलबाट रस सङ्कलन गरेर ................ बनाउँछ।

(ख) गोबरबाट ................ बनाएर खेतबारीमा प्रयोग गर्न सकिन्छ।


(ग) जैमिनी नगरपालिका वडा नं. १० मा ................ गरिएको छ।

(घ) पोखरी वा तालमा ................ गर्न सकिन्छ।

(ङ) ................ बाट राम्रो आम्दानी गर्न सकिन्छ।

### जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| गाईभैँसी पालन | अन्डा र मासु |
| मौरीपालन | मासु उत्पादन |
| माछापालन | मह उत्पादन |
| बाख्रापालन | पोखरीमा गरिने |
| कुखुरापालन | दुध र घिउ |




## हो वा होइन लेख्नुहोस् :

(क) मौरीपालनबाट मह उत्पादन हुन्छ।   (  )

(ख) पशुपक्षी बिरामी भए उपचार गर्नुपर्दैन।  (  )

(ग) माछा पोषणयुक्त खाना हो।   (  )

(घ) गोठ सफा राख्नु आवश्यक हुँदैन।   (  )



## दिइएका प्रश्नको ठिक (✓) उत्तर छान्नुहोस् :

**(क) मौरीले के उत्पादन गर्छ ?**

क. घिउ    ख. मह

ग. दही    घ. तेल

**(ख) गाईभैँसीबाट के पाइन्छ ?**

क. दुध    ख. अन्डा

ग. मह    घ. माछा

**(ग) माछापालन कहाँ गरिन्छ ?**

क. गोठमा    ख. बारीमा

ग. पोखरीमा    घ. जङ्गलमा



## छोटो उत्तर दिनुहोस् :

(क) पशुपक्षी पालन किन महत्त्वपूर्ण छ ?

(ख) मौरीपालनबाट के फाइदा हुन्छ ?

(ग) पशुपक्षी बिरामी भए के गर्नुपर्छ ?

### ठिक (✓) वा बेठिक (✗) लेख्नुहोस् :

(क) पशुपालनले आम्दानी बढाउँछ।  (.......)

(ख) मह स्वास्थ्यका लागि लाभदायक हुन्छ।  (.......)

(ग) पशुपक्षीलाई समयमै दानापानी दिनुपर्छ।  (.......)

(घ) बिरामी पशुपक्षीलाई उपचार गर्नु पर्दैन।  (.......)

### परियोजना कार्य : हाम्रो गाउँको पशुपालन

१. आफ्नो गाउँमा पालिने कुनै एक पशु वा पक्षीको नाम लेख्नुहोस्।

२. त्यसबाट पाइने दुई वस्तुको नाम लेख्नुहोस् :

(क) ......................................

(ख) ......................................

३. पशुपक्षीलाई कसरी स्याहार गर्नुपर्छ लेख्नुहोस्।

४. आफूलाई मन पर्ने पशु वा पक्षीको चित्र बनाई कक्षामा प्रस्तुत गर्नुहोस्।

पाठ : बाह्र

# अर्गानिक खेती र जैविक विषदी

जैमिनी नगरपालिकामा कृषक सचेतीकरण कार्यक्रम आयोजना भएको छ । यस कार्यक्रममा जैमिनी नगरपालिकाका कृषि शाखा प्रमुख आउनुभएको छ। यस कार्यक्रममा उहाँ नै प्रमुख वक्ताका रुपमा रहनुभएको छ। कार्यक्रममा आफ्नो विचार राख्दै प्रमुख अधिकारीले भन्नुभयो– अर्गानिक खेती भनेको रासायनिक मल र विषादी कम प्रयोग गरेर गोबर मल, कम्पोस्ट मल तथा जैविक विषादी प्रयोग गरी गरिने खेती हो। यस प्रकारको खेतीबाट उत्पादन भएका तरकारी, फलफूल र अन्न स्वास्थ्यका लागि सुरक्षित हुन्छन्।



जैविक मल बनाउने विधि

उहाँले जैविक विषादी बनाउने तरिका पनि सिकाउनुभयो। उहाँले निम, तितेपाती, लसुन, प्याज र खुर्सानीलाई राम्रोसँग पिसेर पानीमा मिसाई केही दिन राखेपछि जैविक विषादी तयार हुने बताउनुभयो । उहाँले उक्त विषादी बालीमा छर्किँदा किरा नियन्त्रण गर्न मदत पुग्ने जानकारी दिनुभयो। जैविक विषादी प्रयोग गर्दा माटाको उर्वराशक्ति जोगिन्छ। वातावरण प्रदूषित हुँदैन। मानिसको स्वास्थ्यमा पनि असर पर्दैन। यसले उत्पादनलाई अर्गानिक बनाउन मदत गर्छ।

त्यसपछि उहाँले खेतीबालीमा लाग्ने रोगका बारेमा जानकारी दिनुभयो । धानमा पात पहेँलो हुने, गहुँमा डाँठ सुक्ने, गोलभेँडामा पात कुहिने तथा आलुमा डढुवा रोग लाग्न सक्ने बताउनुभयो । बालीमा किराले पात खाने, बोट ओइलाउने वा फल कुहिने समस्या देखिएमा तुरुन्त रोग पहिचान गर्नुपर्ने उहाँको सुझाव थियो । धेरै किरा लागे भने के गर्ने भन्ने किसानको प्रश्नको उत्तर दिँदै उहाँले भन्नुभयो— पहिले जैविक विषादी प्रयोग गर्नुपर्छ । धेरै समस्या भएमा कृषि प्राविधिकको सल्लाहअनुसार सुरक्षित कीटनाशक औषधी प्रयोग गर्न सकिन्छ । औषधी प्रयोग गर्दा मात्रा र समयको विशेष ध्यान दिनुपर्छ ।

उहाँले किसानलाई खेतबारी सफा राख्न, राम्रो बिउ प्रयोग गर्न र बाली चक्र अपनाउन पनि सुझाव दिनुभयो । यस्तो कामबाट रोग र किराको समस्या कम हुने उहाँले बताउनुभयो । हामीले अर्गानिक खेतीलाई बढावा दियौँ भने स्वस्थ उत्पादन गर्न सकिन्छ । यसले किसानको आम्दानी बढाउनुका साथै वातावरण संरक्षणमा पनि सहयोग गर्छ भन्ने कुरामा उहाँले जोड दिनुभयो । प्रशिक्षणपछि किसानहरूले जैविक विषादी बनाउने तरिका, खेतीबालीको रोग पहिचान गर्ने उपाय र अर्गानिक खेतीको महत्त्वबारे कार्यशाला पनि सञ्चालन गरिएको थियो । किसानले यस कार्यक्रमबाट कृषिसम्बन्धी धेरै कुरा बुझ्ने अवसर पाएका थिए ।

## क्रियाकलाप गर्नुहोस् :

### खाली ठाउँ भर्नुहोस् :

(जैविक विषादी, कम्पोस्ट मल, अर्गानिक खेती, डढुवा, निम)

(क) गोबर र कुहिएको वस्तुबाट ................ बनाइन्छ।

(ख) रासायनिक मल कम प्रयोग गरेर गरिने खेतीलाई ................ भनिन्छ।

(ग) आलुमा लाग्ने एक रोग ................ हो।

(घ) ................ को पात प्रयोग गरेर जैविक विषादी बनाउन सकिन्छ।

(ङ) किरा नियन्त्रण गर्न ................ प्रयोग गरिन्छ।

### जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| अर्गानिक खेती | डाँठ सुक्ने |
| धानमा लाग्ने रोग | पात कुहिने |
| गहुँमा लाग्ने रोग | रासायनिक मल धेरै प्रयोग गर्ने |
| गोलभेँडाको समस्या | पात पहेँलो हुने |
| जैविक विषादी | माटो बिगार्ने |




## हो वा होइन लेख्नुहोस् :

(क) जैविक विषादीले किरा नियन्त्रण गर्न मदत गर्छ।      (   )

(ख) अर्गानिक खेती स्वास्थ्यका लागि राम्रो हुँदैन।      (   )

(ग) बाली चक्र अपनाउँदा रोग कम हुन्छ।      (   )

(घ) खेतबारी फोहोर राख्दा राम्रो उत्पादन हुन्छ।      (   )



## दिइएका प्रश्नको ठिक (✓) उत्तर छान्नुहोस् :

**(क) जैविक विषादी बनाउन कुन वस्तु प्रयोग गरिन्छ ?**

क. प्लास्टिक      ख. निम      ग. ढुङ्गा, सिमेन्ट

**(ख) आलुमा लाग्ने रोग कुन हो ?**

क. ज्वरो      ख. डढुवा

ग. खोकी      घ. पखाला

**(ग) अर्गानिक खेतीमा के प्रयोग गरिन्छ ?**

क. धेरै रासायनिक मल      ख. प्लास्टिक

ग. गोबर मल      घ. पेट्रोल



## छोटो उत्तर दिनुहोस् :

(क) अर्गानिक खेती भनेको के हो ?

(ख) जैविक विषादी किन प्रयोग गरिन्छ ?

(ग) बालीमा रोग लागे के गर्नुपर्छ ?

## ठिक (✓) वा बेठिक (✗) लेख्नुहोस् :

(क) जैविक विषादीले माटाको उर्वराशक्ति जोगाउँछ। (......)

(ख) सुरक्षित कीटनाशक औषधी जथाभावी प्रयोग गर्नुपर्छ। (......)

(ग) राम्रो बिउ प्रयोग गर्दा उत्पादन राम्रो हुन्छ। (......)

(घ) खेतबारी सफा राख्नु आवश्यक हुँदैन। (......)

## परियोजना कार्य : हाम्रो खेतीबारी

१. आफ्नो गाउँमा उत्पादन हुने एक अन्नबालीको नाम लेख्नुहोस्।

२. त्यसमा लाग्ने एक रोगको नाम लेख्नुहोस्।

३. जैविक विषादी बनाउन प्रयोग हुने दुई वस्तुको नाम लेख्नुहोस् :

(क) ...................................... (ख) .......................................

एकाइ : पाँच

# शिक्षा, स्वास्थ्य र खेलकुद



# हाम्रा विद्यालय

एकदिन सुदृष्टि, कल्पना र दीपक विद्यालय जाँदै थिए । उनीहरू बाटामा कुराकानी गरिरहेका थिए । उनीहरूको कुराकानीको विषय विद्यालयको प्रकार थियो । जैमिनी नगरपालिकामा तीन किसिमका विद्यालय छन् । यिनीहरूले तिनै विद्यालयका बारेमा कुराकानी गरेका छन् ।

सुदृष्टि : हिजो सरले साधारण, प्राविधिक र धार्मिक विद्यालयका बारेमा पढाउनुभयो । मलाई अझै राम्रोसँग बुझ्न मन लागेको छ ।

कल्पना : हो नि । मलाई पनि तीनओटै विद्यालयका बिचको फरक के हो भन्ने जान्न मन छ ।

दीपक : मैले बुझेको कुरा भन्छु है । साधारण विद्यालय भनेको सामान्य विषय पढाइ हुने विद्यालय हो । यहाँ नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान, सामाजिक अध्ययन जस्ता विषय पढाइ हुन्छन् ।



सुदृष्टि : त्यसो भए अधिकांश विद्यार्थी साधारण विद्यालयमै पढ्छन् होला है ?

दीपक : हो। जैमिनी नगरपालिकामा धेरैजसो विद्यालय साधारण प्रकारका छन्। यस्ता विद्यालयले विद्यार्थीलाई आधारभूत ज्ञान दिन्छन्। यिनले भविष्यमा उच्च शिक्षा अध्ययन गर्न सहयोग गर्छन्।

कल्पना : प्राविधिक विद्यालय भनेको के हो त ?

दीपक : प्राविधिक विद्यालयमा सामान्य शिक्षासँगै सिपमूलक शिक्षा पनि दिइन्छ। यहाँ कृषि, कम्प्युटर, पशुपालन, इन्जिनियरिङ, स्वास्थ्य जस्ता प्राविधिक विषय पढाइ हुन्छन्।

सुदृष्टि : त्यसो भए प्राविधिक विद्यालयमा पढ्ने विद्यार्थीले छिटै काम गर्न सक्ने सिप सिक्ने रहेछन्।

कल्पना : हो। यस्तो शिक्षा पढेपछि विद्यार्थीले रोजगारी पाउन वा आफैँ व्यवसाय गर्न सजिलो हुन्छ।

दीपक : सही भन्यौ। अहिले जैमिनीमा पनि प्राविधिक शिक्षालाई महत्त्व दिन थालिएको छ। केही विद्यालयमा कृषि र प्राविधिक विषय पढाइ हुने व्यवस्था गरिएको छ।

सुदृष्टि : धार्मिक विद्यालय भनेको चाहिँ कस्तो हुन्छ ?

कल्पना : धार्मिक विद्यालयमा धर्म, संस्कार, नैतिक शिक्षा र धार्मिक ग्रन्थका विषय पढाइ हुन्छन्। संस्कृत भाषा, वेद, पुराण र पूजापाठका विधि पनि सिकाइन्छ।

दीपक : यस्ता विद्यालयले विद्यार्थीलाई अनुशासन, संस्कार र नैतिक शिक्षा दिन्छन्। धार्मिक क्षेत्रमा रुचि भएका विद्यार्थीका लागि यस्तो विद्यालय उपयोगी हुन्छ।

सुदृष्टि : साधारण विद्यालयले सामान्य शिक्षा दिन्छ । प्राविधिक विद्यालयले सिप सिकाउँछ । धार्मिक विद्यालयले धर्म तथा संस्कारको शिक्षा दिन्छ ।

कल्पना : हो । विद्यार्थीको रुचि र लक्ष्यअनुसार विद्यालय छनोट गर्नुपर्छ ।

दीपक : कसैलाई डाक्टर, शिक्षक वा अफिसर बन्न मन छ भने साधारण शिक्षा उपयोगी हुन सक्छ । सिप सिकेर काम गर्न चाहनेका लागि प्राविधिक शिक्षा ठिक हुन्छ । धर्म र संस्कृतिका बारेमा अध्ययन गर्न चाहनका लागि धार्मिक विद्यालय ठिक हुन्छन् ।

सुदृष्टि : हाम्रो जैमिनीमा यी सबै प्रकारका विद्यालय हुनु राम्रो कुरा रहेछ ।

कल्पना : जैमिनीका विद्यार्थीले आफ्नो इच्छा र क्षमताअनुसार शिक्षा लिने अवसर पाएका छन् ।





दीपक : ठिक हो । शिक्षा नै भविष्य बनाउने मुख्य आधार हो ।

तीनै जना साथी कुरा गर्दै विद्यालय पुगेको पत्तै भएन । विद्यालयमा अरु साथी पनि आउनुभएको रहेछ । सबै जनाले आआफ्ना झोला कक्षामा राखेर साथीसँग कुराकानी गर्न थाल्नुभयो ।



## क्रियाकलाप गर्नुहोस् :



### खाली ठाउँ भर्नुहोस् :

(प्राविधिक, धार्मिक, साधारण, संस्कार, सिपमूलक)

(क) सामान्य विषय पढाइ हुने विद्यालयलाई ................ विद्यालय भनिन्छ।

(ख) धर्म र नैतिक शिक्षा दिइने विद्यालय ................ विद्यालय हो।

(ग) कृषि, कम्प्युटर र स्वास्थ्य विषय पढाइ हुने विद्यालय ................ विद्यालय हो।


(घ) प्राविधिक विद्यालयमा ................ शिक्षा दिइन्छ।

(ङ) धार्मिक विद्यालयले विद्यार्थीलाई अनुशासन र ................ सिकाउँछ।



### जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| साधारण विद्यालय | धर्म र संस्कार |
| प्राविधिक विद्यालय | सामान्य शिक्षा |
| धार्मिक विद्यालय | कृषि र कम्प्युटर |
| संस्कृत भाषा | प्राविधिक शिक्षा |
| सिपमूलक शिक्षा | वेद र पुराण |




## हो वा होइन लेख्नुहोस् :

(क) प्राविधिक विद्यालयमा सिप सिकाइन्छ। ( )

(ख) धार्मिक विद्यालयमा विज्ञान पढाइ हुँदैन। ( )

(ग) साधारण विद्यालयले आधारभूत ज्ञान दिन्छ। ( )

(घ) शिक्षा भविष्य निर्माणको आधार हो। ( )



## दिइएका प्रश्नको ठिक (✓) उत्तर छान्नुहोस् :

**(क) सिपमूलक शिक्षा कहाँ दिइन्छ ?**

क. साधारण विद्यालय  
ख. धार्मिक विद्यालय  
ग. प्राविधिक विद्यालय  
घ. खेल मैदान

**(ख) धार्मिक विद्यालयमा के पढाइ हुन्छ ?**

क. वेद र पुराण  
ख. खेतीबारी  
ग. उद्योग  
घ. यातायात

**(ग) सामान्य विषय पढाइ हुने विद्यालय कुन हो ?**

क. प्राविधिक विद्यालय  
ख. धार्मिक विद्यालय  
ग. साधारण विद्यालय  
घ. वन विद्यालय



## छोटो उत्तर दिनुहोस् :

(क) साधारण विद्यालयले कस्तो शिक्षा दिन्छ ?

(ख) प्राविधिक विद्यालय किन महत्त्वपूर्ण छ ?

(ग) धार्मिक विद्यालयमा के सिकाइन्छ ?

## ठिक (✓) वा बेठिक (✗) लेख्नुहोस् :

(क) प्राविधिक शिक्षाले रोजगारी पाउन मदत गर्छ।  (.......)

(ख) धार्मिक विद्यालयमा नैतिक शिक्षा दिइन्छ।  (.......)

(ग) सबै विद्यार्थीले एउटै प्रकारको विद्यालय पढ्नुपर्छ।  (.......)

(घ) शिक्षा भविष्य निर्माणको आधार हो।  (.......)

## परियोजना कार्य : हाम्रो विद्यालय

१. आफ्नो विद्यालयको नाम लेख्नुहोस्।

२. आफ्नो विद्यालय कुन प्रकारको हो लेख्नुहोस्।

३. विद्यालयमा पढाइ हुने दुई विषयको नाम लेख्नुहोस् :

(क) ................................  (ख) ...................................

४. आफ्नो विद्यालयको चित्र बनाई कक्षामा देखाउनुहोस्।

पाठ : चौध

# शैक्षिक र बौद्धिक व्यक्ति

शिक्षाका माध्यमबाट ज्ञान प्राप्त हुन्छ। जैमिनी नगरपालिकामा धेरै शैक्षिक तथा बौद्धिक व्यक्तिको बसोबास रहेको छ । शिक्षाले मानिसलाई सही बाटोमा हिँड्न सिकाउँछ । बौद्धिकताले सही निर्णय गर्न सक्ने क्षमता दिन्छ। शिक्षा र बुद्धि भएका व्यक्ति नै समाजको असल भूमिकामा रहेका हुन्छन् ।

शिक्षा हासिल गरेर ज्ञान, सिप र राम्रो व्यवहार सिकेको व्यक्तिलाई शिक्षित भनिन्छ । विद्यालय, कलेज वा अन्य माध्यमबाट शिक्षा लिएर समाजमा सकारात्मक काम गर्ने मानिस शिक्षित व्यक्ति हो । शिक्षित व्यक्तिले शिक्षाका क्षेत्रमा गर्ने काम नै शैक्षिक हो । गहिरो सोच, विवेक, ज्ञान र अनुभवका आधारमा समाजलाई सही मार्गदर्शन गर्न सक्ने व्यक्तिलाई बौद्धिक भनिन्छ। बौद्धिक व्यक्तिले आफू मात्र होइन, अरूलाई पनि राम्रो बाटो देखाउँछ।



शैक्षिक र बौद्धिक बन्नका लागि नियमित अध्ययन, अनुशासन, मिहिनेत र असल आचरण आवश्यक हुन्छ। मानिसको ज्ञान देखावटी कुरा होइन। देखावटी कुराका आधारमा मानिस महान् बन्न सक्दैन। वास्तविक ज्ञान, राम्रो व्यवहार र सत्कर्मले मात्र मानिसलाई सम्मानित बनाउँछ। यस सम्बन्धमा संस्कृतमा एउटा प्रसिद्ध श्लोक छ :

**"विद्या ददाति विनयं, विनयाद् याति पात्रताम्।**
**पात्रत्वात् धनमाप्नोति, धनात् धर्मं ततः सुखम्॥"**

यस श्लोकले हामी सिकाएको छ : विद्याले विनय दिन्छ। विनयबाट योग्य बन्न सकिन्छ। योग्य व्यक्तिले धन कमाउँछ र धनबाट धर्म तथा सुख प्राप्त हुन्छ। त्यसले शिक्षित र विनयी व्यक्ति नै जीवनमा सफल हुन सक्छ। विद्यामा घमन्ड र अहङ्कार रहँदैन। जानेको बुझेको व्यक्तिमा हुने गुण भनेको विनयशील हो। त्यसैले हामी पनि विनयी बन्नुपर्छ। अरुको निन्दा होइन सम्मान गर्नुपर्छ। सम्मान गर्ने बानीले नै हामीलाई सबै क्षेत्रमा सफल बनाउँछ। विद्याको महिमा प्रस्तुत गरिएको अर्को संस्कृत भाषाको श्लोकबाट पनि विद्याको महत्त्व थाहा पाउन सकिन्छ :

**विद्वत्त्वं च नृपत्वं च नैव तुल्यं कदाचन।**
**स्वदेशे पूज्यते राजा विद्वान् सर्वत्र पूज्यते॥**

विद्वान् र राजा (नेतृत्व गर्ने उच्च पदस्थ व्यक्ति) का बिचमा कहिल्यै पनि तुलना हुँदैन। राजाले स्वदेशमा मात्र सम्मान पाउँछन् वा पुजिन्छन् तर विद्वान् सबैतिर पुजिन्छ। विद्या केवल पुस्तकको ज्ञान होइन, यो त कुनै पनि कुराप्रतिको दृष्टिकोण हो। असल र खराब छुट्याउन सक्ने विवेक हो। ज्ञानको ज्योति हो। यसले मानिसको जीवनलाई उज्यालो बाटामा लैजान्छ।

शैक्षिक तथा बौद्धिक व्यक्तित्वहरूले विद्यालय स्थापना, साहित्य सिर्जना, सामाजिक जागरण र संस्कृतिको संरक्षणमा महत्त्वपूर्ण योगदान दिएका हुन्छन् । यस्ता व्यक्तिले ज्ञानका माध्यमबाट सामाजलाई असल बाटामा हिँडाएका हुन्छन्। यिनीहरूले समाजलाई सचेत बनाउने काम गरेका हुन्छन्। यस्ता व्यक्तित्वहरूको योगदानले समाजलाई उज्यालो बनाएको हुन्छ।

असल आचरण पनि शैक्षिक र बौद्धिक व्यक्तिमा हुनुपर्ने महत्त्वपूर्ण गुण हो । शिक्षक, अभिभावक र समाजका असल व्यक्तिहरूको व्यवहारबाट हामीले राम्रा कुरा सिक्नुपर्छ। झुट बोल्ने, अरूलाई धोका दिने वा देखावटी व्यवहार गर्ने व्यक्ति वास्तविक अर्थमा बौद्धिक हुँदैन। साँचो ज्ञान भएको व्यक्ति नम्र, सहयोगी र जिम्मेवार हुन्छ।

हामी पनि सानैदेखि नियमित अध्ययन गर्ने, शिक्षकको आदर गर्ने, समयको सदुपयोग गर्ने र राम्रो व्यवहार अपनाउने बानी बसाल्नुपर्छ। यसो गरेमा भविष्यमा हामी पनि शिक्षित, बौद्धिक र सफल व्यक्ति बन्न सक्छौँ। यसरी वास्तविक ज्ञान, मिहिनेत र असल आचरणले मानिसलाई जीवनमा सफल बनाउँछ। शिक्षा र बुद्धिको उज्यालो फैलाएर नै समाजलाई राम्रो र सभ्य बनाउन सकिन्छ।



## क्रियाकलाप गर्नुहोस् :



### खाली ठाउँ भर्नुहोस् :

(विनय, बौद्धिक, विद्या, आचरण, शैक्षिक)

(क) शिक्षा हासिल गरेर ज्ञान र सिप सिकेको व्यक्तिलाई ................ व्यक्ति भनिन्छ।

(ख) गहिरो सोच र विवेक भएको व्यक्तिलाई ................ भनिन्छ।

(ग) विद्या ददाति ................ भन्ने श्लोक प्रसिद्ध छ।

(घ) असल ................ ले मानिसलाई सम्मानित बनाउँछ।

(ङ) ................ सबैभन्दा ठुलो धन हो।



### जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| शैक्षिक व्यक्ति | ज्ञान र सिप |
| बौद्धिक व्यक्ति | सम्मान प्राप्त गर्ने |
| विद्या सबैभन्दा | गहिरो सोच |
| विनयशील व्यक्ति | असल व्यवहार |
| असल आचरण | ठुलो धन |




### हो वा होइन लेख्नुहोस् :

(क) विद्या खर्च गर्दा घट्छ। ( )

(ख) बौद्धिक व्यक्तिले समाजलाई सही बाटो देखाउँछ। ( )

(ग) देखावटी व्यवहारले मानिस महान् बन्छ।        (   )

(घ) नियमित अध्ययन गर्नु आवश्यक छ।        (   )



## दिइएका प्रश्नको ठिक (✓) उत्तर छान्नुहोस् :

**(क) विद्या ददाति विनयं श्लोकले के दिन्छ ?**

क. रिस        ख. विनय

ग. घमण्ड        घ. डर

**(ख) बौद्धिक व्यक्तिमा कुन गुण हुन्छ ?**

क. अहङ्कार        ख. आलस्य

ग. विवेक        घ. झगडा

**(ग) सबैभन्दा ठुलो धन कुन हो ?**

क. घर        ख. पैसा

ग. विद्या        घ. कपडा




## छोटो उत्तर दिनुहोस् :

(क) शैक्षिक व्यक्ति भनेको कस्तो व्यक्ति हो ?

(ख) बौद्धिक व्यक्ति किन महङ्वपूर्ण हुन्छ ?

(ग) असल आचरण किन आवश्यक छ ?

 ठिक (✓) वा बेठिक (✗) लेख्नुहोस् :

(क) वास्तविक ज्ञानले मानिसलाई सफल बनाउँछ। (.........)

(ख) झुट बोल्ने व्यक्ति असल बौद्धिक हुन्छ। (.........)

(ग) शिक्षकको आदर गर्नुपर्छ। (.........)

(घ) समयको सदुपयोग गर्नु राम्रो बानी हो। (.........)

 परियोजना कार्य : हाम्रो प्रेरणादायी व्यक्ति

१. आफ्नो गाउँ वा विद्यालयका एक शिक्षित व्यक्तिको नाम लेख्नुहोस्।

२. उहाँले गरेको एक राम्रो काम लेख्नुहोस्।

३. आफूमा हुनुपर्ने दुई असल गुण लेख्नुहोस् :

(क) .....................................

(ख) .....................................

पाठ : पन्ध्र

# स्वास्थ्य संस्था र सेवा

एकदिन गुरुले स्वास्थ्य संस्थाका बारेमा पढाउनुभयो। उहाँले हामीलाई स्वास्थ्य संस्थाले गर्ने कामका बारेमा जानकारी दिनुभयो । गुरुले कक्षामा नै स्वास्थ्य संस्थाका बारेमा छलफल गर्ने जिम्मा हामीलाई दिनुभयो। सन्दीप, रचना र कविताले स्वास्थ्य संस्थाका बारेमा कुराकानी गर्नुभयो।

सन्दीप: आजको पाठ निकै उपयोगी लाग्यो। स्वास्थ्य संस्था हाम्रो जीवनका लागि कति आवश्यक रहेछन् भन्ने थाहा पाएँ।

रचना : हो नि। बिरामी हुँदा उपचार गर्न, खोप लगाउन र स्वास्थ्य जाँच गर्न स्वास्थ्य संस्था चाहिने रहेछ।

कविता : हाम्रो नगरपालिकामा पनि धेरै स्वास्थ्य संस्था रहेछन्। यहाँ १३ ओटा स्वास्थ्य संस्थाले सेवा दिइरहेका छन्।



आयुर्वेद अस्पताल



स्वास्थ्य चौकी

सन्दीप : मैले सुनेको थिएँ, यहाँ एउटा प्राथमिक स्वास्थ्य केन्द्र पनि छ रे ?

कविता : हो । त्यसैगरी जैमिनीमा आठओटा स्वास्थ्य चौकी, चारओटा सहरी स्वास्थ्य केन्द्र र दुईओटा आयुर्वेद औषधालय पनि रहेका छन् ।

रचना : आयुर्वेद औषधालयमा जडीबुटीबाट उपचार गरिन्छ होला है ?

कविता : सही भन्नुभयो । त्यहाँ आयुर्वेदिक औषधीबाट उपचार गरिन्छ ।

सन्दीप : हाम्रो गाउँमा महिला स्वास्थ्य स्वयम्सेविका पनि आउनुहुन्छ । उहाँहरूले के काम गर्नुहुन्छ ?

रचना : उहाँहरूले खोप अभियान, गर्भवती महिलाको हेरचाह, स्वास्थ्य सचेतना र सामान्य उपचार सेवा दिनुहुन्छ । हाम्रो नगरपालिकामा १३८ जना महिला स्वास्थ्य स्वयम्सेविकाले सेवा दिइरहनुभएको छ ।

कविता : यहाँ सात ओटा बर्थिङ सेन्टर पनि छन् । त्यहाँ सुरक्षितरूपमा बच्चा जन्माउने व्यवस्था गरिएको छ ।

सन्दीप : स्वास्थ्य संस्था नभएको भए मानिसले धेरै दुःख पाउँथे होला ।

रचना : हो । समयमै उपचार नपाउँदा सानो रोग पनि ठुलो हुन सक्छ ।

कविता : त्यसैले स्थानीय सरकारले स्वास्थ्यकर्मी, औषधी र उपचार सेवाको व्यवस्था गरेको छ । नगरपालिकाले नागरिकलाई सजिलै स्वास्थ्य सेवा उपलब्ध गराउने प्रयास गरिरहेको छ ।

सन्दीप : यहाँ सरकारीसँगै निजी स्वास्थ्य संस्था पनि सक्रिय रहेछन् नि !

रचना : हो । दुवैले नागरिकको स्वास्थ्य सुधार गर्न सहयोग गरिरहेका छन् ।

कविता : हामीले पनि स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको सम्मान गर्नुपर्छ । साथै सरसफाइ र स्वस्थ बानी अपनाएर रोगबाट बच्ने प्रयास गर्नुपर्छ । हामीले स्वास्थ्य संस्थाबाट तलका सुविधा पाउँछौँ :

बिरामीको उपचार सेवा



खोप सेवा

गर्भवती महिलाको जाँच

सुरक्षित सुत्केरी सेवा



बालस्वास्थ्य सेवा

आयुर्वेदिक उपचार सेवा



स्वास्थ्य परामर्श सेवा

औषधी वितरण सेवा

परिवार नियोजन सेवा



सरसफाइ तथा स्वास्थ्य सचेतना कार्यक्रम

पोषणसम्बन्धी जानकारी

आपत्कालीन स्वास्थ्य सेवा



## क्रियाकलाप गर्नुहोस् :



### खाली ठाउँ भर्नुहोस् :

(स्वास्थ्य चौकी, आयुर्वेद, खोप, बर्थिङ सेन्टर, उपचार)

(क) बिरामी हुँदा ................ सेवा लिन स्वास्थ्य संस्था जानुपर्छ।

(ख) जैमिनी नगरपालिकामा आठओटा ................ रहेका छन्।

(ग) जडीबुटीबाट गरिने उपचारलाई ................ उपचार भनिन्छ।

(घ) बालबालिकालाई रोगबाट बचाउन ................ लगाइन्छ।

(ङ) सुरक्षित रूपमा बच्चा जन्माउने ठाउँलाई ................ भनिन्छ।



### छोटो उत्तर दिनुहोस् :

(क) स्वास्थ्य संस्था किन आवश्यक छ ?

(ख) आयुर्वेदिक उपचार भनेको के हो ?

(ग) महिला स्वास्थ्य स्वयम्सेविकाले के सेवा दिनुहुन्छ ?




### हो वा होइन लेख्नुहोस् :

(क) स्वास्थ्य संस्था बिरामीको उपचारका लागि आवश्यक हुन्छ। (   )

(ख) आयुर्वेद औषधालयमा जडीबुटी प्रयोग गरिन्छ। (   )

(ग) स्वास्थ्यकर्मीको सम्मान गर्नु पर्दैन।  (  )

(घ) सरसफाइले रोगबाट बच्न मदत गर्छ।  (  )



## दिइएका प्रश्नको ठिक (✓) उत्तर छान्नुहोस् :

**(क) जैमिनी नगरपालिकामा कति स्वास्थ्य संस्था छन् ?**

क. ५ | ख. १०

ग. १३ | घ. २०

**(ख) सुरक्षित रूपमा बच्चा जन्माउने सेवा कहाँ पाइन्छ ?**

क. विद्यालय | ख. बर्थिङ सेन्टर

ग. बजार | घ. पुस्तकालय

**(ग) महिला स्वास्थ्य स्वयम्सेविकाले के काम गर्छन् ?**

क. सडक बनाउने | ख. खेती गर्ने

ग. स्वास्थ्य सेवा दिने | घ. खेल खेल्ने



## छोटो उत्तर दिनुहोस् :

(क) स्वास्थ्य संस्था किन आवश्यक छ ?

(ख) आयुर्वेदिक उपचार भनेको के हो ?

(ग) महिला स्वास्थ्य स्वयम्सेविकाले के सेवा दिनुहुन्छ ?

## ठिक (✓) वा बेठिक (✗) लेख्नुहोस् :

(क) खोपले रोगबाट बचाउँछ। (....)

(ख) स्वास्थ्य संस्था समाजका लागि उपयोगी हुन्छन्। (....)

(ग) सरसफाइ नगरे पनि स्वास्थ्य राम्रो हुन्छ। (....)

(घ) समयमै उपचार गर्नु आवश्यक हुन्छ। (....)

## परियोजना कार्य : हाम्रो स्वास्थ्य संस्था

१. आफ्नो गाउँ नजिकको स्वास्थ्य संस्थाको नाम लेख्नुहोस्।

२. त्यहाँ पाइने दुई सेवाको नाम लेख्नुहोस् :

(क) ........................................

(ख) ........................................

३. स्वास्थ्य राम्रो राख्न गर्नुपर्ने दुई काम लेख्नुहोस्।

४. स्वास्थ्य संस्थाको चित्र बनाई कक्षा पालैपालो देखाउनुहोस्।

पाठ : सोह्र

# योग तथा ध्यान

योग भनेको जोड्नु वा मिलाउनु हो। यसले शरीर, मन र इन्द्रियलाई मिलाउँछ। यसले मनलाई नियन्त्रण गर्छ। यसले शरीर, मन र इन्द्रियलाई एकाग्र बनाउँछ। विविध आसन, अभ्यास, साधना, ध्यान आदिका माध्यमबाट मन र शरीरलाई जोड्ने प्रक्रिया योग हो। योगले शरीर तथा मन दुवैलाई स्वस्थ राख्छ। यसले आनन्दपूर्वक जीवन बिताउने कला सिकाउँछ। योगका आठ अङ्ग छन्। यम अर्थात् सामाजिक अनुशासन, नियम अर्थात् आत्मानुशासन, आसन अर्थात् शारीरिक स्थिति, प्राणायाम अर्थात् श्वासप्रश्वासको व्यायामबाट शक्ति अभिवृद्धि, प्रत्याहार अर्थात् इन्द्रिय निग्रह, धारणा अर्थात् एकाग्रता, ध्यान अर्थात् सचेतनता र समाधि अर्थात् परमानन्द अवस्था रहेका छन्।



योग ध्यान

साधकले अष्टाङ्ग योगका यिनै विभिन्न अवस्थालाई पार गर्छ । साधक मनलाई आत्मज्ञानको बाटामा लगाउँछ। साधक सत्यको खोजी गर्दै परमानन्दको अवस्थासम्म पुग्न सक्छ। योग शरीर र मनको संयोजन हो। शरीरका माध्यमबाट मानसिकतालाई सन्तुलित गराउने क्रिया योगाभ्यासले गर्छ।

योगले आजको व्यस्त मानव समाजलाई मानसिक शीतलता प्रदान गर्छ। योगले आजको खानपान, रहनसहन तथा वातावरणीय प्रदूषणका कारण अत्यन्त तनाबग्रस्त जीवन बिताएका मानिसलाई सन्तुलित र व्यवस्थित जीवन प्रदान गर्छ। प्रत्येक उमेर समूहका व्यक्तिलाई योगाभ्यास गर्ने मार्गमा लगाएर राज्यले स्वस्थ समाजको निर्माण गर्न सक्छ। हामी पनि योगका माध्यमबाट स्वस्थ र सन्तुलित जीवन बिताउन सक्छौँ।

मन र शरीर अजस्र शक्तिको भण्डार हो। मनोशरीरभित्र रहेको शक्तिलाई जगाउने काम योगासन तथा अन्य योगक्रियाले गर्छन्। कुनै पनि आसन गर्दा श्वासप्रश्वासमा विशेष ध्यान केन्द्रित गर्नुपर्छ। योगमा श्वासप्रश्वासका तीनओटा क्रियाको विशेष महत्त्व छ। श्वासभित्र लिने क्रिया पूरक हो। श्वास बाहिर निकाल्ने क्रिया रेचक हो। श्वासलाई केही समय रोकेर राख्ने क्रिया 'कुम्भक' हो।

हामी सुखपूर्वक लामो समयसम्म स्थिर भएर बस्छौँ। यसैलाई अष्टाङ्ग योगको तेस्रो अङ्ग भनिन्छ। यसलाई तेस्रो अङ्ग आसन पनि भनिन्छ। यो व्यायामका रूपमा देखिन्छ। यो पद्धति संसारमा चलनचल्तीका रूपमा रहेका अन्य व्यायाम प्रक्रियाभन्दा फरक छ। सबै योगका आसनहरूको अभ्यास गर्दा पेट पूर्णरूपमा खाली हुनुपर्छ । योगासनले मानिसलाई मन, वचन र कर्मले स्वच्छ रहन सहयोग गर्छ।

योगासन एक प्रकारको शारीरिक व्यायाम हो । यसमा शरीरलाई लयबद्ध तरिकाले अगाडि, पछाडि, दाहिना, देब्रे मोड्नु र सिधा गर्नुपर्छ। यसमा केही क्रिया बसेर, केही क्रिया सुतेर र केही क्रिया उभिएर गरिन्छन्। योगासन कति प्रकारको छ निश्चितरूपमा भन्न सकिँदैन। सामान्य रूपमा लगभग एक सय आठ प्रकारका योगासन विधिको वर्णन गरिएको पाइन्छ।



## क्रियाकलाप गर्नुहोस् :



### खाली ठाउँ भर्नुहोस् :

(योग, पूरक, रेचक, कुम्भक, आसन)

(क) शरीर, मन र इन्द्रियलाई मिलाउने प्रक्रियालाई ................ भनिन्छ।

(ख) श्वास भित्र लिने प्रक्रियालाई ................ भनिन्छ।

(ग) श्वास बाहिर निकाल्ने प्रक्रियालाई ................ भनिन्छ।

(घ) श्वासलाई केही समय रोकेर राख्ने प्रक्रियालाई ................ भनिन्छ।

(ङ) सुखपूर्वक लामो समयसम्म स्थिर भएर बस्ने अभ्यासलाई ................ भनिन्छ।




### हो वा होइन लेख्नुहोस् :

(क) योगले शरीर र मनलाई स्वस्थ राख्छ। ( )

(ख) योग गर्दा पेट भरिएको हुनुपर्छ। ( )

(ग) योगले मानसिक शान्ति प्रदान गर्छ।　　　(　)

(घ) योगासन एक प्रकारको शारीरिक व्यायाम हो। (　)



## दिइएका प्रश्नको ठिक (✓) उत्तर छान्नुहोस् :

**(क) योगका कति अङ्ग छन् ?**

क. पाँच　　　　ख. सात

ग. आठ　　　　घ. दस

**(ख) श्वास बाहिर निकाल्ने प्रक्रियालाई के भनिन्छ ?**

क. पूरक　　　　ख. कुम्भक

ग. ध्यान　　　　घ. रेचक

**(ग) योगासन गर्दा पेट कस्तो हुनुपर्छ ?**

क. भरिएको　　　　ख. खाली

ग. आधा भरिएको　　　　घ. केही पनि फरक पर्दैन



## छोटो उत्तर दिनुहोस् :

(क) योगले मानिसलाई के फाइदा गर्छ ?

(ख) योगका तीन श्वासप्रश्वास प्रक्रियाका नाम लेख्नुहोस्।

(ग) योगासन गर्दा किन ध्यान दिनुपर्छ ?

## ठिक (✓) वा बेठिक (×) लेख्नुहोस् :

(क) योगले मनलाई नियन्त्रण गर्न मदत गर्छ।  (......)

(ख) योग केवल शारीरिक व्यायाम मात्र हो।  (......)

(ग) योगले मानसिक तनाव कम गर्छ।  (......)

(घ) योग सबै उमेरका व्यक्तिले गर्न सक्छन्।  (......)

## परियोजना कार्य : मेरो योग अभ्यास

१. आफूले गर्ने कुनै एक योगासनको नाम लेख्नुहोस्।

२. त्यो योगासन कसरी गरिन्छ ? लेख्नुहोस्।

३. त्यस योगासनका दुई फाइदा लेख्नुहोस् :

(क) ....................................  (ख) ....................................

४. आफूले गर्ने कुनै योगासनको चित्र बनाउनुहोस्।

एकाइ : छ

# पर्यटन



पाठ : सत्र

# हाम्रा धार्मिक तथा पर्यटकीय स्थल

जैमिनी नगरपालिकाका पहाडहरू बिहानको घामसँगै सुन झैँ चम्किरहेका थिए। विद्यालयमा दुई दिन लगातार बिदा परेकाले कमल, कोपिला र जनक नगरका पर्यटकीय स्थाल घुम्न निस्किएका थिए। उनीहरू पुरानो बाटो हुँदै डाँडातिर उक्लिरहेका थिए। यसैक्रममा उनीहरू रिठे डाँडा पुगे। त्यहाँबाट माथि हेर्दा हाँडीकोट धुरीको दृश्य निकै आकर्षक थियो। रिठे डाँडाबाट देखिने हिमाली दृश्यहरूमा लोभिँदै घुम्न आएका आन्तरिक पर्यटकहरू फोटो खिचिरहेका थिए। रिठेडाँडामा एकछिन रमाएका उनीहरू डाँडामाथि चढ्दै गए। बाटाभरि हरियो वन, चराको चिरबिर र टाढाबाट देखिने कालीगण्डकीको दृश्यले उनीहरूको मन रमाइरहेको थियो।



गाजाको दह





जैमिनीका मुख्य धार्मिक र पर्यटकीय स्थल

डाँडाको टुप्पामा पुगेपछि तलतिर फैलिएको गाउँ र वरिपरिका धार्मिक स्थलहरू देखिन्थे। कमलको आँखा टाढा नदीको किनारमा देखिएको मन्दिरतिर गयो। त्यो जैमिनी धाम थियो। गाउँका बुढापाकाले त्यस ठाउँको महत्त्वबारे धेरै कुरा सुनाउने गर्थे। त्यहाँ पुगेर पूजा गर्दा मनोकामना पूरा हुने विश्वास गरिन्थ्यो। धुरीबाट अलि थोरै पर पुगेपछि उनीहरूले एउटा पुरानो मन्दिर देखे। त्यो माईथान रहेछ। वरिपरि ठुला रुख थिए। शान्त वातावरणले ठाउँलाई अझ सुन्दर बनाएको थियो। जनकले त्यहाँ भएका ढुङ्गाका मूर्ति, ढोकामा कुँदिएका चित्र, साथै ढुङ्गामा लेखिएको भाषा र पुराना संरचना हेर्दै यस्ता ठाउँले इतिहास बोकेका हुन्छन् भन्ने कुरा सुनाए।

पर्यटकीय स्थलको भ्रमण गर्न हिँडेका उनीहरू अघि बढ्दै गए अलि पर गएपछि हाँडीकोट धुरी देखियो। हाँडीकोट धुरी अवलोकन गरेर फेरि ओरालो झरे। यसैक्रममा टाढाबाट जङ्गलको बिचमा कमलजैसी मन्दिर देखिँदै थियो। उनीहरू ठेउले खोलाको किनारमा पुगे, त्यहाँ एउटा मन्दिरसहितको प्रकृतिक मूर्ति देखियो । त्यस मन्दिरलाई गणेश मन्दिर पनि भनिँदो रहेछ। प्रकृतिक रुपमा रहेको हात्तीको टाउकाको आकृतिलाई हात्ती

ढुङ्गा भनिँदो रहेछ। ढुङ्गाको आकार साँच्चै हात्ती जस्तै थियो। त्यसलाई हेरेर तीनै जना निकै रमाए। कुस्मिसेरातिर फर्केर आइरहेका उनीहरू सेरा बजार नजिक रहेको शिवपुरी मन्दिरको दर्शन गरे। साँझ परिसकेकाले उनीहरू अन्य ठाउँमा घुम्न जान सकेनन्। गाउँहरूले ती ठाउँलाई धार्मिक आस्थाको केन्द्र मान्थे। कोपिलालाई विद्यालयमा पढेको कुरा सम्झना आयो। धार्मिक स्थल भनेका मन्दिर, थान, गुम्बा, मस्जिद र चर्च जस्ता पूजाआराधना गर्ने ठाउँ हुन्। यस्ता ठाउँले मानिसलाई आध्यात्मिक शान्ति दिन्छन्। पर्यटकीय स्थल भने प्राकृतिक सुन्दरता, ऐतिहासिक महत्त्व वा विशेष दृश्यका कारण मानिस घुम्न जाने ठाउँ हुन्। कतिपय स्थान धार्मिक र पर्यटकीय दुवै हुन सक्छन्। जैमिनी धाम त्यस्तै स्थल थियो।



शिवपुरी



जैमिनीबाट देखिने हिमाल



रानीबासे



कालुङ खोला



जैमिनीबाट देखिने हिमाल

भोलिपल्ट बिहान उनीहरू कुस्मिसेराबाट उकालो लागे बाटामा रहेको शिवपुरी, केटीचौर कमलजैसी मन्दिर, पाताल खर्क, सात खाल्टे, नाइको धुरीबाट देखिने धौलागिरि, अन्नपूर्ण, माछापुच्छ्रे, निलगिरि आदि हिमाली दृश्य हेर्दै गाजाको दह पुगे। दहको पानी निलो आकाश जस्तै देखिन्थ्यो । नजिकमा रहेको सिद्ध बराहको मूर्ति, देवीको मन्दिर, दहका आकर्षण थिए। जैमिनी नगरपालिकाको सबैभन्दा अग्लो धुरी गाजाको छाया दहमा स्पष्ट दखिन्थ्यो। त्यहाँबाट देखिने चारैतिरको भूभाग र हिमाली दृश्य मनमोहक थिए । यस्ता ठाउँको संरक्षण गर्न सके धेरै पर्यटक आउन सक्ने र गाउँका मानिसले होटल, पसल र स्थानीय उत्पादन बेचेर आम्दानी गर्न सक्ने साथै स्थानीय लोकसंस्कृति र परम्पराको प्रचार पनि हुनसक्ने कुरामा भ्रमणमा गएका सबै जना सहमत भए।

प्रकृतिले सुन्दर र धार्मिक रुपमा पवित्र रहेका यी ठाउँमा फोहोर देख्दा कमलको मन खिन्न भयो। दर्शनीय स्थलमा कतै प्लास्टिकका बोतल थिए, कतै मन्दिरका भित्तामा लेखोट गरिएको थियो। यस्ता कामले धार्मिक र पर्यटकीय स्थलको सौन्दर्य बिगारिरहेको थियो। घर फर्कने वेला उनीहरू तीनै जनाको मनमा एउटै कुरा खेलिरहेको थियो। आफ्नो गाउँका धार्मिक र पर्यटकीय स्थल जोगाउनुपर्छ। मन्दिर, थान, दह, डाँडा र पुराना संरचनाको संरक्षण गर्न सके मात्र भावी पुस्ताले पनि आफ्नो इतिहास र संस्कृतिलाई चिन्ने छन्। त्यस दिनदेखि कमल, कोपिला र जनकले गाउँमा सरसफाइ अभियान चलाउन थाले। उनीहरूले साथीहरूलाई पनि सार्वजनिक स्थलमा फोहोर नगर्न र पर्यटकलाई सम्मान गर्न सिकाए। धार्मिक स्थलले मानिसलाई आस्था र संस्कृतिसँग जोड्ने रहेछन्। पर्यटकीय स्थलले प्रकृतिको सौन्दर्य चिनाउने रहेछन्। दुवैले गाउँको पहिचान जोगाएर विकासको बाटो खोल्न सहयोग गर्ने रहेछन्।



## क्रियाकलाप गर्नुहोस् :



### खाली ठाउँ भर्नुहोस् :

(जैमिनी धाम, माईथान, गाजाको दह, पर्यटकीय, धार्मिक)

(क) मनोकामना पूरा हुने विश्वास गरिएको स्थल ................ हो।

(ख) पुरानो थानको नाम ................ हो।

(ग) निलो पानी भएको प्रसिद्ध दह ................ हो।

(घ) मन्दिर, गुम्बा र थानलाई ................ स्थल भनिन्छ।

(ङ) प्राकृतिक सुन्दरता भएका घुम्न जाने ठाउँलाई ................ स्थल भनिन्छ।




## हो वा होइन लेख्नुहोस् :

(क) जैमिनी धाम धार्मिक स्थल हो। ( )

(ख) गाजाको दहमा मानिस घुम्न जान्छन्। ( )

(ग) धार्मिक स्थलमा फोहोर गर्नुपर्छ। ( )

(घ) पर्यटकीय स्थलले आम्दानी बढाउन मद्दत गर्छ। ( )



## दिइएका प्रश्नको ठिक (✓) उत्तर छान्नुहोस् :

**(क) हात्ती ढुङ्गा किन प्रसिद्ध छ ?**

क. त्यहाँ मन्दिर भएकाले

ख. ढुङ्गाको आकार हात्ती जस्तै भएकाले

ग. त्यहाँ दह भएकाले

घ. त्यहाँ बजार भएकाले

**(ख) गाजाको दहमा पुगेपछि के देखिन्थ्यो ?**

क. रेलमार्ग

ख. ठुलो सहर

ग. निलो पानी र सुन्दर हिमाली दृश्य

घ. विमानस्थल

**(ग) धार्मिक स्थलले मानिसलाई के दिन्छ ?**

क. व्यापार

ख. आध्यात्मिक शान्ति

ग. खेल मैदान

घ. उद्योग




## छोटो उत्तर दिनुहोस् :

(क) धार्मिक स्थल भनेको के हो ?

(ख) पर्यटकीय स्थल किन महत्त्वपूर्ण हुन्छ ?

(ग) धार्मिक तथा पर्यटकीय स्थल कसरी संरक्षण गर्न सकिन्छ ?

 ठिक (✓) वा बेठिक (✗) लेख्नुहोस् :

(क) धार्मिक स्थलले संस्कृतिको संरक्षण गर्छ।  (........)

(ख) सार्वजनिक स्थलमा फोहोर गर्नु राम्रो काम हो।  (........)

(ग) पर्यटक आएपछि स्थानीय आम्दानी बढ्न सक्छ।  (.......)

(घ) पुराना संरचनाको संरक्षण गर्नु आवश्यक हुँदैन।  (........)

 परियोजना कार्य : हाम्रो गाउँको धार्मिक वा पर्यटकीय स्थल

१. आफ्नो गाउँको कुनै एक धार्मिक वा पर्यटकीय स्थलको नाम लेख्नुहोस्।

२. त्यो स्थल कहाँ पर्छ लेख्नुहोस्।

३. त्यस स्थलका दुई महत्त्व लेख्नुहोस्।

(क) ......................................

(ख) ......................................

# फूलबारी तथा बगैंचा निर्माण

हरित विद्यालयका आधारभूत पक्षहरूमा हरियाली प्रवर्धन, फोहोर व्यवस्थापन, पानी व्यवस्थापन तथा सरसफाइ, ऊर्जा व्यवस्थापन, सिकाइ केन्द्रको विकास र सञ्चालन अनि इको क्लब पर्छन्। हरियाली प्रवर्धन हरित विद्यालय कार्यक्रमको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो। हाम्रो वरिपरिको वातावरण सफा र स्वच्छ राख्न हरियाली प्रवर्धन गर्नुपर्छ। स्वच्छ र हरियालीयुक्त वातावरणबाट हामीले धेरै फाइदा लिन सक्छौँ। विद्यालयमा हरियाली प्रवर्धन गर्नु महत्त्वपूर्ण हुन्छ। विद्यालय परिसरमा हरियाली प्रवर्धन गरी स्वच्छ प्राकृतिक वातावरण निर्माण गर्न सकिन्छ। यसका लागि विद्यालयको वरिपरि रहेका खाली क्षेत्रहरूमा विभिन्न प्रकारका वनस्पति रोपेर त्यस ठाउँको हरियाली कायम गर्न र वातावरणको स्वच्छता बढाउन सकिन्छ। दिगो र योजनाबद्ध ढङ्गले हरित बगैँचा निर्माण गरी शिक्षण सिकाइमा प्रयोग गर्नुका साथै त्यहाँबाट आर्थिक लाभसमेत लिन सकिन्छ।



## विद्यालयमा हरियाली प्रवर्धनका उद्देश्य

विद्यालयमा हरियाली प्रवर्धन गर्नुको मुख्य उद्देश्य भनेको विद्यालयको खाली जमिन तथा स्थानको सदुपयोग गर्दै रमणीय वातावरण सिर्जना गर्नु हो । हरियाली प्रवर्धन कार्यक्रमका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) विद्यार्थीलाई बिरुवा हुर्काउन आवश्यक पर्ने आधारभूत ज्ञान, सिप प्रदान गर्दै नर्सरी स्थापना, वृक्षरोपण, करेसाबारी, फलफूल, पुष्प तथा जडीबुटी बगैँचा स्थापना गर्न प्रत्यक्ष रूपले संलग्न हुन ।

(ख) वनस्पतिले धेरै जीवजन्तुलाई वासस्थान प्रदान गर्ने भएकाले विद्यालय वरिपरिको क्षेत्रमा जैविक विविधता बढाउँदै उक्त क्षेत्रको प्राकृतिक सुन्दरता बढाउन ।

(ग) शिक्षण सिकाइ प्रक्रियामा पाठ्यक्रममा आधारित विषयवस्तु तथा क्रियाकलापको प्रत्यक्ष रूपमा अभ्यास गर्न ।

(घ) विद्यार्थी वातावरण संरक्षणसम्बन्धी कार्यहरूमा प्रत्यक्ष सहभागी भई उत्तरदायित्व बोध गर्न ।

(ङ) विद्यालयमा फलफूल तथा करेसाबारी स्थापना गरी हाम्रो सन्तुलित पोषण, शारीरिक तथा मानसिक विकासमा फलफूलको महत्त्व बुझाउन ।

(च) पर्याप्त जमिन भएका विद्यालयमा काष्ठजन्य, फलफूल, पुष्पखेती आदिको व्यावसायिक उत्पादन बेचबिखनबाट दिगो रूपमा आम्दानी लिन ।

(छ) विद्यालय क्षेत्रमा हरियाली कायम राख्दै विद्यालय हाता सुरक्षित बनाउन ।

## विद्यालयमा हरियाली प्रवर्धनका मुख्य कार्यक्षेत्रहरू

**(अ) वृक्षरोपण** : विद्यालयमा पर्याप्त जमिन भएको वृक्षरोपणमार्फत हरियाली कायम गर्न सकिन्छ। वृक्षरोपणका विभिन्न वातावरणीय फाइदा हुन्छन्। हामीमा बिरुवाहरूको संरक्षण गर्ने दायित्व बोध हुन्छ। विद्यालयमा विभिन्न प्रजातिका बिरुवाहरू रोप्न सकिन्छ।

**(आ) हरित घेराबारको निर्माण** : विद्यालयहरूले आफ्नो विद्यालय हातालाई सुरक्षित बनाउन वरिपरिबाट ढुङ्गा वा इँटाको पर्खाल वा तारबार लगाउनुका सट्टामा हरित घेराबार निर्माण गरी विद्यालयमा हरियाली वातावरण कायम गर्नुका साथै अनावश्यक खर्चसमेत घटाउन सकिन्छ। हरित घेराबारले विद्यालयको सुन्दरता बढाउनुका साथै वायु प्रदूषण न्यूनीकरणका तथा विभिन्न जीवजन्तु तथा चराचुरुङ्गीहरूलाई वासस्थान प्रदान गर्छन्।

**(इ) करेसाबारी स्थापना** : विद्यालय क्षेत्रमा हरियाली प्रवर्धन गर्न विद्यालयको करेसाबारी निर्माण गर्न सकिन्छ। विद्यालयको सानो क्षेत्र र कम लागतमा पनि करेसाबारी स्थापना गर्न सकिन्छ। त्यसैले धेरैजसो विद्यालयले यसलाई अवलम्बन गर्न सक्छन्। प्रत्येक विद्यालयमा करेसाबारी स्थापना गरी शिक्षण क्रियाकलापमा प्रयोगमा ल्याउन सकिन्छ।

**(ई) पुष्प उद्यान** : विद्यालयमा सानो वा ठुलो फूलबारी क्षेत्र बनाइएको हुन्छ। फूलबारी खुला जमिनका साथै कोठाभित्र वा बाहिर गमला, काठको फ्रेम, प्लास्टिकका भाँडा तथा बोतल आदि प्रयोग गरी निर्माण गर्न सकिन्छ। फूलबारीले विद्यालयलाई आकर्षक र सुन्दर बनाउनुका साथै विभिन्न चराचुरुङ्गी तथा रङ्गीचङ्गी पुतलीहरूका लागि खाना तथा वासस्थान प्रदान गर्छन्।

**(उ) जडीबुटी उद्यान** : औषधीजन्य बोटबिरुवाहरू जडीबुटी हुन् । विद्यालयमा हरियाली प्रवर्धन गर्दा जडीबुटी बगैँचाअन्तर्गत बुट्यान तथा झार प्रजातिलाई मात्र समेटी रुख प्रजातिका बिरुवालाई वृक्षरोपणअन्तर्गत समावेश गर्न सकिन्छ। विद्यालयको सानो क्षेत्रमा पनि जडीबुटी बगैँचा निर्माण गर्न सकिन्छ। विद्यालयको जडीबुटी बगैँचामा स्थानीय स्तरमा पाइने बिरुवाहरू रोपी हुर्काउन बढाउन सकिन्छ।

**(ए) फलफूल बगैंचा निर्माण** : विद्यालयको पर्याप्त खुला क्षेत्रमा फलफूल बगैँचाको निर्माण गर्न सकिन्छ । फलफूल बगैँचामार्फत विद्यालयमा हरियालीका साथै सौन्दर्य बढाउन सकिन्छ। विद्यालयमा फलफूल बगैँचा भएमा फलफूल खेतीसम्बन्धी जानकारी प्राप्त गर्न सकिन्छ।



## क्रियाकलाप गर्नुहोस् :



**खाली ठाउँ भर्नुहोस् :**

**(हरियाली प्रवर्धन, वृक्षरोपण, करेसाबारी, पुष्प उद्यान, जडीबुटी)**


(क) विद्यालयको वातावरण सफा र स्वच्छ बनाउन ................. गर्नुपर्छ।

(ख) विद्यालयमा बिरुवा रोप्ने कार्यलाई ................. भनिन्छ।

(ग) तरकारी उत्पादन गर्ने ठाउँलाई ................. भनिन्छ।

(घ) विद्यालयलाई सुन्दर बनाउन ................. निर्माण गरिन्छ।

(ङ) औषधीय गुण भएका बिरुवालाई ................. भनिन्छ।




## हो वा होइन लेख्नुहोस् :

(क) हरियाली प्रवर्धनले वातावरण स्वच्छ बनाउँछ। ( )

(ख) विद्यालयमा बिरुवा रोप्नु आवश्यक हुँदैन। ( )

(ग) करेसाबारी शिक्षण सिकाइमा उपयोगी हुन्छ। ( )

(घ) जडीबुटी उद्यान सानो क्षेत्रमा पनि बनाउन सकिन्छ। ( )



## दिइएका प्रश्नको ठिक (✓) उत्तर छान्नुहोस् :

**(क) विद्यालयमा हरियाली प्रवर्धन गर्नुको मुख्य उद्देश्य के हो ?**

क. खेल खेल्नु

ख. रमणीय वातावरण सिर्जना गर्नु

ग. भवन भत्काउनु

घ. सडक बनाउनु

**(ख) हरित घेराबारले के फाइदा गर्छ ?**

क. विद्यालय फोहोर बनाउँछ

ख. विद्यालयको सुन्दरता बढाउँछ

ग. पानी सुकाउँछ

घ. धुवाँ बढाउँछ

**(ग) जडीबुटी उद्यानमा कस्ता बिरुवा राखिन्छन् ?**

क. फलफूलका बिरुवा

ख. औषधीय बिरुवा

ग. सिमेन्टका पोल

घ. खेल सामग्री



## छोटो उत्तर दिनुहोस् :

(क) हरियाली प्रवर्धन किन आवश्यक छ ?

(ख) विद्यालयमा करेसाबारी स्थापना गर्दा के फाइदा हुन्छ ?

(ग) पुष्प उद्यानले विद्यालयलाई कसरी आकर्षक बनाउँछ ?

## ठिक (✓) वा बेठिक (✗) लेख्नुहोस् :

(क) वृक्षरोपणले वातावरणलाई फाइदा गर्छ।   (.......)

(ख) हरित घेराबारले जीवजन्तुलाई वासस्थान दिन्छ।   (.......)

(ग) फूलबारीले विद्यालयको सौन्दर्य बढाउँदैन।   (.......)

(घ) फलफूल बगैँचाबाट खेतीसम्बन्धी ज्ञान पाइन्छ।   (.......)

## परियोजना कार्य : हाम्रो विद्यालयको हरियाली

१. आफ्नो विद्यालयमा रहेको कुनै एक बगैँचाको नाम लेख्नुहोस्।

२. त्यस बगैँचामा भएका बिरुवाका नाम लेख्नुहोस्।

३. हरियाली प्रवर्धनका दुई फाइदा लेख्नुहोस् :

(क) ....................................

(ख) ....................................

पाठ : उन्नाइस

# हाम्रा अग्ला धुरी

जैमिनी नगरपालिका प्राकृतिक सुन्दरताले भरिपूर्ण क्षेत्र हो । यहाँ धेरै अग्ला डाँडा, धुरी र रमणीय स्थानहरू छन् । यी स्थानबाट बिहानीको सूर्योदय र बेलुकाको सूर्यास्तको मनमोहक दृश्य देखिन्छ । त्यसैले जैमिनीका यी डाँडाहरू पर्यटन विकासका लागि महत्त्वपूर्ण मानिन्छन् । एकदिन विद्यालयमा शिक्षकले जैमिनीका पर्यटकीय स्थानका बारेमा पढाइरहनुभएको थियो । कक्षा सकिएपछि मित्रहरू कमल, सविना र रोशन डाँडाहरूका बारेमा छलफल गर्न थाले ।

सुयोगले जैमिनी–३ को गाजाको धुरीका बारेमा सुनाएका थिए । यो समुद्र सतहदेखि २,७५४ मिटर उचाइमा रहेको छ। यो धुरी जैमिनीको सबैभन्दा अग्ला र आकर्षक स्थानमध्ये एक हो। त्यहाँबाट बिहान सूर्योदय हुँदा आकाश सुनौलो रङ्ले भरिन्छ। यहाँबाट बेलुका सूर्यास्तको दृश्य पनि अत्यन्त रमाइलो देखिन्छ। सविनाले नाईको धुरीको चर्चा गरिन्।



गाजाको धुरी

जैमिनी ३ र ९ को दमेक तथा पैयुँथन्थाप क्षेत्रमा रहेको यो धुरी २,२४९ मिटर उचाइमा छ। त्यहाँबाट देखिने हिमाल, हरिया वन र गाउँका दृश्यले सबैको मन लोभ्याउँछन्।



हाँडीकोट धुरी



पातलखर्क धुरी



कमलजैसी धुरी



नाम्दुक धुरी



सूर्योदय



सूर्यास्त

रोशनले सातखाल्टेको धुरीका नाम सुनाए। समुद्र सतहदेखि २,२३२ मिटर उचाइमा रहेको यस ठाउँबाट पनि सूर्योदय र सूर्यास्तको दृश्य निकै सुन्दर देखिन्छ। त्यसपछि उनीहरूले हाँडीकोट धुरी, पातलखर्क धुरी र कमलजैसी धुरीका बारेमा पनि कुरा गरे। यी स्थानहरूबाट हरिया डाँडा, वनजङ्गल र गाउँका रमाइला दृश्य देख्न सकिन्छ।

जैमिनी–१० राङखानीमा रहेको नाम्दुक धुरी १,८६९ मिटर उचाइमा रहेको छ। ब्यारथलाको धुरी १,८१५ मिटर उचाइमा अवस्थित छ। यी स्थानमा घुम्न जाने मानिसहरूको सङ्ख्या बढ्दै गएको छ। त्यस्तै माइथानको धुरी, पुराना गाउँको धुरी, केटीचौर सिरबारी पिकनिक स्थल, चोखेबको धुरी र रिठे डाँडाको धुरी पनि प्राकृतिक सुन्दरताका कारण प्रसिद्ध छन्।

यी डाँडाहरूबाट देखिने सूर्योदय र सूर्यास्तले पर्यटकलाई आकर्षित गर्छन्। यी सम्पदाको विकास गर्न यहाँ विश्रामस्थल बनाउनुपर्छ। यी स्थानमा पुग्नका लागि सहज हुने ढङ्गले मोटरबाटो, पदमार्ग निर्माण, बस्नका लागि होमस्टे, बनाउनुपर्छ। पर्यटकलाई यहाँ आउने बनाउन यिनको सरसफाइमा ध्यान दिनुपर्छ। यति गर्न सके पर्यटन विकासमा ठुलो टेवा पुग्न सक्छ। पर्यटनलाई स्थानीय संस्कृति, खानपान र प्राकृतिक दृश्यसँग जोड्नुपर्छ। यिनको प्रचारप्रसार गर्नुपर्छ। यसले जैमिनी नगरपालिकाको पर्यटन विकासमा विशेष योगदान दिन सक्छ।

## क्रियाकलाप गर्नुहोस् :

### खाली ठाउँ भर्नुहोस् :

(वृक्षरोपण, करेसाबारी, पुष्प उद्यान, हरित घेराबार, जडीबुटी)

(क) विद्यालयको वातावरण हरियो बनाउन .................... आवश्यक हुन्छ।

(ख) तरकारी उत्पादन गर्ने ठाउँलाई .................... भनिन्छ।

(ग) फूलहरू रोपेर बनाइने बगैँचालाई .................... भनिन्छ।

(घ) विद्यालय वरिपरि हरियो बार लगाउने कार्यलाई ....................भनिन्छ।

(ङ) औषधीय गुण भएका बिरुवालाई .................... भनिन्छ।

### हो वा होइन लेख्नुहोस् :

(क) हरियालीले वातावरण स्वच्छ बनाउँछ। ( )

(ख) करेसाबारी विद्यालयमा उपयोगी हुँदैन। ( )

(ग) वृक्षरोपणले हरियाली बढाउँछ। ( )

(घ) पुष्प उद्यानले विद्यालयलाई आकर्षक बनाउँछ। ( )

### दिइएका प्रश्नको ठिक (✓) उत्तर छान्नुहोस् :

(क) हरित विद्यालयको मुख्य उद्देश्य के हो ?

क. फोहोर बढाउने

ख. सफा र हरियो वातावरण बनाउने

ग. भवन भत्काउने

घ. खेल मात्र खेल्ने

(ख) जडीबुटी उद्यानमा के हुन्छ ?

क. सिमेन्टका संरचना
ख. औषधीय बिरुवा
ग. खेल सामग्री
घ. प्लास्टिक सामग्री

(ग) करेसाबारीबाट के प्राप्त हुन्छ ?

क. फलफूल मात्र
ख. तरकारी
ग. कागज
घ. कपडा




## छोटो उत्तर दिनुहोस् :

(क) हरित घेराबार किन आवश्यक हुन्छ ?

(ख) करेसाबारीले विद्यार्थीलाई के सिकाउँछ ?

(ग) पुष्प उद्यानले विद्यालयलाई कसरी फाइदा गर्छ ?



## ठिक (✓) वा बेठिक (✗) लेख्नुहोस् :

(क) वृक्षरोपणले वातावरण राम्रो बनाउँछ। ( )

(ख) जडीबुटी उद्यानमा औषधीय बिरुवा हुन्छन्। ( )

(ग) करेसाबारी उपयोगी हुँदैन। ( )

(घ) हरित विद्यालयले प्रदूषण बढाउँछ। ( )



## परियोजना कार्य : हाम्रो हरित विद्यालय

१. तपाईंको विद्यालयमा भएको कुनै एक हरित क्षेत्रको नाम लेख्नुहोस्।

२. त्यहाँ भएका दुई बिरुवाको नाम लेख्नुहोस्

३. हरित विद्यालयका दुई फाइदा लेख्नुहोस् :

४. विद्यालयको हरियो बगैँचाको चित्र बनाएर कक्षामा प्रस्तुत गर्नुहोस्।

एकाइ : सात

# विपद्, सामाजिक समस्या र सुरक्षा



# प्रकोप र विपद्



वर्षामा आउँछ बाढी जाडामा शीत आउँछ।
पीडा बिर्सन्छ मान्छेले न्यानाको गीत गाउँछ॥
पानीको भेल हो शत्रु छेउमा बस्नुहुन्न है।
दाउरा टिप्नका लागि बाढीमा पस्नुहुन्न है॥



आगो ताप्नू अँगेनामा वस्त्र टम्म लगाउनू।
तातो खानू सबै जाडो सुस्त सुस्त भगाउनू॥
देखिँदैन कतैबाट हल्लिन्छ डग्मगाउँछ ।
सोच्नै सकिन्न क्वै वेला ठुलो भूकम्प आउँछ॥



कोठाको बिचमा हैन कुनामा बस्नुपर्दछ।
तुरुन्त खाट हेरेर मुन्तिर पस्नुपर्दछ॥
खाजाको सुर्किने झोला साथमा राख्नुपर्दछ।
भित्रबाट सकेसम्म बाहिर भाग्नुपर्दछ॥



हाम्रा जङ्गलमा आगो कुन्नि कस्ले लगाउँछ।
सारा जङ्गलका पक्षी जन्तुलाई भगाउँछ॥
त्यही जङ्गलको आगो गाउँमा पस्न सक्दछ।
कलिलो जिन्दगी हाम्रो त्यसैले मास्न सक्दछ॥



हरियो स्याउला माटो पानी खोजेर ल्याउनू।
आफैँ कर्तव्य सम्झेर त्यो डढेलो निभाउनू॥
मान्छे टाढिन सक्दैन प्रकृतिको विरोधमा।
सम्हालेर लुकामारी खेल्नुपर्छ समीपमा॥



## क्रियाकलाप गर्नुहोस् :



### खाली ठाउँ भर्नुहोस् :

(बाढी, शीत, आगो, भूकम्प, डढेलो)


(क) वर्षामा ............ आउँछ।

(ख) जाडामा ............ आउँछ।

(ग) जङ्गलमा लागेको ............ ले धेरै क्षति पुऱ्याउँछ।

(घ) अचानक आउने ठुलो कम्पनलाई ............ भनिन्छ।

(ङ) जङ्गलमा फैलिने आगालाई .................. भनिन्छ।




### हो वा होइन लेख्नुहोस् :

(क) बाढीमा सुरक्षित स्थानमा बस्नुपर्छ। ( )

(ख) जाडामा न्यानो कपडा लगाउनुपर्छ। ( )

(ग) भूकम्प आउँदा कोठाको बिचमा बस्नुपर्छ। ( )

(घ) डढेलाले जङ्गललाई नष्ट गर्छ। ( )



### दिइएका प्रश्नको ठिक (✓) उत्तर छान्नुहोस् :

(क) बाढी आउँदा के गर्नुहुँदैन ?

क. सुरक्षित स्थानमा बस्नु  ख. पानीमा पस्नु

ग. सतर्क हुनु  घ. सुरक्षित रहनु

**(ख) जाडामा के गर्नुपर्छ ?**

क. चिसो पानी पिउनु
ख. न्यानो कपडा लगाउनु
ग. भिज्नु
घ. खुला बस्नु

**(ग) भूकम्प आउँदा के गर्नु उचित हुन्छ ?**

क. बाहिर भाग्नु
ख. कुनामा बस्नु
ग. झ्यालमा बस्नु
घ. माथिल्लो तलामा जानु




## छोटो उत्तर दिनुहोस् :

(क) बाढी आउँदा के के सावधानी अपनाउनुपर्छ ?

(ख) भूकम्प आउँदा किन कुनामा बस्नुपर्छ ?

(ग) डढेलो किन खतरनाक हुन्छ ?



## ठिक (✓) वा बेठिक (✗) लेख्नुहोस् :

(क) जाडामा आगो ताप्नु उपयुक्त हुन्छ। ( )

(ख) भूकम्प आउँदा खाटमुनि पस्नु राम्रो हो। ( )

(ग) डढेलाले जनावरलाई असर गर्छ। ( )

(घ) बाढीमा सुरक्षित स्थानमा बस्नुपर्छ। ( )



## परियोजना कार्य : सुरक्षा अभ्यास

१. कुनै एक प्राकृतिक विपद्को नाम लेख्नुहोस्।

२. त्यस विपद्बाट बच्ने दुई उपाय लेख्नुहोस् :

३. विद्यालयमा विपद् सचेतना कार्यक्रम किन आवश्यक छ ?

# सामाजिक समस्या

जैमिनी नगरपालिकामा एकदिन मानव अधिकार तथा सामाजिक सचेतना कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा विद्यालयका विद्यार्थी, शिक्षक, अभिभावक र स्थानीयको सहभागिता रहेको थियो । कार्यक्रममा मानव अधिकारकर्मी सरको उपस्थिति रहेको थियो । उहाँले सामाजिक समस्या र यसको समाधानका बारेमा महत्त्वपूर्ण प्रवचन दिनुभयो ।






चोरी डकैती, सडक दुर्घटना, विद्युत्को करेन्ट

समाजमा मानिसलाई दुःख, अन्याय वा डरमा पार्ने नराम्रो कार्यलाई सामाजिक समस्या भनिन्छ । यस्ता समस्याले समाजको शान्ति र विकासमा बाधा पुऱ्याउँछन् । जैमिनी नगर पालिका क्षेत्रमा देखिने केही सामाजिक समस्या छन् । छुवाछुत, मानव हिंसा, चक्रवृद्धि व्याज, चोरीडकैती, सडक दुर्घटना र विद्युत् दुर्घटना समाजका मुख्य समस्यामा पर्छन् ।

छुवाछुतका बारेमा बोल्दै उहाँले सबै मानिस समान भएको बताउनुभयो। जातका आधारमा कसैलाई हेप्नु, छोइनुहुँदैन भन्नु वा विभेद गर्नु गलत व्यवहार हो । यस्तो व्यवहारले मानिसको मन दुख्ने र सामाजिक एकता कमजोर हुन्छ। मानिसलाई जातका आधारमा हेप्ने व्यक्तिलाई कडाभन्दा कडा कानुनी कारवाही गर्नुपर्छ।

त्यसपछि उहाँले मानव हिंसाका बारेमा चर्चा गर्नुभयो । घर, विद्यालय वा समाजमा कसैलाई कुटपिट गर्ने, डर देखाउने वा अपमान गर्ने काम हिंसा हो। हिंसाले मानिसको शारीरिक र मानसिक स्वास्थ्यमा नराम्रो असर पार्छ। सबैले एकअर्कासँग सम्मानपूर्ण व्यवहार गर्नुपर्छ। उहाँले चक्रवृद्धि व्याजको समस्याबारे पनि जानकारी दिनुभयो। केही मानिसले अत्यधिक व्याजमा ऋण दिएर गरिब परिवारलाई दुःख दिने गरेका छन्। यस्तो कार्यले परिवार आर्थिक समस्यामा पर्छ। हामीले कानुनी र सुरक्षित माध्यमबाट मात्र ऋण लिनुपर्छ।





छुवाछुत, मानव हिंसा, चक्रवृद्धि व्याज

प्रवचनका क्रममा चोरीडकैतीका विषयमा पनि चर्चा भयो । अरूको सामान चोरी गर्नु वा लुटपाट गर्नु कानुन विपरीत काम हो । यस्ता घटनाबाट बच्न घर सुरक्षित राख्नुपर्छ ।



हामी अपरिचित व्यक्तिप्रति सावधान रहनुपर्छ । समुदायमा आपसी सहयोग बढाउनुपर्छ । हामी सडक दुर्घटनाबाट बच्नुपर्छ । सडक काट्दा जेब्राक्रसिङ प्रयोग गर्नुपर्छ । सवारीसाधन चढ्दा सावधानी अपनाउनुपर्छ । हेल्मेट लगाउने र ट्राफिक नियम पालना गर्ने बानी बसाल्नुपर्छ । हामी विद्युत् दुर्घटनाबाट बच्नुपर्छ । हामीले नाङ्गो तार छुनुहुँदैन । बिग्रिएको तार वा उपकरण प्रयोग गर्नुहुँदैन । विद्युत्सम्बन्धी काम गर्दा सावधानी अपनाउनुपर्छ । बालबालिकालाई कहिल्यै पनि विद्युत्का सामानसँग खेल्न दिनुहुँदैन ।

मानव अधिकारकर्मी सरले सामाजिक समस्या किन उत्पन्न हुन्छन् भन्ने विषयमा पनि जानकारी दिनुभयो । अशिक्षा, गरिबी, अन्धविश्वास, लोभ, असमान व्यवहार र कानुनको पालना नगर्नुका कारण नै सामाजिक समस्या देखिन्छन् । सामाजिक समस्या समाधानका

उपाय पनि छन् । समस्या समाधानका लागि सबैलाई शिक्षा दिनुपर्छ । सबैसँग समान व्यवहार गर्नुपर्छ। सबै नागरिकले कानुनको पालना गर्नुपर्छ। समुदायमा सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्छ । समुदायमा मेलमिलाप कायम गर्नुपर्छ । समावेशी समाज निर्माण गर्न सबै जाति, भाषा र संस्कृतिका मानिसलाई समान सम्मान दिनुपर्छ। असल समाज बनाउन हामी सबै जिम्मेवार बन्नुपर्छ। बालबालिकाले सानैदेखि राम्रो व्यवहार सिके भने भविष्यमा समाज अझ राम्रो बन्न सक्छ।



## क्रियाकलाप गर्नुहोस् :



### खाली ठाउँ भर्नुहोस् :

(छुवाछुत, मानव हिंसा, चक्रवृद्धि व्याज, चोरीडकैती, सडक दुर्घटना, विद्युत् दुर्घटना)

(क) जातका आधारमा भेदभाव गर्ने कार्यलाई ................. भनिन्छ।

(ख) कुटपिट, डर देखाउने वा अपमान गर्ने कार्यलाई ................. भनिन्छ।

(ग) अत्यधिक व्याज लगाएर गरिने ऋण कारोबारलाई ................. भनिन्छ।

(घ) अरूको सामान चोरी गर्ने वा लुट्ने कार्यलाई ................. भनिन्छ।

(ङ) सवारीसाधनबाट हुने दुर्घटनालाई ................. भनिन्छ।

(च) विद्युत् प्रयोग गर्दा हुने दुर्घटनालाई ................. भनिन्छ।




## हो वा होइन लेख्नुहोस् :

(क) सबै मानिस समान हुन्।                  (   )

(ख) छुवाछुतले समाजमा एकता बढाउँछ।   (   )

(ग) सडक नियम पालना गर्नुपर्छ।          (   )

(घ) चोरी गर्नु राम्रो काम हो।               (   )



## दिइएका प्रश्नको ठिक (✓) उत्तर छान्नुहोस् :

**(क) मानव हिंसा के हो ?**

क. सहयोग गर्ने काम  ख. कुटपिट र डर देखाउने काम

ग. पढाइ गर्ने काम  घ. खेल्ने काम

**(ख) सडक दुर्घटना कम गर्न के गर्नुपर्छ ?**

क. तेज गाडी चलाउने  ख. ट्राफिक नियम पालना गर्ने

ग. सवारी नगर्ने  घ. बाटो नहेर्ने

**(ग) विद्युत् दुर्घटनाबाट बच्न के गर्नुपर्छ ?**

क. नाङ्गो तार छुनु  ख. बिग्रिएको उपकरण प्रयोग गर्नु

ग. सावधानी अपनाउनु  घ. खेल खेल्नु



## छोटो उत्तर दिनुहोस् :

(क) सामाजिक समस्या के हो ?

(ख) चक्रवृद्धि व्याज किन समस्या हो ?

(ग) सामाजिक समस्या समाधानका उपाय लेख्नुहोस्।

## ठिक (✓) वा बेठिक (✗) लेख्नुहोस् :

(क) छुवाछुत राम्रो व्यवहार हो। ( )

(ख) चोरीडकैती कानुन विपरीत हो। ( )

(ग) सबै नागरिकले कानुन पालना गर्नुपर्छ। ( )

(घ) विद्युत् दुर्घटना जोखिमपूर्ण हुँदैन। ( )

## परियोजना कार्य : सामाजिक सचेतना

१. कुनै एक सामाजिक समस्याको नाम लेख्नुहोस्।

२. त्यस समस्याबाट बच्ने दुई उपाय लेख्नुहोस्।

३. समाजमा सचेतना किन आवश्यक छ ?

एकाइ : आठ

# सूचना र प्रविधि



# हाम्रा सूचनाका साधन

जैमिनी नगरपालिकाका गाउँहरू पहिले निकै शान्त हुन्थे । बिहान गोठालाको बाँसुरी बज्थ्यो । दिउँसो चौतारीमा गाउँले भेला हुन्थे । बेलुका घर घरमा कथा सुनिन्थ्यो । कसैको घरमा शुभकार्य हुँदा मानिसलाई खबर गर्न मान्छे नै पठाइन्थ्यो । कतै मादल बज्थ्यो, कतै नरसिंहा फुकिन्थ्यो । गाउँका ती परम्परागत सूचनाका साधन मानिसका साथी झैँ थिए । तिनले गाउँका दुःखसुख बोकेर घर घर पुऱ्याउँथे ।

समय बिस्तारै फेरिन थाल्यो । डाँडामाथि पुगेको हुलाके बाटो बिस्तारै ओझेल पर्न थाल्यो । चौतारीमा बस्ने बुढापाकाको ठाउँ मोबाइलका घण्टीले लिन थाल्यो । गाउँमा बिजुली पुगेपछि नयाँ नयाँ यन्त्र भित्रिए । कम्प्युटर, ल्यापटप, मोबाइल र प्रोजेक्टरले घर तथा विद्यालयमा ठाउँ पाए ।



कम्प्युटर



ल्यापटप

सूचना प्रविधि भन्ने शब्द गाउँका बालबालिकाले विद्यालयमा पढ्न थाले। ध्वनि, तस्बिर, अक्षर र अङ्कलाई विद्युतीय यन्त्रका माध्यमबाट आदानप्रदान गर्ने कार्य सूचना प्रविधिमा गरिन्छ। कम्प्युटरका माध्यमबाट सङ्ग्रह, सम्पादन र आदानप्रदान गर्ने कामलाई सूचना प्रविधि गरिन्छ। उनीहरूले सूचना प्रविधि कम्प्युटर विज्ञानको एउटा शाखा रहेछ भन्ने पनि थाहा पाए।

गाउँका पुराना मादल र नरसिंहाले नयाँ साधनलाई टुलुटुलु हेरे जस्ता लाग्थे। पहिले गाउँमा सूचना फैलाउन धेरै दिन लाग्थ्यो। अहिले मोबाइलले एकैछिनमा खबर पुऱ्याउन थालेको छ। भौगोलिक दूरी घटे जस्तो देखिन्छ। आज विदेश गएको छोरा आमासँग मोबाइलमा बोल्छ। सहरमा बस्ने छोरीले गाउँको हालखबर भिडियोमार्फत हेर्ने दिन आएको छ।



मोबाइल



प्रोजेक्टर

विद्यालयका विद्यार्थीले कम्प्युटरलाई नयाँ साथी मानेका छन्। कम्प्युटर एउटा विद्युतीय यन्त्र हो। यसलाई नेपालीमा सुसाङ्ख्य भनिन्छ। निश्चित निर्देशनअनुसार काम गरेर नतिजा दिने यो मानव निर्मित यन्त्र हो। विद्यालय, कार्यालय, बैङ्क र अस्पतालमा यसको

प्रयोग बढ्न थाल्यो। शब्दकोश हेर्न, सामग्री खोज्न, चित्र देखाउन र पढाइ सजिलो बनाउन कम्प्युटर उपयोगी बन्यो।

मोबाइल फोन झन् गाउँको चलाख दूत जस्तै बनेको छ। यो सानो भए पनि धेरै काम गर्छ। कसैलाई सन्देश पठाउने, फोटो खिच्ने, समाचार हेर्ने, पैसा पठाउने, गीत सुन्ने सबै काम मोबाइलले गर्छ। मोबाइल बैङ्किङ, इ–बैङ्किङ र इसेवा जस्ता सेवा पनि विस्तार भएका छन्। गाउँका मानिसले सरकारी सेवा लिन पनि प्रविधिको प्रयोग गर्न थालेका छन्।

सामाजिक सञ्जाल गाउँमा आएको नयाँ चौतारी जस्तो भयो। फेसबुक, ट्विटर र वाट्सएपले टाढाका मानिसलाई नजिक ल्याए। जैमिनीका मठमन्दिर, डाँडा, झरना र लोकसंस्कृतिका तस्बिर सामाजिक सञ्जालमार्फत संसारभर फैलिन थाले। कुनै ठाउँमा घटेका घटना एकैछिनमा सबैलाई थाहा हुन थाल्यो।



प्रविधिको यो उज्यालोसँगै केही छायाँ पनि देखिन थालेका छन् । पहिले बालबालिका डोरी कुद्थे, लुकामारी खेल्थे र साथीहरूसँग रमाउँथे। अहिले कतिपय बालबालिका मोबाइल र भिडियो गेममा धेरै समय बिताउन थालेका छन्। एक्लै बस्ने बानी बढ्दै गएको छ। पढाइमा असर पर्ने अवस्था पनि देखिन थालेको छ।

विद्यालयका शिक्षकले प्रविधि राम्रो कामका लागि प्रयोग गर्न सिकाउन थाल्नुभएको छ। प्रविधिको सदुपयोग गर्न जानेका लागि यो ज्ञानको ठुलो ढोका बन्ने कुरा बालबालिकाले बुझ्न थालेका छन् । प्रोजेक्टरले पढाइ सजिलो बनाएको छ । एटिएम मेसिनले पैसा निकाल्न सजिलो गरायो। इन्टरनेटले खोजमूलक जानकारी दिन थाल्यो।

पुराना परम्परागत सूचनाका साधन र आधुनिक प्रविधि दुवै समाजका आवश्यक साथी रहेछन्। एउटा गाउँको मौलिकता र सामाजिकता बोकेर हिँडेको छ भने अर्काले संसारलाई नजिक ल्याउने प्रयास गरेको छ। सही तरिकाले प्रयोग गर्न सके प्रविधिले मानिसलाई कम समयमा धेरै काम गर्न सहयोग गर्ने रहेछ। तर प्रविधिको दुरुपयोग गर्दा मानिस सामाजिकता र सिर्जनशीलताबाट टाढा जाने खतरा पनि हुने रहेछ। प्रविधि आफैँ राम्रो वा नराम्रो हुँदैन। त्यसको प्रयोग गर्ने तरिकाले नै मानिसको भविष्य बनाउँछ।



## क्रियाकलाप गर्नुहोस् :



### खाली ठाउँ भर्नुहोस् :

(सूचना प्रविधि, कम्प्युटर, मोबाइल फोन, सामाजिक सञ्जाल, प्रोजेक्टर)

(क) ध्वनि, तस्बिर र अङ्कको आदानप्रदान गर्ने माध्यमलाई .................. भनिन्छ।

(ख) विद्यालय, कार्यालयमा प्रयोग हुने विद्युतीय यन्त्रलाई .................. भनिन्छ।

(ग) सानो भए पनि धेरै काम गर्ने चलाख साधनलाई .................. भनिन्छ।

(घ) फेसबुक, ट्विटर र वाट्सएप जस्ता माध्यमलाई .................. भनिन्छ।

(ङ) पढाइलाई सजिलो बनाउन प्रयोग गरिने यन्त्रलाई .................. भनिन्छ।




### हो वा होइन लेख्नुहोस् :

(क) सूचना प्रविधिले जीवनलाई सजिलो बनाउँछ। (   )

(ख) मोबाइल फोन केवल कुरा गर्न मात्र प्रयोग हुन्छ। (   )

(ग) सामाजिक सञ्जालले मानिसलाई नजिक ल्याउँछ। (   )

(घ) प्रविधिको दुरुपयोगले समस्या ल्याउन सक्छ। (   )



### दिइएका प्रश्नको ठिक (✓) उत्तर छान्नुहोस् :

(क) कम्प्युटर के हो ?

क. खेल सामग्री

ख. विद्युतीय यन्त्र

ग. खाद्यान्न

घ. कपडा

(ख) सामाजिक सञ्जालको उदाहरण कुन हो ?

क. किताब　　　　ख. फेसबुक

ग. कलम　　　　घ. टेलिभिजन

(ग) प्रविधिको मुख्य फाइदा के हो ?

क. समय बर्बाद　　　　ख. काम सजिलो बनाउने

ग. झगडा बढाउने　　　　घ. फोहोर बढाउने




## छोटो उत्तर दिनुहोस् :

(क) सूचना प्रविधि भनेको के हो ?

(ख) मोबाइल फोनले के के काम गर्छ ?

(ग) प्रविधिको दुरुपयोगले के असर गर्छ ?



## ठिक (✓) वा बेठिक (✗) लेख्नुहोस् :

(क) कम्प्युटरले पढाइ सजिलो बनाउँछ।　　(　)

(ख) सामाजिक सञ्जाल उपयोगी हुँदैन।　　(　)

(ग) प्रविधि सही प्रयोग गर्दा लाभदायक हुन्छ।　　(　)

(घ) मोबाइलले धेरै काम गर्न सक्छ।　　(　)



## परियोजना कार्य : सूचना प्रविधि


१. तपाईंले प्रयोग गर्ने कुनै एक प्रविधिको नाम लेख्नुहोस्।

२. त्यस प्रविधिबाट हुने दुई फाइदा लेख्नुहोस्।


३. प्रविधि प्रयोग गर्दा ध्यान दिनुपर्ने दुई कुरा लेख्नुहोस्।

# सिकाइ र सञ्चार

हामी सूचना प्रविधिका माध्यमले जोडिएका छौँ । आज विश्व नै एउटा घर बनेको छ । हामी विश्वका जुनसुकै कुनामा घटेका घटनाका बारेमा तत्काल जानकारी पाउँछौँ । हामी सबैका घरमा मोबाइल, टेलिभिजन जस्ता साधन छन् । यी साधनमा इन्टरनेट जोडेपछि सूचना पाइन्छ । हामी पनि सूचना र प्रविधिका क्षेत्रमा विकसित विभिन्न प्रविधिका बारेमा पढ्छौँ ।



सफ्टवेयर



इमेल




इन्टरनेटरनेट




सर्च इन्जिन




कम्प्युटर ग्राफिक्स



सामाजिक सजाल

## सफ्टवेयर

सफ्टवेयर भनेको कम्प्युटर वा अरू डिजिटल उपकरणमा काम गर्न प्रयोग गरिने निर्देशन र डाटाको समूह हो । यो देख्न नसकिने अमूर्त प्रकारको हुन्छ । यसैका माध्यमबाट

कम्प्युटरले काम सम्पन्न गर्छ। सफ्टवेयरले कुन काम कसरी र कहिले सम्पन्न गर्ने हो भन्ने निर्देशन दिन्छ। कम्प्युटरका हार्डवेयरलाई सञ्चालन गर्ने काम सफ्टवेयरले गर्छ। कम्प्युटरमा सफ्टवेयर इन्स्टल गरेपछि मात्र कम्प्युटरले काम सुरु गर्छ। यसलाई आवश्यकताअनुसार परिमार्जन गर्न सकिन्छ । सफ्टवेयरलाई सिस्टम सफ्टवेयर, एप्लिकेसन सफ्टवेयर, प्रोग्रामिङ सफ्टवेयर आदि प्रकारमा विभाजन गर्न सकिन्छ। सिस्टम सफ्टवेयरले कम्प्युटरको हार्डवेयर र प्रयोगकर्ताको सम्पर्क मिलाउने काम गर्छ। विन्डोज, एन्ड्रोएड आदि सिस्टम सफ्टवेयर हुन्। एप्लिकेसन सफ्टवेयर विशेष काम गर्नका लागि प्रयोग गरिन्छ। एमएस वर्ड, एक्सल, फोटोसप आदि एप्लिकेसन सफ्टवेयर हुन्। प्रोग्रामिङ सफ्टवेयरमा सि, जाभा आदि पर्छन्।

## इमेल

इलेक्ट्रोनिक मेलको छोटो रूप नै इमेल हो। इमेललाई डिजिटल चिठी पनि भन्न सकिन्छ। यसको प्रयोग चिठी, सूचना, फाइल, फोटो आदि पठाउनका लागि गरिन्छ। यसका माध्यमबाट विश्वका जुनसुकै कुनामा पनि तत्काल सन्देश पठाउन सकिन्छ। यसका लागि इन्टरनेट आवश्यक हुन्छ। प्रत्येक व्यक्तिले आफ्नो निजी खाता सञ्चालन गरेका हुन्छन्। त्यही खातामा सन्देश पठाउने काम इमेलमार्फत गरिन्छ। याहु, जिमेल जस्ता इमेल सञ्चालन गर्ने माध्यम रहेका छन्।

## इन्टरनेट

इन्टरनेट विश्वभरिका कम्प्युटर, मोबाइल, सर्भर आदिलाई जडान गर्न बनाइएको नेटवर्क वा सञ्जाल हो। यसले संसारभरिका मानिसलाई सूचना आदानप्रदान गर्न सहयोग गर्छ।

यसैका माध्यमबाट सन्देश पठाउन, भिडियो हेर्न, गेम खेल्न, अनलाइन पढ्न सकिन्छ। आज विश्वलाई एउटै गाउँका रूपमा जोड्ने माध्यम भनेकै इन्टरनेट हो। आज हाम्रा धेरै गतिविधि इन्टरनेटका माध्यमबाट नै सञ्चालन हुने गरेका छन्।

## सर्च इन्जिन

सर्च इन्जिन कुनै पनि विषय सजिलै खोज्न सकिने सफ्टवेयर प्रणली हो। यसले हामीले खोजेका सूचना तत्काल उपलब्ध गराउँछ। यसले इन्टरनेटमा खोजी गरेर सबैभन्दा नजिकको सम्भावना पनि देखाउँछ। चित्र, भिडियो, समाचार, स्थान आदिको खोजीका लागि यसको प्रयोग हुन्छ। गुगल, बिङ, याहु आदि सर्च इन्जिन हुन्।

## ग्राफिक्स

ग्राफिक्स चित्र, आकृति, डिजाइन, एनिमेसन आदि हुन्। यस्ता कुरा कम्प्युटरका माध्यमबाट बनाइन्छ। यसले सूचना, विचार वा भावनालाई दृष्टिगत बनाउँछ। कम्प्युटरको प्रयोग गरेर बनाइएका चित्र ग्राफिक्समा पर्छन्। यसको प्रयोग डिजाइन, फिल्म र गेम, शिक्षा, इन्जिनियरिङ वा आर्किटेक्चर, सामाजिक सञ्जाल आदिमा गरिन्छ। एडोब फोटोसप, एडोब इलुस्टेटर आदि ग्राफिक्सका उदाहरण हुन्।

## सामाजिक सञ्जाल

विश्वभरका सबै मानिसलाई इन्टरनेटका माध्यमबाट जोड्ने पद्धतिलाई नै सामाजिक सञ्जाल भनिन्छ। सामाजिक सञ्जालमा मानिसका बिचमा सञ्चार, विचार आदानप्रदान, फोटो तथा भिडियो हेर्ने तथा अन्य विभिन्न प्रकारका कुरा आदानप्रदान गर्न सकिन्छ।

यो कुनै व्यक्तिको हुँदैन। फेसबुक, इन्स्टाग्राम, ट्विटर, टिकटक, युट्युव आदि सामाजिक सञ्जाल हुन्। यसले हाम्रो सम्बन्ध विस्तार गराउँछ। कुनै सूचना, मनोरञ्जन, शिक्षा आदि प्रदान गर्छ। यो अहिलेको सबैभन्दा शक्तिशाली माध्यम बनेको छ।



## क्रियाकलाप गर्नुहोस् :



### खाली ठाउँ भर्नुहोस् :

(सफ्टवेयर, इमेल, इन्टरनेट, सर्च इन्जिन, ग्राफिक्स)

(क) कम्प्युटरमा काम गर्न प्रयोग गरिने निर्देशन र डाटाको समूहलाई ............ भनिन्छ।

(ख) डिजिटल चिठीलाई ................ भनिन्छ।

(ग) विश्वभरका कम्प्युटरलाई जोड्ने सञ्जाललाई ................ भनिन्छ।

(घ) सूचना खोज्न प्रयोग गरिने प्रणालीलाई ................ भनिन्छ।

(ङ) कम्प्युटरबाट बनाइने चित्र तथा डिजाइनलाई ................ भनिन्छ।



### हो वा होइन लेख्नुहोस् :


(क) स  टवेयर देख्न सकिने वस्तु हो।  (  )

(ख) इमेलबाट सन्देश पठाउन सकिन्छ।  (  )

(ग) इन्टरनेटले संसारलाई जोड्दैन।  (  )

(घ) सर्च इन्जिनबाट जानकारी खोज्न सकिन्छ।  (  )

(ङ) ग्राफिक्स कम्प्युटरबाट बनाइन्छ।  (  )



## दिइएका प्रश्नको ठिक (✓) उत्तर छान्नुहोस् :

**(क) सफ्टवेयर के हो ?**

क. हार्डवेयर

ख. निर्देशन र डाटाको समूह

ग. कागज

घ. इन्टरनेट

**(ख) इमेल केका लागि प्रयोग हुन्छ ?**

क. खेल्न

ख. चिठी र फाइल पठाउन

ग. चित्र बनाउन

घ. सङ्गीत सुन्न

**(ग) सर्च इन्जिनको उदाहरण कुन हो ?**

क. एमएस वर्ड

ख. गुगल

ग. फोटोसप

घ. पेन्ट




## छोटो उत्तर दिनुहोस् :

(क) स  टवेयर भनेको के हो ?

(ख) इन्टरनेटको महत्त्व लेख्नुहोस्।

(ग) सामाजिक सञ्जाल के हो ?



## ठिक (✓) वा बेठिक (✗) लेख्नुहोस् :

(क) इमेलबाट तुरुन्त सन्देश पठाउन सकिन्छ। (......)

(ख) इन्टरनेटले सूचना आदानप्रदान गर्न मदत गर्छ। (......)

(ग) ग्राफिक्स केवल लेख लेख्न प्रयोग हुन्छ। (......)

(घ) सामाजिक सञ्जालले मानिसलाई जोड्छ। (......)

## परियोजना कार्य : हाम्रो डिजिटल संसार

१. तपाईँले प्रयोग गर्ने कुनै दुई डिजिटल उपकरण लेख्नुहोस्।

२. इन्टरनेटका दुई फाइदा लेख्नुहोस्।

३. स  टवेयर प्रयोग हुने एउटा उदाहरण लेख्नुहोस्।

४. मोबाइल वा कम्प्युटरको चित्र बनाई कक्षामा प्रस्तुत गर्नुहोस्।

# श्रम तथा रोजगारी

मानिसले जीवन निर्वाहका लागि गरिने काम वा मिहिनेत नै श्रम हो । श्रमले बाँच्न सिकाउँछ। आय आर्जनका लागि गरिने इलम, पेसा वा व्यवसायलाई रोजगारी भनिन्छ। वार्षिक रुपमा मानिसहरू युवा अवस्थामा प्रवेश गरेसँगै रोजगारीको चुनौती पनि उसैगरी थपिइरहेको हुन्छ। आय आर्जनका हिसाबले नियमित जागिर वा अन्य काम गर्न पाउने अवस्थालाई रोजगारी भनिन्छ। काम गर्न नपाउनेअवस्थालाई बेरोजगारी भन्ने गरिन्छ। मानिस युवा अवस्थामा प्रवेश सँगसँगै आफ्ना दैनिक आवश्यकता पूरा गर्नका निम्ति कोही व्यापारमा लाग्छन् । कोही आफैँ उद्यमी बन्छन् भने कोही सरकारी, व्यक्तिगत उद्योग कलकारखाना, कम्पनी, व्यवसायमा रोजगारी गर्छन्।

प्रत्येक नागरिकलाई रोजगारीको अधिकार दिइएको छ। नेपालको संविधानको धारा ३३ मा रोजगारीको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ। यसका साथै सबै नागरिकलाई स्वदेश वा वैदेशिक रोजगारीको छनौट गर्न पाउने अधिकार पनि सुनिश्चित गरिएको छ। स्वदेशमा सीमित रोजगारीको अवसर, युवा जनशक्तिको बढ्दो आकार, परम्परागत जीवन प्रणालीमा युवाहरूको घट्दो रुचिका कारण नेपाली युवाहरू वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ । यसले अल्पकालीन रुपमा बेरोजगारीको समस्या न्यूनीकरण गर्न मदत पुग्छ। विप्रेषण (रेमिट्यान्स) बाट प्राप्त रकमले नेपालको अर्थतन्त्रलाई चलायमान बनाउन महत्त्वपूर्ण योगदान गरिरहेको छ। वैदेशिक रोजगारीले

मानिसको आय स्तर उकास्न मदत गरेको छ। यसले परिवारका सदस्यहरूको शिक्षा, स्वास्थ्य आदि धेरै कुरामा सकारात्मक प्रभाव पारेको छ। वैदेशिक रोजगारीको बढ्दो आकर्षणले व्यक्ति, परिवार तथा समाजमा केही नकारात्मक असरहरू पनि पारिरहेका छन्। खाडी मुलुक र मलेसियामा मानव अधिकारको कमजोर अवस्था, रोजगारीका लागि विदेश जाने व्यक्तिहरूसँग सिप र दक्षताको कमी, लागतको तुलनामा आम्दानी कम हुनु आदि समस्याका कारण वैदेशिक रोजगारीको प्रतिफल सोचेअनुसार प्राप्त भएको छैन।




वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूमा आवश्यक जानकारी छैन। त्यसैले उपयुक्त निर्णय लिन र सही प्रकृया अपनाउन सक्दैनन्। त्यसकारण उनीहरूले थप समस्या भोग्नुपर्ने हुन

सक्छ। वैदेशिक रोजगारीमा जाने व्यक्तिले विदेश जानुभन्दा पहिला नै धेरै कुरामा विचार पुऱ्याउनुपर्छ। के कामका लागि जाने र त्यसमा केकति खर्च हुन्छ। त्यसबाट कति फाइदा हुन्छ भन्ने कुरा पहिला नै बुझ्नु जरुरी छ। विदेशमा गर्ने काम र त्यससँग सम्बन्धित सिप तालिम वा ज्ञान बढाउनुपर्दछ। सिप तालिम सिक्ने थुप्रै अवसरहरू छन्। भिजिट भिसा बनाई रोजगारीका लागि जानुहुँदैन।

नेपाल सरकारअन्तर्गतको वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जानुपर्छ। गलत किसिमका कागजातहरू तयार पारी वा झुटा विवरण पेस गरी जानुहुँदैन। आफू जाने देशको भौगोलिक स्थिति, हावापानी, रहनसहन, धर्म र संस्कृति बुझ्नुपर्छ। त्यहाँको कानुन, राजनीतिक एवम् आर्थिक अवस्था, काम गर्ने वातावरण, प्रक्रिया वा कार्यशैली बुझेर मात्र जानुपर्छ। वैदेशिक रोजगारीका क्रममा कुनै आर्थिक कारोबार गरेमा त्यसको लिखित भरपाई गराउनुपर्छ। कुनै किसिमको ठगीमा परेमा तत्काल वैदेशिक रोजगार विभागमा उजुरी गर्नुपर्छ। साथै यसै नगरपालिकाको श्रम तथा रोजगार सेवा केन्द्र वा आफ्नै वडा कार्यालयमा उजुरी गर्न सकिन्छ। जिल्ला प्रशासन कार्यालयमा रहेका आप्रवासी स्रोत केन्द्रमा समेत यस्ता समस्याका बारेमा उजुरी गर्न सकिने छ।

वैदेशिक रोजगारीमार्फत प्राप्त हुने रकमलाई विप्रेषण भनिन्छ। यसरी प्राप्त हुने कमाइमा धेरै दुख, पीडा तथा समस्या पनि भोगिने हुनाले विप्रेषणको आयलाई बचत गर्नु वा आयमूलक कार्यमा लगानी गर्नु भविष्यका लागि फाइदाजनक हुने छ।

## क्रियाकलाप गर्नुहोस् :

### खाली ठाउँ भर्नुहोस् :

(क) मानिसले जीवन निर्वाहका लागि गर्ने काम वा मिहिनेतलाई ...................... भनिन्छ।

(ख) आय आर्जनका लागि गरिने पेसा वा व्यवसायलाई ...................... भनिन्छ।

(ग) काम गर्न नपाउने अवस्थालाई ...................... भनिन्छ।

(घ) नेपालको संविधानको धारा ...................... मा रोजगारीको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरिएको छ।

(ङ) विदेशबाट कमाएर पठाएको रकमलाई ...................... भनिन्छ।

### दिइएका प्रश्नको ठिक उत्तरमा (✓) चिह्न लगाउनुहोस् :

**(क) रोजगारी भनेको के हो ?**

| | |
|---|---|
| खेलकुद गर्नु | आय आर्जनका लागि गरिने काम |
| विद्यालय जानु | यात्रा गर्नु |

**(ख) बेरोजगारी भनेको के हो ?**

| | |
|---|---|
| काम गरेर पैसा कमाउनु | अध्ययन गर्नु |
| काम गर्न नपाउने अवस्था | व्यवसाय सञ्चालन गर्नु |

(ग) विप्रेषण (रेमिट्यान्स) के हो ?

सरकारले दिने अनुदान | विदेशबाट प्राप्त रकम

बैङ्कको ऋण | करबाट उठेको रकम

(घ) वैदेशिक रोजगारीमा जानुअघि कहाँबाट श्रम स्वीकृति लिनुपर्छ ?

वडा कार्यालय | विद्यालय

वैदेशिक रोजगार विभाग | बैङ्क



## छोटो उत्तर दिनुहोस् :

(क) श्रम भनेको के हो ?

(ख) रोजगारी भनेको के हो ?

(ग) बेरोजगारी भनेको के हो ?

(घ) विप्रेषण भनेको के हो ?

(ङ) वैदेशिक रोजगारीमा जानुअघि किन सोचविचार गर्नुपर्छ ?



## उत्तर लेख्नुहोस् :

(क) नेपाली युवाहरू वैदेशिक रोजगारीमा जानुका दुई कारण लेख्नुहोस् ।

(ख) वैदेशिक रोजगारीका दुई फाइदा लेख्नुहोस् ।

(ग) वैदेशिक रोजगारीका दुई बेफाइदा लेख्नुहोस् ।

(घ) विदेश जानुअघि जान्नुपर्ने चारओटा कुराहरू लेख्नुहोस् ।

### कारण लेख्नुहोस् :

(क) वैदेशिक रोजगारीमा जानुअघि सिप तालिम लिन किन आवश्यक छ ?

(ख) भिजिट भिसामा रोजगारीका लागि जानु किनहुँदैन ?

(ग) विदेशबाट कमाएको रकम बचत गर्नु किन आवश्यक छ ?

### सोचेर उत्तर लेख्नुहोस् :

(क) यदि तपाईँ वैदेशिक रोजगारीमा जान लाग्नुभएको भए कुन कुन तयारी गर्नुहुन्थ्यो ?

(ख) विदेशबाट प्राप्त रकमलाई कसरी सदुपयोग गर्न सकिन्छ ?

(ग) रोजगारीले व्यक्तिको जीवनमा कस्तो परिवर्तन ल्याउँछ ?

### परियोजना कार्य गर्नुहोस् :

आफ्नो टोल वा समुदायका १० जना व्यक्तिको विवरण सङ्कलन गरी तलको तालिका पूरा गर्नुहोस् :

| नाम | पेसा / व्यवसाय | स्वदेशी रोजगारी | वैदेशिक रोजगारी |
|---|---|---|---|

### सामूहिक कार्य गर्नुहोस् :

**समूह बनाएर वैदेशिक रोजगारी :** अवसर र चुनौती विषयमा छलफल गर्नुहोस् । छलफलबाट प्राप्त निष्कर्ष कक्षामा सुनाउनुहोस् ।

# बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका : हाम्रो जैमिनी

कक्षामा बालमैत्री शासनयुक्त नगरपालिकाका विषयमा शिक्षक र विद्यार्थीका बिचमा कुराकानी चलेको छ । विद्यार्थीका समस्या शिक्षकले समाधान गरिदिनुभएको छ । हामी पनि शिक्षक र विद्यार्थीका बिचका कुराकानी सुनी बालमैत्री सुशासनयुक्त नगरपालिका जैमिनीका बारेमा बुझौँ :



सुमन : अनिता, आज हाम्रो स्थानीय विषयको कक्षामा के विषय पढाइ हुँदै छ ?

अनिता : आज त शिक्षकले हाम्रो जैमिनी नगरपालिका बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका बनेको विषयमा पढाउनुहुन्छ रे ।

सुमन : बालमैत्री स्थानीय शासन भनेको के हो त ? मलाई राम्रोसँग थाहा छैन ।

अनिता : मलाई पनि धेरै जानकारी छैन । शिक्षकले बताउनुहुन्छ ।

(कक्षा सुरु हुन्छ ।)

शिक्षक : नमस्कार। आज हामी **बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका : हाम्रो जैमिनी** विषयमा छलफल गर्ने छौँ।

विद्यार्थीहरू : नमस्कार गुरु।

शिक्षक : बालबालिका देशका भविष्य हुन्। उनीहरूको सुरक्षा, शिक्षा, स्वास्थ्य, विकास र सहभागितालाई सुनिश्चित गर्ने व्यवस्था भएको स्थानीय शासन प्रणालीलाई बालमैत्री स्थानीय शासन भनिन्छ।

सुमन : बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका भनेको कस्तो नगरपालिका हो ?

शिक्षक : बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बालसहभागिता जस्ता बाल अधिकारका विषयलाई नगरपालिकाको नीति, योजना, संरचना र कार्यप्रणालीमा समेटिएको नगरपालिका नै बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका हो।

अनिता : यसका लागि कुनै कानुनी व्यवस्था पनि छ कि छैन ?



शिक्षक : छ किन नहुनु नि। बालमैत्री स्थानीय शासनका लागि अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनहरू रहेका छन्। बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि सन् १९८९, नेपालको संविधान वि.सं. २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, बाल अधिकारसम्बन्धी ऐन २०७५ र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ यसका प्रमुख आधार हुन्।

सुमन : जैमिनी नगरपालिका कसरी बालमैत्री नगरपालिका बन्यो ?

शिक्षक : जैमिनी नगरपालिकाले बालबालिकाको अधिकार संरक्षण र विकासका लागि विशेष अभियान सञ्चालन गर्‍यो । वि.सं. २०८० जेठ १९ गतेदेखि सुरु भएको अभियानमा सबैको सहभागिता रहयो। विभिन्न काम पूरा गर्दै जैमिनी नगरपालिका वि.सं. २०८३ जेठ १९ गते बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा भयो।

अनिता : बालमैत्री नगरपालिका घोषणा हुनका लागि के के पूरा गर्नुपर्छ ?

शिक्षक : बालमैत्री नगरपालिका घोषणा हुनका लागि तोकिएका ५१ ओटा सूचक पूरा गर्नुपर्छ। ती सूचकमा बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण, सुरक्षा, संरक्षण र सहभागिता जस्ता विषय समेटिएका हुन्छन्।

सुमन : बालमैत्री नगरपालिकामा कस्ता समस्या हटाउन प्रयास गरिन्छ ?

शिक्षक : बालमैत्री नगरपालिकामा बाल विवाह, बालश्रम, बाल हिंसा, बाल दुर्व्यवहार, बाल निरक्षरता र भेदभाव जस्ता समस्या हटाउन प्रयास गरिन्छ। यस्ता समस्या देखिएमा वडा बाल सञ्जाल, नगर बाल सञ्जाल र कानुनी निकायले आवश्यक कदम चाल्छन्।

अनिता : बालबालिकाको सहभागिता भनेको के हो ?

शिक्षक : बालबालिकाको सहभागिता भनेको उनीहरूको विचार, सुझाव र आवश्यकता सुनेर योजना निर्माण र निर्णय प्रक्रियामा सहभागी गराउनु हो । बालबालिकालाई आफ्ना अधिकार र जिम्मेवारीबारे जानकारी दिनु पनि आवश्यक हुन्छ।

सुमन : जैमिनी नगरपालिका बालमैत्री बनाउन कसकसको भूमिका रहेको छ ?

शिक्षक : यो काम केवल नगरपालिकाको मात्र होइन । नगरपालिका, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, राजनीतिक दल, सामाजिक संघसंस्था, गैरसरकारी संस्था, क्लब, आमा समूह र समुदाय सबैको सहयोग रहेको छ।

अनिता : जैमिनी नगरपालिका बालमैत्री बनेपछि के फाइदा भएको छ ?

शिक्षक : यस घोषणाले बालबालिकामा आ  नो अधिकारबारे चेतना बढाएको छ। अभिभावक र समाजमा बाल अधिकारप्रति सजगता आएको छ। शिक्षा, स्वास्थ्य, पोषण र सामाजिक न्यायका क्षेत्रमा सुधार भएको छ।

सुमन : जैमिनी नगरपालिकाको यो उपलब्धिको पहिचान के हो ?

शिक्षक : जैमिनी नगरपालिका देशभरमा ३६ औँ, प्रदेश स्तरमा ५ औँ र जिल्लागत रूपमा तेस्रो बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका बनेको छ।



अनिता : बालमैत्री घोषणा गरेपछि यसको निरन्तरता कसरी कायम गरिन्छ ?

शिक्षक : बालमैत्री अवस्था कायम राख्न नगरपालिकाले अनुगमन संयन्त्र बनाएको छ। नियमित अनुगमन, योजना निर्माण र नीति कार्यान्वयनमार्फत बाल अधिकारको संरक्षण गरिन्छ।

सुमन : अब हामीले पनि बालमैत्री समाज बनाउन के गर्नुपर्छ ?

शिक्षक : सबै बालबालिकालाई सम्मान गर्ने, विद्यालय जाने, सरसफाइमा ध्यान दिने, अरूको अधिकारको सम्मान गर्ने र गलत कामको विरोध गर्ने बानी विकास गर्नुपर्छ।

अनिता : हामीले बुझ्यौँ गुरु। बालमैत्री नगरपालिका भनेको बालबालिकाको राम्रो भविष्य बनाउने सुरक्षित ठाउँ रहेछ।

शिक्षक : ठिक भन्नुभयो। बालबालिकाको अधिकार सुरक्षित भए मात्र समाज सभ्य, समृद्ध र विकसित बन्न सक्छ।

सबै विद्यार्थी : हामी पनि बालमैत्री जैमिनीलाई अझ बालमैत्री बनाउन भूमिका खेल्ने छौँ।

शिक्षक : धेरै राम्रो। यही जिम्मेवारी र सक्रियताले हाम्रो नगरपालिका अझ राम्रो बन्न सक्छ।



## क्रियाकलाप गर्नुहोस् :



### खाली ठाउँ भर्नुहोस् :

(क) बालमैत्री स्थानीय शासनले बालबालिकाको ................ सुनिश्चित गर्छ।

(ख) बालमैत्री नगरपालिकामा बाल विवाह र ................ जस्ता समस्या हटाउने प्रयास गरिन्छ।

(ग) जैमिनी नगरपालिका ...................... सालमा बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा भएको हो।

(घ) बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका ................ सालमा बनेको हो।

(ङ) बालबालिकाको विचारलाई सम्मान गर्नु नै बाल ................ हो।

## ठिक (✓) वा बेठिक (✗) लेख्नुहोस् :

(क) बालमैत्री स्थानीय शासनले बालबालिकाको अधिकारलाई महत्त्व दिन्छ। ( )

(ख) बालमैत्री नगरपालिकामा बालश्रमलाई प्रोत्साहन गरिन्छ। ( )

(ग) बालबालिकाको सहभागिता बालमैत्री शासनको महत्त्वपूर्ण पक्ष हो। ( )

(घ) बालमैत्री नगरपालिका बनाउन सबैको सहयोग आवश्यक पर्दैन। ( )

(ङ) जैमिनी नगरपालिका बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका बनेको छ। ( )

## उत्तर लेख्नुहोस् :

१. बालमैत्री स्थानीय शासन भनेको के हो ?

२. बालमैत्री स्थानीय शासनका चार आधार लेख्नुहोस्।

३. बालमैत्री नगरपालिका बनाउन विद्यालयको भूमिका के हुन्छ ?

४. बालसहभागिता किन आवश्यक हुन्छ ?

५. जैमिनी नगरपालिकालाई बालमैत्री बनाउन कस–कसले सहयोग गरेका छन् ?

## लामो उत्तर लेख्नुहोस् :

१. बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा हुनका लागि पूरा गर्नुपर्ने आधारहरू लेख्नुहोस्।

२. जैमिनी नगरपालिका बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका बन्ने प्रक्रियाको वर्णन गर्नुहोस्।

३. बालमैत्री स्थानीय शासनले समाजमा ल्याउने सकारात्मक परिवर्तनहरू उल्लेख गर्नुहोस्।

## परियोजना कार्य गर्नुहोस् :

तपाईंको विद्यालयलाई बालमैत्री बनाउनका लागि गर्नुपर्ने कुनै पाँच काम के के हुन् ? कापीमा लेखेर कक्षामा देखाउनुहोस्।

टिपोटः